सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ पुस २०८१, मंगलबार (31 Dec 2024, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २५४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ लाजिम्पाटमा जग्गा व्यवसायीको हत्या प्रयास प्रकरण

मनाङेको यस्तो थियो 'कनेक्सन'

घाइते विक्रम लामालाई अस्पतालमा भेट्ने क्रममा मनाङेले भनेका थिए- **मेरो नाम लिएर आक्रमण गर्न सक्छन्, तर कानुनी उपचार गर्न पछि नहट्नु**

(विस्तृत पृष्ठ ३)

२०३० सम्म पूर्ण सरसफाइ सम्भव छ ?




अग्रलेख

● स्नेहा झा

देश खुला दिसामुक्त घोषणा भएको पाँच वर्षपछि पनि शतप्रतिशत घरमा शौचालय नपुग्नु र खुला स्थानमा शौच गर्नेको संख्या शून्य नहुनु चिन्ताको विषय हो

(पृष्ठ ४)

कोरियन विमान दुर्घटना र बर्ड स्ट्राइकको जोखिम



चराको ठक्कर व्यावसायिक उडानमा धेरै विमानले भोग्ने गर्छन्, तर बिरलै मात्र यस्ता ठक्करले गम्भीर दुर्घटना निम्त्याउने विशेषज्ञहरू बताउँछन्

(लेख पृष्ठ ५)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ फैसला कार्यान्वयनमा उदासीनता

एक लाख १८ हजार वर्ष कैद र ३० अर्ब जरिवाना बाँकी, सरकारी बिगो नै दुई अर्ब

शिल्पा कर्ण/नयाँ पत्रिका

१ जिल्ला अदालत काठमाडौंमा फैसला कार्यान्वयन हुनुपर्ने लगतमा रहेको सबैभन्दा पुरानो मुद्दा भ्रष्टाचारसम्बन्धी छ। दयाशंकर प्रधानलाई १ असार ०३८ मा एक हजार ९४५ रुपैयाँ सजाय सुनाइएकोमा हालसम्म असुलउपर नभएको अभिलेख छ। भाइराजा राईलाई पनि भ्रष्टाचार मुद्दामा ४० वर्षअघि तोकिएको सजाय असुलउपर भएको छैन। जिल्ला अदालतको अभिलेखअनुसार २१ असार ०४१ मा उनलाई अदालतले सात महिना १५ दिन कैद सजाय सुनाएको थियो।

२ १७ असार ०४४ कै लागुऔषध मुद्दामा भविलाल पुनले आठ लाख ९९ हजार रुपैयाँभन्दा बढी जरिवाना बुझाएका छैनन्। यसैगरी, चोरी मुद्दामा सन्देश लामालाई भएको कैद र जरिवाना दुवै असुलउपर हुन बाँकी छ। ५ भदौ ०५८ मा ६७ हजार पाँच सय रुपैयाँ जरिवाना भएको छ भने १२ दिन कैद फैसला भएको थियो। अदालतको अभिलेखअनुसार रमेश लामाले कर्तव्य ज्यान मुद्दामा १० महिना २० दिन कैद सजाय भोग्नुपर्नेछ। २७ साउन ०५४ मै फैसला भएको मुद्दामा सजाय भने असुलउपर भएको छैन।

असुलउपर हुन बाँकी यी मुद्दा जिल्ला अदालत काठमाडौंका मात्र हुन्। यस्ता फैसला कार्यान्वयन हुन नसकेका पुराना मुद्दा देशभरकै अदालतमा धेरै भेटिन्छन्। काठमाडौंसँगै मकवानपुर, काभ्रेपलाञ्चोक, स्याङ्जा, भक्तपुर, ललितपुर, झापा, बारा, कैलाली, सर्लाही, सिन्धुपाल्चोकका जिल्ला अदालतबाट असुलउपर हुनुपर्ने सजायको संख्या उल्लेख्य छ। जुन जिल्ला अदालतमा सुरु मुद्दा चलेको हो, माथिल्लो अदालतबाट अन्तिम फैसला भएपछि सोही जिल्लामा असुलउपरका निम्ति लगत पठाइने गरिन्छ।

लगत कट्टाको निर्णयमा कानुनी जटिलता

जिल्ला अदालत काठमाडौंका एक अधिकारी भन्छन्, 'मुद्दा यति पुराना भइसकेका छन् कि सजिलै न फाइल भेटिन्छ, न त मान्छे पहिचान गर्न सकिन्छ।' ती अधिकारीले भनेजस्तै ३ पुसमा जिल्ला अदालत काठमाडौंमा देखियो। प्रहरीले चोरी मुद्दाको फरार प्रतिवादी भनी एक व्यक्तिलाई पक्राउ गरी फैसला कार्यान्वयनका लागि ल्यायो। ०३३ कै घटनामा सजाय सुनाइएका व्यक्ति फरार रहेको दाबी गरिए पनि उनले आफू उक्त व्यक्ति नभएको दाबी गरिरहे।

अदालत प्रशासनले भने तीनपुस्ते खुल्ने गरी वडाबाट सिफारिस ल्याउन भन्यो। आफूले पक्राउ गरेर ल्याएको मान्छे सजाय ठहर भएको होइन भनेर प्रमाणित गर्ने

» पृष्ठ २ मा क्रमशः

■ मुद्दा यति पुराना भइसकेका छन् कि सजिलै न फाइल भेटिन्छ, न त मान्छे पहिचान गर्न सकिन्छ



■ कैद असुल हुनुपर्ने व्यक्ति
१ लाख ६ हजार २६५ जना
(यसमा २५ सय ३८ विदेशी छन्)

■ कैद असुल हुन बाँकी समय
१ लाख १८ हजार ६१३ वर्ष ३ महिना ५ दिन

■ असुल हुन बाँकी जरिवाना
२९ अर्ब ९८ करोड ६२ लाख ९१ हजार ५०९ रुपैयाँ
(जरिवानामध्ये सरकारी बिगो दुई अर्ब १२ करोड २६ लाख ४१ हजार ५३६ रुपैयाँ छ)

■ अपराधीलाई भराउन बाँकी क्षतिपूर्ति
९३ करोड ११ लाख ९१ हजार १३१ रुपैयाँ

फैसला कार्यान्वयनतर्फको निवेदन ३७ हजार ७१८ थान बाँकी छन्

फैसला कार्यान्वयनका लागि सरकारमाथि नै भर पर्ने अवस्था छ

● **बाबुराम दाहाल**, सर्वोच्चको अनुसन्धान तथा योजना महाशाखा प्रमुख



फैसला कार्यान्वयनमा कार्यपालिकाको पनि उत्तिकै भूमिका हुन्छ। फैसला कार्यान्वयन गर्ने न्यायपालिकाको मात्र काम होइन। त्यो मुख्य रूपमा कार्यपालिकाको काम हो, किनकि हामीसँग प्रहरी हुँदैन। हामीसँग अधिकारै नभएको त होइन, तर पर्याप्त बजेट र जनशक्ति छैन। प्रोत्साहनको व्यवस्था भए पनि त्यसमा विभिन्न समस्या छन्। अहिले पनि फैसला कार्यान्वयनका लागि प्रहरीमार्फत नै जानुपर्ने हुन्छ। कहिलेकाहीं सजाय असुलउपर गर्न बल प्रयोग गर्नुपर्ने हुन्छ। तर, भएका न्यायिक प्रहरी पनि अदालतको सुरक्षाका लागि प्रयोग भएका छन्। फैसला कार्यान्वयनका लागि सरकारमाथि नै भर पर्ने अवस्था छ। कसलाई कति कैद वा जरिवाना छ, कति सजाय असुलउपर हुनुपर्ने भन्ने अभिलेख हामीसँग छ। तर, मान्छे कहाँ लुकेको छ, कहाँ कुन सम्पत्तिबाट जरिवाना असुलउपर गर्ने, कसरी पक्राउ गर्नेजस्ता कुरा अदालतबाट हुने होइनन्।

● **फैसला कार्यान्वयन निर्देशनालयका सूचना अधिकारी जनकप्रसाद शर्मा भन्छन्-**



फैसला कार्यान्वयन राज्यको जिम्मेवारी हो, त्यसमा पनि मुख्यतः कार्यपालिकाको। यद्यपि, फैसला कार्यान्वयन निर्देशनालय सर्वोच्चमातहत नै छ। हामीले निवेदनमाथि सम्बन्धित निकायमा ताकेता गर्ने हो। हामीकहाँ सार्वजनिक सरोकारका रिटमाथि भएका फैसला कार्यान्वयनका निवेदन बढी आउँछन्, फौजदारीको खासै आउँदैन। सम्बन्धित जिल्ला अदालत र प्रहरीले नै हेर्छन्।

● **जिल्ला अदालतका फैसला कार्यान्वयन अधिकारी धनबहादुर कार्की धेरै पुराना फैसला कार्यान्वयन नहुनुको कारणबारे भन्छन्-**



पहिलेका मान्छे काम परे मात्र नागरिकता बनाउँथे। प्रहरीले ल्याउँदा पनि फलानो नाम भएको फलानो मान्छे भनेर बोलाउने नाममा ल्याउँथ्यो। मान्छे बसाइँसराइ गरिरहने भएकाले ठ्याक्कै वतन खुल्दैन। विगतमा विभिन्न जिल्ला, गाउँपालिका, वडा टुक्रिएका छन्। यस्तोमा वतन फरक पर्न जान्छ। प्रतिवादीको नाममा मात्र समस्या होइन।

■ पक्की पुल निर्माण अलपत्र, बाँसको पुल तर्न ५० रुपैयाँ शुल्क



झापामा **चिरञ्जीवी घिमिरे**

'देशको विकास' कुन गतिमा छ भनेर झल्काउने प्रतिनिधि दृश्य हो यो। हुलाकी राजमार्गअन्तर्गत झापाका दुई गाउँपालिका गौरीगन्ज र झापा जोड्न कन्काईमाई नदीमाथि पक्की पुल निर्माण थालिएको १३ वर्ष भयो। तर, ठेकेदार कम्पनी महादेव खिम्ती- पप्पु कन्स्ट्रक्सन जेभीले पाँचपटक म्याद थप्दासमेत आधा पनि काम नसकेपछि ०८० असारपछि म्याद थपिएको छैन, काम ठप्प छ। महादेव खिम्ती निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहको हो भने पप्पु कन्स्ट्रक्सन पूर्वसांसद एवं एमाले नेता हरिनारायण रौनियारको हो। पक्की पुलको आशामा वर्षौं बिताएका स्थानीय सोही ठाउँमा बनाइएको बाँसको पुलमा शुल्क तिरेर यात्रा गर्न विवश छन्। गौरीगन्ज गाउँपालिकाले हिउँदमा बाँसको पुल र बर्खामा डुंगा सञ्चालनका लागि स्थानीय ईश्वर माझीलाई दुई लाख ३० हजारमा ठेक्का दिएको छ। माझीले बाँसको पुलबाट मोटरसाइकलमा यात्रा गर्नेलाई ५० र साइकलमा यात्रा गर्नेलाई एकपटकमा २० रुपैयाँ लिन्छन्। (विस्तृत समाचार पृष्ठ ३)

जाडो छल्न बालेको घुरले आठ घर खरानी

मध्यपुसमा त्रिपालमुनि वास

रौतहटमा **अशोक पहाडी**

शीतलहर चलेसँगै जाडो बढेपछि बालिएको घुरको आगोले रौतहटमा आठ घर खरानी भएका छन्। राजदेवी नगरपालिका-५, पताई गाउँको पासवान टोलमा आइतबार मध्यराति आगलागी हुँदा आठ परिवारको वास त्रिपालमुनि भएको छ। मध्यपुसको कठ्याङ्ग्रिने जाडोमा उनीहरू सडकछेउमा त्रिपाल टाँगेर बसेका छन्।

लालबाबु हजराको खरले छाएको घरमा बालेको घुर (आगो) सल्किएर उनीसहित रामनाथ पासवान, रामसोगारथ पासवान, दीपेन्द्र पासवान, विजय पासवान, कान्तिदेवी पासवान, प्रदीप पासवान र सोनारी पासवानको घर पूर्ण रूपमा जलेर नष्ट भएको रौतहट प्रहरी प्रवक्ता डिएसपी दीपककुमार रायले बताए। यस क्षेत्रमा आइतबारबाट शीतलहर चल्नुका साथै दिउँसो पनि घाम नलागेपछि घुर बालिएको

» पृष्ठ २ मा क्रमशः

रहेनन् नेपालको शान्ति प्रक्रियाका सहयोगी कार्टर

नेपालको लोकतन्त्र, शान्ति प्रक्रिया र मानव अधिकारमा निरन्तर समर्थन गरेका अमेरिकी पूर्वराष्ट्रपति जिमी कार्टरको १०० वर्षको उमेरमा निधन


पर्शुराम काफ्ले/नयाँ पत्रिका

जसको नाम ०६२/६३ को दोस्रो जनआन्दोलनपछि नेपालको लोकतन्त्र र शान्ति प्रक्रियाका लागि सहयोगी भूमिका खेलेका कारण नेपालीमाझ प्रिय छ। उनी हुन्- अमेरिकी पूर्वराष्ट्रपति जिमी कार्टर। १०० वर्षको उमेरमा आइतबार राति उनको निधन भएको छ।

अमेरिकाको जर्जियामा १ अक्टोबर १९२४ मा जन्मिएका कार्टर सन् १९७७ देखि १९८१ सम्म अमेरिकाको ३९औं राष्ट्रपति थिए। आफ्नो कार्यकालमा उनले नेपालमा शान्ति, मानव अधिकार, प्रजातान्त्रिक पद्धति तथा जलविद्युत्सहितका विकासबारे चासो राख्ने गरेका थिए। सन् २००७ जुनमा नेपाल आएका कार्टरले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालगायत शीर्ष नेतासँग भेटेका थिए। भेटवार्ताहरूमा कार्टरले नेपालको लोकतान्त्रिक प्रक्रियाका लागि भन्दै महत्त्वपूर्ण तीनबुँदे सुझाव दिएका थिए।

संविधानसभाको निर्वाचनपूर्व अन्तरिम संसद्बाट गणतन्त्र घोषणा गर्न र संविधानसभाको पहिलो बैठकको सामान्य बहुमतले पारित गर्न उनको सुझाव थियो। उनले संविधानसभा निर्वाचनमा आधा पहिलो हुने निर्वाचन प्रणाली र आधा समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्न पनि सुझाव दिएका थिए। त्यस्तै, विगतमा भएका सम्झौता कार्यान्वयनका लागि सात दल र माओवादीसहित सरकारलाई अनुरोध गरेका थिए। जनजाति र मधेशीसहित सीमान्तकृत समूहसँग संवाद प्रक्रिया अघि बढाउन पनि

» पृष्ठ २ मा क्रमशः





सन् २०१३ को दोस्रो संविधानसभा निर्वाचन अनुगमन गर्न नेपाल आएका अमेरिकी पूर्वराष्ट्रपति जिमी कार्टर

■ **नेपाली नेताको नजरमा कार्टर :** राष्ट्रपति रामचन्द्र पौडेलले मानव अधिकार तथा शान्तिका लागि कार्टरको योगदान विश्वकै लागि प्रेरणा रहने भन्दै कार्टरलाई सम्झिएका छन्। प्रधानमन्त्री केपी ओलीले मानव अधिकार र शान्तिका लागि समर्पित मानवतावादी विरासत छाडेर गएको उल्लेख गर्दै कार्टरलाई सम्झिएका छन्। पूर्वप्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाले कार्टरलाई दूरदर्शी नेता, शान्तिका खेलाडी तथा मानव अधिकार र विकासका अविराम वक्ताका रूपमा सम्झिए। त्यस्तै, पूर्वप्रधानमन्त्री एवं माओवादी अध्यक्ष प्रचण्डले नोबेल शान्ति पुरस्कार विजेता कार्टरलाई नेपालका असल मित्र भन्दै उनको निधनप्रति समवेदना जनाएका छन्।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले कार्टरसँग तीनपटक नेपालमा भेटवार्ता गरेको स्मरण गरे। 'हामी शान्ति प्रक्रियामा आएपछि उहाँ नेपाल आउँदा ०६४ चैतमा चुनावअघि भेट भयो। त्यसवेला अमेरिकाले माओवादीलाई आतंककारी सूचीमा राखेको थियो। त्यो हटाउन प्रयास गर्छु भन्ने आश्वासन दिनुभयो,' प्रचण्डसहितको उक्त भेटबारे भट्टराईले भने। कार्टरले संविधानसभा चुनावमा माओवादीको कति सिट आउने सम्भावना छ भनेर सोधेका थिए। 'मैले सबैभन्दा ठुलो पार्टी हुन्छौं भनेको थिएँ,' भट्टराईले सुनाए, 'चुनावपछि आउँदा तपाईंले सही भविष्यवाणी गर्नुभो, कसैले पनि मलाई यत्तिको सही भविष्यवाणी सुनाएको थिएन भन्नुभएको म सम्झिरहेको छु।'

माधवसँग मिल्न वामदेवका दुई सर्त

आफूलाई सक्रिय भूमिका दिनुपर्ने र संसदीय व्यवस्थाको विकल्प खोज्ने विषयमा छलफल चलाउनुपर्ने



नयाँ पत्रिका

पार्टीबाट राजीनामा दिएर पार्टी एकता राष्ट्रिय अभियान सञ्चालन गर्दै आएका एमालेका पूर्ववरिष्ठ उपाध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री वामदेव गौतमले पार्टी एकताका लागि एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग दुई सर्त राखेका छन्। एकीकृत समाजवादीको केन्द्रीय कार्यालय आलोकनगरमा सोमबार करिब एक घण्टा भएको भेटवार्तामा गौतमले आफ्नो सक्रिय भूमिका र संसदीय व्यवस्थाको विकल्प खोज्ने विषयमा छलफल चलाउनुपर्ने सर्त राखेका हुन्।

नेपालसँग समय लिएर आलोकनगर पुगेका गौतमले सुरुमा एकीकृत समाजवादीमा सक्रिय भूमिकाको प्रस्ताव गरे। 'मैले कसरी काम गर्न चाहन्छु भनेर

» पृष्ठ २ मा क्रमशः

पार्टी बनाउन रावलले थाले छलफल



बुधबार पत्रकार सम्मेलन गरेर आफ्नो आगामी कदम सार्वजनिक गर्ने तयारीमा रहेका एमाले पूर्वउपाध्यक्ष भीम रावलले गैरकम्युनिस्ट पार्टी बनाउने संकेत दिएका छन्। नयाँ पार्टी गठन गर्ने विषयमा रावलले छलफल अघि बढाएका छन्। काठमाडौंमा उपलब्ध नेताहरूसँग भेटघाट बाक्लो बनाएका रावलले सोमबार सुदूरपश्चिमका नेताहरू कर्ण मल्ल र डा. तारा जोशीसँग छलफल गरेका छन्।

रहेनन् नेपालको...

पृष्ठ १ बाट क्रमशः

उनको सुझाव थियो । राष्ट्रपति रामचन्द्र पौडेलले मानव अधिकार तथा शान्तिका लागि कार्टरको योगदान विश्वकै लागि प्रेरणा रहने भन्दै कार्टरलाई सम्झिएका छन् । प्रधानमन्त्री केपी ओलीले मानव अधिकार र शान्तिका लागि समर्पित मानवतावादी विरासत छाडेर गएको उल्लेख गर्दै कार्टरलाई सम्झिएका छन् । पूर्वप्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाले कार्टरलाई दूरदर्शी नेता, शान्तिका खेलाडी तथा मानव अधिकार र विकासका अविराम वक्ताका रूपमा सम्झिए । त्यस्तै, पूर्वप्रधानमन्त्री एवं माओवादी अध्यक्ष प्रचण्डले नोबेल शान्ति पुरस्कार विजेता कार्टरलाई नेपालका असल मित्र भन्दै उनको निधनप्रति समवेदना जनाएका छन् ।

पूर्वप्रधानमन्त्री एवं नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष डा. बाबुराम भट्टराईले तीनपटक नेपालमा कार्टरसँग भेटवार्ता गरेको स्मरण गरे । 'हामी शान्ति प्रक्रियामा आएपछि उहाँ नेपाल आउँदा ०६४ चैतमा चुनावअघि भेट भयो । त्यसवेला अमेरिकाले माओवादीलाई आतंककारी सूचीमा राखेको थियो । त्यो हटाउन प्रयास गर्छु भन्ने आश्वासन उहाँले दिनुभयो,' प्रचण्डसहितको उक्त भेटबारे भट्टराईले भने । कार्टरले संविधानसभा चुनावमा माओवादीको कति सिट आउने सम्भावना छ भनेर सोधेका थिए । 'मैले सबैभन्दा ठुलो पार्टी हुन्छौं भनेको थिएँ,' भट्टराईले सुनाए, 'चुनावपछि आउँदा तपाईंले सही भविष्यवाणी गर्नुभो, कसैले पनि मलाई यत्तिको सही भविष्यवाणी सुनाएको थिएन भन्नुभएको म सम्झिरहेको छु ।' नेपालको शान्ति प्रक्रिया, लोकतन्त्र र मानव अधिकारप्रति चासो राख्ने सम्मानित व्यक्तिका रूपमा उनले कार्टरलाई सम्झेका छन् । संविधानसभाको पहिलो निर्वाचन सम्पन्न नहुँदै कार्टरले निर्वाचन निष्पक्ष रहेको भनेर दिएको अभिव्यक्तिको आलोचना भएको थियो ।

कार्टर राष्ट्रपति रहेका वेला अमेरिकाका लागि नेपाली राजदूत रहेका पूर्वपरराष्ट्रमन्त्री डा. भेषबहादुर थापाले कार्टरसँग पटक-पटक भेट्ने मौका पाएको बताए । 'उहाँ राष्ट्रपति भएपछि अमेरिकाको विदेश नीतिमा परिवर्तन आयो । उहाँले शान्ति र मानव अधिकारलाई प्रमुख एजेन्डा बनाउनुभयो र त्यस आधारमा उहाँले वैदेशिक सम्बन्ध सञ्चालन गर्नुभयो,' थापाले भने, 'भलाद्मी, सज्जन, विश्वशान्तिको एजेन्डा बनाएर शीतयुद्धको तनावमा कमी गराउन उहाँको योगदान रह्यो ।'

थापाले ओहोदाको प्रमाणपत्र कार्टरसमक्ष ह्वाइटहाउसमा पेस गरेका थिए । थापा कार्टरको गृहक्षेत्र एट्लान्टा गएर सँगै हिँडेको पनि सम्झिन्छन् । 'त्यसवेला मैले भेट्दा नेपालप्रति उहाँको सद्भाव पाएको थिएँ,' उनले भने, 'कार्टर राष्ट्रपतिबाट बाहिरिएपछि नेपाल आउँदा ठमेलमा रेस्टुरेन्टमा गएर खानुभयो, नाम्चेबजारदेखि कालापत्थरसम्म जानुभयो । म राजदूत रहँदा भ्रमणको समन्वय मैले गरेको थिएँ । त्यो सन् १९८५ अक्टोबरमा थियो ।' त्यसवेला कार्टर राजा वीरेन्द्रले उपलब्ध गराएको हेलिकोप्टरमा नाम्चे पुगेका थिए भने त्यहाँको खुम्बु लजमा एक रात बिताएका थिए ।

राजाको प्रत्यक्ष शासन रहेको त्यसवेला अमेरिकाले मानव अधिकार तथा लोकतान्त्रिक अधिकारका पक्षमा दबाब दिएको थियो । अमेरिकासँग सम्बन्ध व्यवस्थापन गर्न राजा वीरेन्द्रले आफूलाई राजदूतका रूपमा पठाएको थापा बताउँछन् । उनका अनुसार राष्ट्रपति पदबाट बिदा हुनुअघि कार्टरले राजा वीरेन्द्रलाई चिठी लेखेर मानव अधिकारको क्षेत्रमा प्रगति गरेको भन्दै सराहना गरेका थिए । 'नेपालसहित २० मुलुकलाई मानव अधिकारमा सुधार आएको भनेर कार्टरले पद छाड्ने वेलामा चिठी लेखेका रहेछन् । कार्टरका राष्ट्रिय सुरक्षा सल्लाहकार ब्रेजिन्स्कीले मलाई यो कुरा भनेका थिए,' पूर्वपरराष्ट्रमन्त्री थापाले सुनाए ।

पूर्वपरराष्ट्रमन्त्री डा. प्रकाशचन्द्र लोहनी कार्टरलाई शताब्दीको मानवतावादी व्यक्तित्वका रूपमा लिन्छन् । 'अमेरिकाले सबैसँग मिलेर शान्तिका लागि काम गर्ने प्रयास उहाँको पालामा गऱ्यो, नेपालको शान्ति प्रक्रियामा उहाँको चासो र सहयोग रह्यो । मैले उहाँसँग भेट्ने अवसर पाएँ,' लोहनीले भने ।

कार्टरले तत्कालीन राजा वीरेन्द्रलाई सन् १९७८ मा लेखेको चिठीमा नेपालको जलस्रोतको क्षेत्रीय विकास गर्ने राजाको प्रस्तावलाई समर्थन गर्दै कर्णाली नदी बेसिनको सम्भाव्यता अध्ययन गर्ने प्रस्तावलाई पनि स्वागत गरेका थिए ।

तत्कालीन समयमा कांग्रेसले अमेरिकी राजदूतावासमार्फत



कार्टर प्रशासनसँग सम्बन्ध बढाएको थियो । नेता गिरिजाप्रसाद कोइरालामार्फत बिपी कोइरालाको सन्देश कार्टरकहाँ पुग्थ्यो भने नेपालस्थित अमेरिकी राजदूतमार्फत कार्टरको सन्देश कोइरालाकहाँ पुग्ने गरेको विकिलिक्सले प्रकाशित गरेका दस्ताबेजहरूमा उल्लेख छ ।

मध्यपूर्वमा शान्तिसम्झौता, चीनसँग सम्बन्ध सुधार

कार्टर नै पहिलो अमेरिकी राष्ट्रपति थिए जसले जलवायु परिवर्तनको एजेन्डालाई अघि बढाएका थिए । उनको पालामा इजिप्ट र इजरायलबिच शान्तिसम्झौता र सन्धि भयो जसलाई क्याम्प डेभिड सम्झौता भनिन्छ । पश्चिम एसिया (मध्यपूर्व) को शान्तिका लागि उनको कार्य निकै महत्त्वपूर्ण थियो । कार्टर राष्ट्रपति भएको १४ महिनामा अथक प्रयासपछि सन् १९७८ सेप्टेम्बर १७ मा इजरायल र इजिप्टबिच शान्तिसम्झौता भएको थियो । इजिप्टका नेता अनवर सदात र इजरायली नेता मेनाचेम बेगिनबिच १९७८ सेप्टेम्बर ५ देखि १७ सम्म लगातार १३ दिन क्याम्प डेभिडमा वार्तापछि सम्झौता भएको थियो । मध्यपूर्वको शान्तिका लागि फ्रेमवर्क तथा इजिप्ट र इजरायलबिच शान्ति सन्धि टुंग्याउने सम्झौता गरी दुईवटा सम्झौता भएका थिए । इजिप्ट र इजरायलबिच शान्ति सन्धि भने १९७९ मार्चमा भएको थियो ।

एक वर्षपछि दुई देशबिच सन्धि कार्यान्वयनमा आयो र सम्बन्ध सामान्यीकरणतर्फ अघि बढ्यो । तर, सम्झौताको दुई वर्षपछि सन् १९८१ अक्टोबर ६ मा कायरोमा आयोजित विजय दिवसका दिन इजिप्टका प्रधानमन्त्री सदात इस्लामिक अतिवादी समूहबाट मारिएका थिए ।

कार्टरले सन् २००२ मा नोबेल शान्ति पुरस्कार पाएका थिए । अमेरिकी राष्ट्रपति थियोडोर रुजवेल्ट र युद्धो विल्सनपछि नोबेल शान्ति पुरस्कार जित्ने उनी तेस्रो अमेरिकी राष्ट्रपति हुन् । तर, उनलाई राष्ट्रपतिबाट हटेपछिको कामका लागि यो पुरस्कार प्रदान गरिएको थियो । नोबेल पुरस्कार पाएपछि सम्बोधनका क्रममा उनले विश्वको सबैभन्दा गम्भीर समस्या पृथ्वीका धनी र गरिबबिचको बढ्दो खाडल रहेको बताएका थिए । उनले शान्ति र मानव अधिकारका पक्षमा काम गर्न दक्षिण अफ्रिकी नेता नेल्सन मण्डेलाको पनि सहभागितामा द एल्डर्स नामक मञ्च स्थापना गरेका थिए ।

कार्टरले पानामा क्यानल पानामालाई फिर्ता दिएका थिए । वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्प उक्त क्यानल (नहर) अमेरिकाले फिर्ता लिने घोषणा गरेर विवादमा आएका छन् । उनले तत्कालीन सोभियत नेता ब्रेजभेभसँग 'साल्ट सेकेन्ड न्युक्लियर आर्म्स रिडक्सन ट्रिटी' गरेका थिए । सन् १९७८ मा इरानको इस्लामिक क्रान्तिताका इस्लामिक विद्यार्थी समूहको बन्धकमा परेका ५३ अमेरिकी कूटनीतिक कर्मचारी र नागरिकलाई मुक्त गर्ने उनको असक्षमताप्रति अमेरिकामा विरोध भएको थियो । उनले इस्लामिक क्रान्तिमा संलग्नहरूले बन्धक बनाउने कार्यको निन्दा गरेका थिए र आतंककारी तथा अतिवादी कार्यको संज्ञा दिएका थिए । बन्धकहरूलाई इरानले सन् १९८१ मा रोनाल्ड रेगन राष्ट्रपति भएपछि मात्रै औपचारिक रूपमा रिहा गरेका थिए ।

कार्टरकै पालामा चीन र अमेरिकाबिच अधिल्लो सरकारका पालामा भएको सम्बन्ध सुधारले गति लिएको थियो । दुवै देशले एक-अर्कोमा राजदूतावास स्थापना गर्ने र व्यापार सम्बन्ध अघि बढाउने सहमति गरेका थिए । सन् १९७८ डिसेम्बर १५ मा कार्टरले ताइवानसँगको कूटनीतिक सम्बन्ध अन्त्य गर्ने र चीनसँग कूटनीतिक सम्बन्ध अघि बढाउने घोषणा गरे । उनले ताइपेईलाई मान्यता नदिने र बेइजिङलाई समग्र चीनको सरकारका रूपमा मान्यता दिने घोषणा पूर्ववर्ती सरकारका पालामा भएको शीर्ष समझदारीको निरन्तरता थियो । जसको आधारशिला उनको पूर्ववर्ती सरकारका विदेशमन्त्री हेनरी किसिन्जरले बनाएका थिए । सन् १९७९ जनवरी १ मा दुवै देशले एक-अर्को देशमा राजदूतावास स्थापना गर्ने घोषणा गरे । जनवरी ३० मा चिनियाँ नेता देङ सियाओ पिङले अमेरिका भ्रमण गरेर कार्टरसँग भेटवार्ता गरेका थिए । चिनियाँ कम्युनिस्ट पार्टीले सत्ता लिएपछि चिनियाँ शीर्ष नेताको त्यो पहिलो अमेरिका यात्रा थियो ।

राष्ट्रपतिका लागि सन् १९८० मा निर्वाचन हारेपछि उनले शान्ति र मानव अधिकारका लागि आफूलाई आजीवन समर्पित गरेका थिए । कार्टर सेन्टरमार्फत उनले काम गरेका थिए । नेपालमा पनि सन् २००४ मा कार्टर सेन्टर स्थापना भएको थियो ।

पार्टी बनाउन रावलले थाले छलफल

काठमाडौं / एमालेका पूर्वउपाध्यक्ष भीम रावलले गैरकम्युनिस्ट पार्टी बनाउने भएका छन् । नयाँ पार्टी गठन गर्ने विषयमा रावलले छलफल अघि बढाएका छन् । रावलले काठमाडौंमा उपलब्ध नेताहरूसँग छलफल बाक्लो बनाएका छन् । रावलले सोमबार सुदूरपश्चिमका नेताहरू कर्ण मल्ल र डा. तारा जोशीसँग छलफल गरेका छन् ।

कम्युनिस्ट, कांग्रेस र पार्टीमा कतै आबद्ध नभएको शक्तिलाई आबद्ध गराएर नयाँ पार्टी गठनको गृहकार्यमा रावल छन् । देशभक्त पार्टी बनाउने रावलको दाबी छ । त्यही क्रममा कांग्रेस डडेल्धुराका पूर्वनेता मल्ल र सुदूरपश्चिमका प्रदेश सभा सदस्य डा. जोशीसँग भेटवार्ता भएको हो । 'कर्ण मल्लले भीम रावललाई भेट्न जाऔं भन्नुभयो । भेटौं न त भनेर म पनि गएँ । उहाँ (रावल)ले सशक्त मुभमेन्टको आवश्यकता औंल्याउनुभयो,' रावलसँगको भेटपछि डा. जोशीले नयाँ पत्रिकासँग भने, 'त्यो अर्को पार्टी बनाउने कुरा थियो । उहाँले पार्टीको नाम कम्युनिस्ट राख्नुपर्छ भन्ने जरुरी छैन भन्नुभयो । मैले शुभकामना छ भनें ।'

डा. जोशीले पार्टी बनाउने मात्र भन्दा अहिलेको समस्या के हो र यसको समाधान कसरी गर्ने भन्ने महत्त्वपूर्ण हुने बताए । आफूले नयाँ पार्टीमा जाने वा पुरानै पार्टीमा फर्किने भन्ने विषयमा केही नसोचेको उनले सुनाए ।

पूर्वउपप्रधानमन्त्री, पूर्वरक्षामन्त्री र पूर्वगृहमन्त्रीसमेत रहेका रावलले पछिल्लो राजनीतिक परिस्थिति र सम्भावित भविष्यबारे आगामी बुधबार पत्रकार सम्मेलन गरेर जानकारी गराउने तयारी गरेका छन् । पत्रकार सम्मेलनमा रावलले अवधारणापत्र सार्वजनिक गर्नेछन् ।

त्यसपछि पूर्वबाट देश दौडाहामा निस्कने रावलको तयारी छ । 'चितवनमा अध्यक्ष लडिसकेपछिको सबै विषयवस्तुसहितको अवधारणा सार्वजनिक हुन्छ । त्यसपछि पूर्वबाट देश दौडाहामा जानुहुन्छ,' रावलनिकट एक नेताले भने, 'सबै ठाउँमा भेट गरिसकेपछि नयाँ ढंगले अघि बढ्ने काम हुन्छ । यो अभियानमा एमालेभित्र दबिएका-हेपिएका ठुलो संख्याले साथ दिने विश्वास छ ।'

एमालेको बुधबार बसेको केन्द्रीय सचिवालय बैठकले पूर्वउपाध्यक्ष रावलसहित तीन नेतालाई पार्टी अनुशासन उल्लंघनको आरोपमा कारबाही गरेको हो । एमालेले रावललाई संगठित सदस्यसमेत नरहने गरी तथा स्थायी समिति सदस्य विन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिमिल्सिनालाई ६ महिना पार्टीको जिम्मेवारीबाट निलम्बन गरेको छ ।

एक लाख...

पृष्ठ १ बाट क्रमशः

जिम्मेवारी सम्बन्धित व्यक्तिको हो भने उही व्यक्ति हो भनी किटान गर्ने जिम्मेवारी प्रहरीको हो । तर, निकै पुराना मुद्दा भएकाले सजाय भएको व्यक्ति फरक पर्ने सम्भावना पनि उत्तिकै हुन्छ । 'पहिलेका मान्छे काम परे मात्र नागरिकता बनाउँथे । प्रहरीले ल्याउँदा पनि फलानो नाम भएको फलानो मान्छे भनेर बोलाउने नाममा ल्याउँथ्यो । मान्छे बसाइँसराइ गरिरहने भएकाले ठ्याक्कै वतन खुल्दैन,' जिल्ला अदालतका फैसला कार्यान्वयन अधिकारी धनबहादुर कार्कीले धेरै पुराना फैसला कार्यान्वयन नहुनुको कारणबारे भन्छन्, 'विगतमा विभिन्न जिल्ला, गाउँपालिका, वडा टुक्रिएका छन् । यस्तोमा वतन फरक पर्न जान्छ । प्रतिवादीको नाममा मात्र समस्या होइन ।'

फैसला कार्यान्वयन निर्देशनालयको गत कात्तिक मसान्तसम्मको अभिलेखअनुसार कैद असुल हुन बाँकी व्यक्ति एक लाख ६ हजार २६५ (यसमा दुई हजार ५३८ विदेशी) जना छन् । कैद असुल हुन बाँकी वर्ष एक लाख १८ हजार ६१३ वर्ष तीन महिना पाँच दिन छ भने जरिवाना २९ अर्ब ९८ करोड ६२ लाख ९१ हजार ५०९ रुपैयाँ बाँकी छ । यसमा सरकारी बिगो दुई अर्ब १२ करोड २६ लाख ४१ हजार ५३६ रुपैयाँ छ । अपराधपीडितलाई भराउन बाँकी क्षतिपूर्ति ९३ करोड ११ लाख ९१ हजार १३१ रुपैयाँ छ । र, फैसला कार्यान्वयनतर्फको निवेदन ३७ हजार ७१८ थान बाँकी छन् ।

न्यून जरिवाना तथा कैद भएका मुद्दामा समेत सजाय असुलउपर हुन सकेको छैन । १ असार ०६७ मा जिल्ला अदालतबाटै सरकारी छाप दस्तखत किर्ते मुद्दामा फैसला भएको छ । यसको प्रतिवादी थिए पवनकुमार भुजेल । उनलाई ११ महिना १६ दिन कैद तथा ५० रुपैयाँ जरिवाना हुने सजाय सुनाइएको थियो ।

यी यस्ता मुद्दासमेत जिल्ला अदालत काठमाडौंमा फैसला कार्यान्वयनका ४३ हजार सजायको लगत रहेको कार्कीले बताए । 'यति पुराना मुद्दा छन् कि कतिपय मुद्दामा प्रतिवादीको उमेर हेर्दा त ती मान्छेको मृत्यु भइसकेको जस्तो पनि देखिन्छ,' जिल्ला अदालतका ती अधिकारी भन्छन्, 'निकै कम जरिवाना भएका, केही दिन मात्र सजाय भएका मुद्दा पनि छन् ।'

वडा, नगरपालिका वा गाउँपालिका र जिल्ला नै टुक्रिएको अवस्था छ । ती सबै अदालती कागजातमा र कर्मचारी अपडेटेड छैनन् । त्यसैले मान्छे फेला पार्न मुस्किल छ । सर्वोच्च अदालतसँग कुल कति मुद्दामा कति सजाय असुलउपर हुन बाँकी धछ भन्ने तथ्यांक छैन ।

अञ्चल र क्षेत्रीय अदालत हुँदाका कागजात पनि काठमाडौं जिल्ला अदालतमा छन् । यस्तोमा वतन परिवर्तन हुने गरेकाले प्रतिवादी ठम्याउनै गाह्रो हुने अनुभव प्रहरीको छ । 'देवानी मुद्दामा फैसला कार्यान्वयनमा पक्षहरूकै सक्रियता बढी हुन्छ । तर, फौजदारी मुद्दामा असुलउपर हुन कठिनाइ हुन्छ,' कार्की भन्छन् ।

फैसला कार्यान्वयन राज्यको जिम्मेवारी हो, त्यसमा पनि मुख्यतः कार्यपालिकाको । यद्यपि, फैसला कार्यान्वयन निर्देशनालय सर्वोच्चमातहत नै छ । 'तर, हामीले यहाँ आएका निवेदनमाथि सम्बन्धित निकायमा ताकेता गर्ने हो । हामीकहाँ सार्वजनिक सरोकारका रिटमाथि भएका फैसला कार्यान्वयनका निवेदन बढी आउँछन्,' निर्देशनालयका सूचना अधिकारी जनकप्रसाद शर्मा भन्छन्, 'फौजदारीको खासै आउँदैन । सम्बन्धित जिल्ला अदालत र प्रहरीले नै हेर्छन् ।'

सर्वोच्चको अनुसन्धान तथा योजना महाशाखा प्रमुख बाबुराम दाहाल फैसला कार्यान्वयनमा कार्यपालिकाको पनि उत्तिकै भूमिका हुने बताउँछन् । 'फैसला कार्यान्वयन गर्ने न्यायपालिकाको मात्र काम होइन । त्यो मुख्य रूपमा कार्यपालिकाको काम हो, किनकि हामीसँग प्रहरी हुँदैन । हामीसँग अधिकारै नभएको त होइन, तर पर्याप्त बजेट र जनशक्ति छैन । प्रोत्साहनको व्यवस्था भए पनि त्यसमा विभिन्न समस्या छन् । अहिले पनि फैसला कार्यान्वयनका लागि प्रहरीमार्फत नै जानुपर्ने हुन्छ । कहिलेकाहीं सजाय असुलउपर गर्न बल प्रयोग गर्नुपर्ने हुन्छ,' उनी भन्छन्, 'तर, भएका न्यायिक प्रहरी पनि अदालतको सुरक्षाका लागि प्रयोग भएका छन् । फैसला कार्यान्वयनका लागि सरकारमाथि नै भर पर्ने अवस्था छ । कसलाई कति कैद वा जरिवाना छ, कति सजाय असुलउपर हुनुपर्ने भन्ने अभिलेख हामीसँग छ । तर, मान्छे कहाँ लुकेको छ, कहाँ कुन सम्पत्तिबाट जरिवाना असुलउपर गर्ने, कसरी पत्राउ गर्नेजस्ता कुरा अदालतबाट हुने होइनन् ।'

फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन कानुनमै परिमार्जन हुनुपर्ने न्यायपालिकाको निष्कर्ष छ । सर्वोच्च अदालतले आफ्नो पाँचौं पञ्चवर्षीय रणनीतिक योजनामा कैद, जरिवाना र सरकारी बिगो असुलीको जिम्मेवारी संघ, प्रदेश र स्थानीय सरकारलाई दिने गरी कानुनमा आवश्यक परिमार्जन गर्नुपर्ने ठहर न्यायपालिकाको छ ।

सर्वोच्च अदालतले आफ्नो पाँचौं पञ्चवर्षीय रणनीतिक योजनामा मुख्य रजिस्ट्रार र फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक तथा उच्चको हकमा रजिस्ट्रारलाई फैसला कार्यान्वयनको जिम्मेवारी दिएको छ । सार्वजनिक सरोकारका विवाद र अन्य रिट-निवेदन उच्च तथा सर्वोच्चबाट किनारा भएपछि आदेशमा उल्लिखित अवधिभित्र अन्यथा एक वर्षभित्र फैसला कार्यान्वयन गर्ने लक्ष्य लिएको छ ।

०८१ देखि ०८६ का लागि तयार योजनाअनुसार देवानी तथा फौजदारी मुद्दामा पनि फैसला अन्तिम भएपछि फैसला कार्यान्वयनका लागि पक्ष उपस्थित भएको ६ महिनाभित्र फर्स्योट गर्ने लक्ष्य न्यायपालिकाको छ । निजी बिगो र क्षतिपूर्ति सम्बन्धमा पनि सोही अवधिमा तहसिलदार वा फैसला कार्यान्वयन अधिकारीले टुंग्याउनुपर्ने योजनामा छ ।

सर्वोच्चकै रणनीतिक योजनामा ०७६ देखि ०८१ को असार अन्तिमसम्म देवानी मुद्दाको फैसला कार्यान्वयनसम्बन्धी निवेदन वा अन्तिम कायम भएको लगत ६ महिनाभित्र फर्स्योट गर्ने लक्ष्य थियो । एक लाख ५१ हजारभन्दा बढी लक्ष्य लिइएकोमा केवल यसको १३.५८ प्रतिशत मात्र प्रगति भएको देखिएको थियो ।

२५ सय ३८ जना विदेशीबाट असुल गर्नुपर्ने सजाय बाँकी

भारतका गौतम थापा भन्ने गौतम विश्वास ठाकुरलाई २० फागुन ०५९ मा जिल्ला अदालतले ११ महिना दुई दिन कैद सुनाएको थियो । पाकिस्तानका सुधीर भनिने व्यक्तिलाई विदेशी विनियम कसुरमा चार लाख ३५ हजार पाँच सय रुपैयाँ जरिवाना तोकिएको थियो । यी दुवैले सजाय भुक्तान नगरेको अभिलेख छ ।

फैसला कार्यान्वयन निर्देशनालयका अनुसार कात्तिक मसान्तसम्म दुई हजार ५३८ जना विदेशीबाट असुल गर्नुपर्ने सजाय पनि छ । विशेषगरी भारतका नागरिक रहेको जिल्ला अदालतको अभिलेख छ । ठुला र गम्भीर कसुरमा पत्राउ परेकालाई थुनामै पठाउने अभ्यास भएकाले त्यस्ता गम्भीर घटनाका कसुरदार भने फरार छैनन् ।

कतिपय निर्माणमा भएका भ्रष्टाचार वा विदेशी ठेकेदार प्रतिवादी रहेका मुद्दामा विदेशी नागरिक प्रतिवादी हुन्छन् । उनीहरू अदालतमा जवाफ दिनसमेत उपस्थित नहुने गरेको, तर सजाय पाएपछि उनीहरूको सजाय पनि असुलउपर हुन बाँकीमै गणना हुने गरेको अदालतका कर्मचारीको अनुभव छ ।

लगत कट्टाको निर्णयमा कानुनी जटिलता

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १६० (२) मा कैद नभोगेका, सजाय छुट नपाएका वा अन्य कानुनमा उल्लिखित तरिकाबाट सजाय भुक्तान नगरेकाको लगत कट्टा गर्न सकिने व्यवस्था छ । पाँच अवस्थामा सजायको लगत कट्टा गर्न सकिन्छ । जन्मकैद सजाय भएकोमा ५० वर्षमा, १० वर्षभन्दा बढी कैद तोकिएकोमा ४० वर्ष, पाँच वर्षभन्दा बढी र १० वर्षसम्म कैद सजाय भएकोमा निजको हकमा खडा भएको कैदको लगत कट्टा गर्नुपर्ने प्रावधान छ । यसैगरी एक वर्षभन्दा बढी पाँच वर्षसम्म कैद सजाय भएकोमा २० वर्ष र एक वर्षसम्मको कैद सजाय पाएकोको हकमा १२ वर्षभित्र कैदको लगत कट्टा गर्नुपर्ने प्रावधान छ ।

तर, लगत्तैको १६० (३) मा 'उपदफा (२) बमोजिम लगत कट्टा भएको व्यक्ति त्यस्तो अवधि भुक्तान भएपछि फेला परेमा अदालतले निजको हकमा लगत कट्टा नभएसरह फैसला कार्यान्वयन गर्नुपर्ने' व्यवस्था छ । यसै व्यवस्थाका कारण लगत बढ्दै गएको र ५० वर्षभन्दा पुराना घटनाको सजायको लगत कट्टा नभएको जिल्ला अदालतका फैसला कर्यान्वयन अधिकारी कार्कीको भनाइ छ ।

माधवसँग...

पृष्ठ १ बाट क्रमशः

उहाँसँग भनैं । मान होइन, काम गर्ने पद चाहिन्छ भनैं । मेरो अनुरोध पूरै सक्रिय भएर लाग्छु भन्ने हो । यत्रो ठुलो संरचना परिचालन गर्दा शक्ति आर्जन हुन्छ,' गौतमले नयाँ पत्रिकासँग भने, 'राष्ट्रव्यापी संयत्र छ, केन्द्रीय सदस्यलाई होलटाइमर बनाएर देशव्यापी खटाउने हो भने ठुलो पार्टी बनाउन सकिन्छ ।'

जवाफमा नेपालले 'तपाईंलाई वरिष्ठ नेता दिने कुरा छ' भने । गौतमले 'काम गर्ने वरिष्ठ चाहिन्छ, मान खाने होइन' भने । नेपालले सम्मानित नेता बन्ने त ? भन्ने प्रश्नमा गौतमले भने, 'त्यो चाहिँदैन ।'

त्यसपछि दोस्रो विषयमा प्रवेश गरेका गौतमले संसदीय व्यवस्था असफल भएको निष्कर्ष सुनाउँदै प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको पक्षमा पार्टी उभिनुपर्ने सुझाए । 'सानातिना विषयले जनता आकर्षित हुँदैनन् । हामीले अन्तर्राष्ट्रिय विषय बन्ने गरी आन्दोलन अगाडि बढाउनुपर्छ,' गौतमले भेटमा भने, 'संसदीय व्यवस्था असफल भयो, प्रत्यक्ष निर्वाचित राष्ट्रपति बनाऔं । पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपनाऔं । र, सामूहिक उत्पादन प्रणालीमा जाऔं ।'

नेपालले राष्ट्रपति प्रणाली पनि देखिएको भन्दै 'राष्ट्रपति राष्ट्रघाती भयो भने के हुन्छ ? भन्ने प्रश्न गरेका थिए । गौतमले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको विषय तत्काल एजेन्डा नबने पनि पार्टी बैठकमा विषय राख्न पाउनुपर्ने बताएका छन् । 'मैले कुरा राख्न पाउनुपर्छ । केन्द्रीय कमिटी, प्रदेश कमिटी, जिल्ला कमिटीमा विषय राख्न पाउनुपर्छ भन्ने हो,' गौतमले भने ।

गौतमसँग राम्रै कुराकानी भएको नेपालले बताए । 'उहाँ आउनुभएको थियो, राम्रै कुराकानी भयो,' नेपालले नयाँ पत्रिकासँग भने, 'हामी फेरि थप छलफल गर्छौं ।'

बैठकपछि पुराना संस्मरण पुनर्जीवित गरिएको बताए । 'नयाँ आकाशतर्फ फेरि हिँड्नुपर्छ भन्ने पनि कुरा भयो । र, आजलाई स्थगित भयो । एकीकृत समाजवादीमा आउने सम्भावना छँदै छ,' गौतमले भने ।

सचिवालयका नेतासहित गौतमसँग अर्को छलफल गर्ने नेपालको तयारी छ । एकीकृत समाजवादीका नेताहरूको कार्यविभाजन भइसकेकाले गौतमसहितका 'पार्टी एकता राष्ट्रिय अभियान'का नेताहरूको व्यवस्थापन चुनौतीपूर्ण छ ।

एमालेबाट राजीनामा दिएर गौतमले पार्टी एकता राष्ट्रिय अभियान सञ्चालन गर्दै आएका छन् । अभियानमा अध्यक्ष एक, उपाध्यक्ष सात, महासचिव एक, उपमहासचिव एक, सचिव एक, कोषाध्यक्ष एकसहित ८९ सदस्यीय केन्द्रीय कमिटी छ ।

राहदानी हरायो

मिति २०८१/८/२९ गते बालाजुबाट म्हेपीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरीचौकी अथवा निम्न ठेगानामा खबर गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

नाम : बसन्त कुमार श्रेष्ठ
ठेगाना : चितवन
राहदानी नं. : PA1439269
सम्पर्क : 9849067557

जाडो छल्न...

पृष्ठ १ बाट क्रमशः

थियो । सोही आगो आइतबार मध्यरात साढे एक बजे घरमा सल्किएको स्थानीय दीपेन्द्र पासवानले बताए । खरले छाएका घरमा एकाएक आगोको मुस्लो देखिएपछि स्थानीय, सुरक्षाकर्मीले दमकलको सहायतामा बिहान साढे तीन बजे आगलागी नियन्त्रणमा लिएका थिए । प्रहरीले आगलागीबाट कम्तीमा १० लाखको क्षतिको आकलन गरेको छ ।

आगलागीपीडित रामनाथ पासवानले जाडोमा परिवारको बिचल्ली भएको बताए । 'चामल, दाल, लुगा सबै आगलागीमा पऱ्यो, ज्यान जोगिएको छ,' पासवानले भने, 'यस्तो ठन्डामा त्रिपालमा बस्नुपरेको छ ।' आगलागीपीडितलाई निर्माण व्यवसायी संघ रौतहटले राहत दिएको



छ । त्रिपाल, चामल, भाँडाकुँडा, ग्यास चुल्होसहित सिलिन्डर, खानेतेल, आलु-प्याज, नुन-मसलासहितका खाद्यान्न सामग्री हस्तान्तरण गरिएको निर्माण व्यवसायी संघ रौतहटका अध्यक्ष कृष्णदेव यादवले बताए ।

Barpak Sulikot Rural Municipality
Office of Rural Municipal Executive
Takukot, Gorkha

Invitation for Bids

Date of publication: 2081/09/16, (31th December, 2024)

1. **Barpak Sulikot Rural Municipality, Office of Rural Municipal Executive, Takukot, Gorkha** invites online bids only under e-procurement system from eligible bidders for the Procurement & Supply of Medicine & Surgical Items of Goods Sealed Quotation as mentioned below;
2. In case of last date for submission and opening of bids fall on a Government Holiday, the next working day shall be considered the last day.
3. The employer reserves the right to amend, accept or reject, wholly or partly, any or all the bids without assigning any reasons wha tsever.
4. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website. portal www.bolpatra.gov.np/egp

IFB No.	Contract ID No.	Brief Description of Works Title	Office's Estimate (excluding VAT, in (NRS)	Bid Security Amount in (NRS)	Last Date & Time of Bid Submission	Bid Validity Period after bid opening	Cost of Bidding Document (NRS)
7/081/082-GOODS	BSRM/GO/MEDICINE/SQ/081/082/07	Procurement & Supply of Medicine & Surgical Items	27,74,201.30	82,500.00	(2081-10-03, BS) Upto 12Hr	75 days	1,000.00

Chief Administrative Officer

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply & Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Biratnagar

Invitation of Bids

Contract Identification No: 05/81-82/WQIP/FWSSMP_BRT
Date of Publication: December 31, 2024

Federal Water Supply and Sewerage Management Project- Biratnagar, invites electronic bids from eligible bidders for the following works

S. N.	Contract No.	Description of Works	Average Annual Turnover of best 3 years overlast 10 years (Excluding VAT) NRs.	Required Bid Capacity NRs.	Work Experience of Similar Size and Nature (At least one contract, Excluding VAT), NRs.	Last date of Bid Purchase
1	05/81-82/WQIP/FWSSMP_BRT	Construction and Installation of Mechanical Treatment Plant for Banigama, Motipur, Urlabari and Lakhanpur Water Quality Improvement Project, Morang and Jhapa	3,02,00,000.00	2,02,00,000.00	12,100,000.00	Jan 30th, 2025, 16:00

- The detail notice can be accessed from www.bolpatra.gov.np/egp.

Project Manager

१३ वर्षदेखि अलपत्र कन्काई पुल

प्रधानमन्त्री ओली र भौतिक पूर्वाधारमन्त्री दाहाल झापाकै, तर पनि निर्माणमा लापरबाही

पुल निर्माण भाषण र अनुगमनमै सीमित, पूर्वप्रधानमन्त्री प्रचण्ड पनि पुगे अलपत्र पुलको अनुगमनमा

झापामा **चिरञ्जीवी घिमिरे**

हुलाकी राजमार्गअन्तर्गत झापाको गौरीगन्ज गाउँपालिका र झापा गाउँपालिका जोड्ने कन्काईमाई नदीको पुल १३ वर्षदेखि अलपत्र छ। सरकारी बेवास्ता र निर्माण व्यवसायी कम्पनी पप्पु-महादेव-खिम्ती जेभीको चरम लापरबाहीले पाँचपटक म्याद थप्दा पनि काम सकिएको छैन।

पुलको निर्माण निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहको कम्पनी महादेव-खिम्ती र हरिनारायण चौधरीको पप्पु कन्स्ट्रक्सन जेभीले गरेका हुन्। चौधरी एमाले नेता हुन्। समयमै सम्पन्न गर्नेभन्दा विकास आयोजनाको ठेक्का लिने र होल्ड गरेर राख्ने काममा पप्पु लागेपछि पुल निर्माण अधुरै छ।

सोमबार मात्र झापा पुगेका प्रमुख प्रतिपक्षी माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि पुलको टाढैबाट अनुगमन गरे। उनी अनुगमन गरिरहँदा सर्वसाधारण भने बाँसको पुलमा पैसा तिरेर कन्काई नदी वारपार गरिरहेका थिए। यो पुलको ठेक्का लागेपछि प्रचण्ड दुईपटक प्रधानमन्त्री भए।

पूर्वप्रधानमन्त्री प्रचण्डले पुल नहुँदा समस्या भएकाले चाँडै निर्माण गर्नुपर्ने बताए। 'मैले भौतिक पूर्वाधार मन्त्रालयमा फोन गरैं। मन्त्रालयका अधिकारीले निर्माण व्यवसायीले कमसल सामग्री हालेकाले काम अघि नबढेको जवाफ दिएका छन्,' प्रचण्डले भने, 'ठेक्का खारेज गरेर तुरुन्त अर्को ठेक्का लगाउन पऱ्यो। या त यो प्रक्रियालाई गति दिनुपर्छ।'

सरकारमा हुँदा निर्माण व्यवसायीलाई 'एक्सन' लिन नसक्ने, तर प्रतिपक्षमा आएपछि अनुगमन मात्र गरेको भन्दै स्थानीयले आक्रोश पोखे। '१३ वर्षदेखि पुल अलपत्र छ। अब त हामीले यो पुल तर्न पाउने आशा मऱ्यो। नेताहरू आउँछन्। तर, काम कसैले गर्दैनन्,' प्रचण्डले अनुगमन गर्दैगर्दा बाँसको पुल तरिरहेका गौरीगन्ज-१ का मोहन राजवंशीले भने, 'प्रचण्डले पनि सरकारमा हुँदा बनाउन चासो दिनुभएन। अहिले जनता फकाउन अनुगमन गर्न आउनुभयो।'

गौरीगन्ज-१ कै महावीर महताले प्रचण्ड अनुगमनमा पुगे पनि पुल बन्नेमा विश्वास नरहेको बताए। 'मन्त्री, नेता त कति आए कति! तर, यत्रो वर्षदेखि काम हुन सकेको छैन। अब उहाँ (प्रचण्ड) आउनेबित्तिकै बन्छ भन्नेमा कसरी विश्वास गर्नु ?' उनले भने।

पुल अनुगमनमा मन्त्रीदेखि सांसदसम्मले पटकपटक अनुगमन गरेका छन्। ०७७ मंसिरमा नयाँ पत्रिका दैनिकमा समाचार प्रकाशित भएपछि २७ मंसिर ०७७ मा तत्कालीन भौतिक पूर्वाधारमन्त्री वसन्तकुमार नेम्वाङले अनुगमन गरेका थिए। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको निर्देशनमा अनुगमनमा आएको बताउँदै चाँडो काम सक्न निर्देशन दिए। यो प्रधानमन्त्रीको जिल्ला झापामा अलपत्र पुल हो। यही जिल्लाका सांसद देवेन्द्र दाहाल भौतिक पूर्वाधार तथा यातायातमन्त्री छन्। तर, उनीहरूकै गृहजिल्लाको पुलको बेहाल छ। प्रधानमन्त्री ओली गृहजिल्ला आएका वेला यो पुललाई भाषणको विषय बनाउँछन्। केही सामान्य काम रहेको र त्यो काम पूरा भएपछि हुलाकी राजमार्ग सरर चल्ने उनको तर्क हुन्छ।



कन्काई पुल अलपत्र हुँदा बाँसको पुलमा पैसा तिरेर यात्रा गर्न बाध्य छन् यात्रु।



■ पुल तरेको साइकललाई ३०, मोटरसाइकललाई ५० रुपैयाँ

कन्काई पुल नबनेपछि स्थानीय भने जोखिमपूर्ण रूपमा बर्खामा डुंगा र हिउँदमा बाँसको पुलमा यात्रा गरिरहेका छन्। त्यो पनि पैसा तिरेर। गौरीगन्ज गाउँपालिकाले हिउँदमा बाँसको पुल निर्माण र बर्खामा डुंगा सञ्चालनका लागि दुई लाख ३० हजारमा स्थानीय ईश्वर माझीलाई ठेक्का दिएको छ। माझीले बाँसको लामो पुल बनाएका छन्। जसबापत उनले मोटरसाइकलमा यात्रा गर्नेलाई ५० रुपैयाँ र साइकलमा यात्रा गर्नेलाई ३० रुपैयाँ लिन्छन्। 'पुल नबनेपछि यात्रा त गर्नुपऱ्यो। यात्रा सहज बनाउन बाँसको पुल लाएको छु,' माझी भन्छन्, 'स्थानीय सरकारलाई दुई लाख ३० हजार कर तिरेको छु। अनि मैले लगानी त उठाउनै पऱ्यो।' पुल निर्माण नहुँदा जोखिम मोलेर यात्रा गर्नुपर्ने अवस्था रहेको झापा गाउँपालिका-२ की तारादेवी डाँगीले बताइन्। 'पुल निर्माण नहुँदा साह्रै गाह्रो भएको छ। अलिअलि काम भएपछि आशा पलाएको थियो। तर, काम नभएको एक वर्ष भयो,' उनी भन्छिन्, 'सबै सामान पनि उठाएर लगेपछि त आशा नै मरेको छ। अब त यो पुलमा हिँड्न पाइएलाजस्तो लाग्न छाडेको छ।'

■ एक वर्षदेखि रोकिएको छ निर्माणको काम

हुलाकी राजमार्ग आयोजना कार्यालय इटहरीका प्रमुख युवराज पोखरेलले एक वर्षदेखि कन्काई पुलको काम रोकिएको बताए। 'कन्काई पुलकै लागि म काठमाडौंमा छु। मैले निर्माण व्यवसायीलाई किन काम नगरेको/ठेक्का किन नतोड्ने भनेर पत्र पनि पठाइसकेको छु। यही विषयमा सचिवज्यू, डिजी र निर्माण व्यवसायीसँग एक चरण छलफल भएको छ,' उनले भने, 'ठेक्का तोडेर अर्को ठेक्कामा जाने वा यसैलाई निरन्तरता दिनेमा निर्णय हुन्छ।' निर्माण व्यवसायीले भने म्याद थपको सुनिश्चितता, बजेटको सुनिश्चितता खोजेको पोखरेलले बताए। सात सय मिटर लामो पुल ३१ जेठ ०६८ मा पप्पु र महादेव- खिम्ती जेभीले २९ जेठ ०७२ मा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेका थिए। पाँचौंपटकको म्याद ०८० असारमै सकिएको थियो। त्यसपछि म्याद थपिएको छैन। ५६ प्रतिशत मात्र काम सकिएको हुलाकी सडक आयोजना कार्यालय इटहरीले जनाएको छ।

■ ओलीको निर्वाचन क्षेत्रबाट प्रचण्डले भने–

गिरीबन्धुको फाइल खोल्न खोज्दा मेरो सरकार ढालियो



माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले कांग्रेस-एमाले गठबन्धनको सरकारले दलाल र भ्रष्टको पक्षमा मात्र काम गरेको आरोप लगाएका छन्। प्रधानमन्त्री केपी ओलीको निर्वाचन क्षेत्र झापा गौरीगन्ज गाउँपालिकामा भएको पार्टीको दोस्रो गाउँ सम्मेलन तथा खबरदारी सभामा उनले यो सरकारले जनताको पक्षमा काम नगर्ने बताए। उनले भ्रष्टाचारी र दलाललाई बचाउन आफू नेतृत्वको सरकारलाई निरंकुश र अलोकतान्त्रिक ढंगले हटाएको बताए।

'तेस्रोपटक प्रधानमन्त्री हुँदा मैले भ्रष्टाचारी, दलालको भण्डाफोर गर्न थालैं। सुशासनका पक्षमा काम गर्न थालैं। पक्राउ परेकाको बयानले भ्रष्टाचारको सुई एमाले र कांग्रेसतिर सोझ्यिो। राजनीतिक दलका नेतासमेत दायरामा आउने भए,' उनले भने, 'भ्रष्टाचार, दलाली, भूमाफियाको विरुद्धमा अभियान चलाएँ। जनताको हितमा काम गर्दा खैलाबैला मच्चियो। निरंकुश र अलोकतान्त्रिक ढंगले सरकारबाट हटाइयो।'

प्रचण्डले संसद्मा रहेका पहिलो र दोस्रो राजनीतिक दल मिलेर सरकार बनाउनु लोकतान्त्रिक अभ्यासविरुद्ध भएको दाबी गरे। 'संसद्को पहिलो र दोस्रो दल मिलेर सरकार बनाउने भन्ने कुरा लोकतन्त्रमा हुँदैन। लोकतन्त्रविरोधी कुरा हो,' उनले भने, 'असंवैधानिक जालझेल र अप्राकृतिक ढंगले सरकार बनाइयो। यो सरकारले जनताको पक्षमा होइन, भ्रष्टाचारी, दलाल र बिचौलियाको पक्षमा काम गर्छ।' प्रचण्डले प्रधानमन्त्री केपी ओलीले झालझेल मात्र गर्ने बताए। उनले गिरिबन्धु चियाबगानमा भएको भ्रष्टाचारविरुद्ध फाइल खोल्दा ओलीमा सोझिने भएकाले जालझेल गरेर आफू नेतृत्वको सरकार ढालेको आरोप लगाए। अहिलेको गठबन्धन सरकारले संविधान संशोधन गर्ने भनेर जनताले पाएको अधिकार खोस्ने प्रयास गरेको बताए।

प्रचण्डले माओवादी परिवर्तनको संवाहक भएकाले आगामी दिनमा सुशासनको पक्षमा काम गर्दै देशमा आर्थिक समृद्धि र विकास ल्याउने बताए। उनले ०८४ लाई ०६४ को अवस्थामा फर्काउँदै माओवादीलाई पहिलो पार्टी बनाएमा जनमतको तागतमा भ्रष्टाचारलाई जरैबाट उखेल्ने दाबी गरे। उनले नुवाकोटको शेरा दरबारको जग्गा प्रकरणमा माओवादी छाडेका व्यक्तिलाई जोडेर पार्टीको बदनाम गर्न खोजेको आरोप लगाए। झुटो प्रचार नगर्न पनि उनले आग्रह गरे। 'भ्रष्टाचार गर्ने हाम्रै पार्टीको भए पनि कारबाही गर्नुपर्छ,' उनले भने, 'सेरा दरबारको जग्गा सरकारको नाममा ल्याउन प्रधानमन्त्रीलाई आग्रह गर्दछु। त्यसमा हाम्रो साथ रहन्छ।'

अखिल क्रान्तिकारीमा ३२ वर्षे उमेरहद लागू

काठमाडौं/ माओवादीको विद्यार्थी संगठन अखिल क्रान्तिकारीले ३२ वर्षे उमेरहद लागू गरेको छ। ३२ वर्षे उमेरहद वा खुला भन्ने विषयमा देशभरका भूगोल र गैरभूगोल केन्द्रबाट मतदान गरी उमेरहदको विषय टुंगो लगाएको हो। दुई हजार तीन सय ९८ मतदाता रहेकोमा एक हजार सात सय ८९ जना प्रतिनिधि मतदानमा सहभागी भएका थिए। उमेरहदको पक्षमा नौ सय र उमेरहद खुला राख्नुपर्छ भन्नेमा आठ सय ७९ मत परेको थियो। १० मत भने बदर भएको थियो।

'३२ वर्षे उमेरहद लगाउने पक्षमा २१ मत बढी भएकाले उमेरहद लगाउने मतको पक्ष विजय भएको घोषणा गरिएको छ,' अखिल क्रान्तिकारी केन्द्रीय निर्वाचन समितिका निर्वाचन अधिकृत मुक्तिनारायण प्रधानले परिणाम घोषणा गर्दै भने। शनिबार बिहान १० देखि दिउँसो ४ बजेसम्म मतदान भएको थियो। उमेदहद टुंगो लागेसँगै अब नेतृत्व चयनका लागि १२ माघमा मनोनयन दर्ता समय निर्धारण गरिएको छ। निर्वाचनको



■ **हिमाल शर्मा**, इन्चार्ज, अखिल क्रान्तिकारी

अखिल क्रान्तिकारीमा पूर्ण जनवादको प्रयोग भएको छ। प्रतिनिधिले आफ्नो विवेक प्रयोग गरेर उमेरहदको विषय टुंग्याउनुभएको छ। अब उमेरहदअनुसार नेतृत्व चयन हुन्छ। अखिल क्रान्तिकारी थप रफ्तारमा अगाडि बढ्छ।

थप तालिकापछि प्रकाशित गरिने निर्वाचन समितिले जनाएको छ। यसअघि १५ पुसमा मनोनयन गर्दा र १७ पुसमा नेतृत्वका लागि निर्वाचनको तालिका थियो।

गत १० असोजमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अखिल क्रान्तिकारीको राष्ट्रिय सम्मेलन उद्घाटन गरेका थिए। तर, उमेरहदको विवाद देखिएपछि सम्मेलन स्थगित भएको थियो। गत ९ पुसमा माओवादी केन्द्रीय कार्यालय कोटेश्वरमा बसेको निवर्तमान अध्यक्ष, संगठन इन्चार्ज र आयोगका प्रतिनिधिको संयुक्त बैठकले दुई चरणमा २३औं राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको थियो।

अखिल क्रान्तिकारीका इन्चार्ज हिमाल शर्माले २३औं राष्ट्रिय सम्मेलनको बाँकी काम पूरा गरी संगठन थप रफ्तारमा अघि बढ्ने बताए। प्रतिनिधिले विवेक प्रयोग गरी फैसला गरेकाले केन्द्र, प्रदेश र जिल्ला तहमा उमेरहद लागू हुने उनले बताए। 'अखिल क्रान्तिकारीमा पूर्ण जनवादको प्रयोग भएको छ। प्रतिनिधिले आफ्नो विवेक प्रयोग गरेर उमेरहदको विषय टुंग्याउनुभएको छ। अब उमेरहदअनुसार नेतृत्व चयन हुन्छ। अखिल क्रान्तिकारी थप रफ्तारमा अगाडि बढ्छ,' उनले भने।

संक्षेप

झन्डै ३४ करोड सम्पत्ति शुद्धीकरण गरेको अभियोगमा तीनजना दोषी ठहर

काठमाडौं/ कृषि विकास बैंकमा रहेको झन्डै ३४ करोड रुपैयाँ हिनामिना गर्ने तीनजना सम्पत्ति शुद्धीकरण कसुरमा पनि दोषी ठहर भएका छन्। विशेष अदालतले आइतबार उनीहरूलाई दोषी ठहर गर्दै सजाय निर्धारणका लागि २२ पुसको पेसी तोकेको हो। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गत ५ चैतमा सूर्यबहादुर लिम्बू, कृष्णहरि थापा र केदारप्रसाद गौतमविरुद्ध मुद्दा चलाएको थियो। जसमाथि विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यद्वय तेजनारायणसिंह राई र रामबहादुर थापाको इजलासले यस मुद्दामा सजाय तोक्नेछ।

तीनैजना प्रतिवादीलाई यसअघि नै भ्रष्टाचार, बैंकिङ कसुर तथा सरकारी कागजात किर्तेको मुद्दा पनि लागिसकेको छ। यी मुद्दामा सर्वोच्च अदालतबाट पनि सुरु सदरको फैसला भएको भन्दै विशेषले यस मुद्दामा पनि दोषी ठहर हुने फैसला गरेको हो। प्रतिवादीहरूले ३३ करोड ९३ लाख रुपैयाँभन्दा बढी सम्पत्ति कसुरबाट आर्जन गरेको र तहतह हस्तान्तरण तथा रूपान्तरण गरेको निष्कर्ष अदालतको छ। गौतमले आफ्नो नाम तेजबहादुर थापा राखेर कारोबार गरेका थिए। यस मुद्दामा अनुसन्धानपछि २१ भदौ ०७२ मा सरकारी वकिलले विभागमा पनि अनुसन्धानका लागि पत्राचार गरेको थियो। गौतमले थापासमेतको मिलेमतोमा योजनाबद्ध तरिकाले हुँदैनभएको व्यक्तिका नाममा खाता खोली रकम ट्रान्सफर गरेको भेटिएको थियो। यस मुद्दामा एक दर्जन प्रतिवादी भए पनि सम्पत्ति शुद्धीकरणको कसुरमा भने तीनजना प्रतिवादी कायम गरिएकोमा उनीहरूमाथि कसुर कायमको फैसला भएको हो।

समाज रूपान्तरणको आधारभूत स्तम्भ शिक्षा : उपराष्ट्रपति



उदयपुर/ उपराष्ट्रपति रामसहायप्रसाद यादवले शिक्षा समाज रूपान्तरणको आधारभूत स्तम्भ रहेको बताएका छन्। उदयपुरको चौदण्डीगढी नगरपालिका-८ स्थित सरस्वती माध्यमिक विद्यालय सावाको स्वर्णजयन्ती समारोहमा सोमबार उनले शिक्षा समाजको आधारभूत स्तम्भ रहेको बताएका हुन्। उनले शिक्षालाई साक्षरतामा मात्रै सीमित नराखी श्रम, रोजगारी र देशभक्तिसँग जोडेर लैजानुपर्ने बताए। 'शिक्षाले मानिसलाई आत्मनिर्भर, सशक्त र सचेत नागरिक बनाउँछ। ज्ञान, सही व्यवहार र सीप एवं विद्या प्राप्त गर्ने महत्त्वपूर्ण प्रक्रिया पनि शिक्षा हो,' उनले भने।यादवले मानिसलाई जीवनको कठिन समयमा चुनौतीको सामना गर्नसमेत शिक्षाले सहयोग गर्ने बताए। उनले सहरमा शिक्षा प्राप्त गर्नु सजिलो भए पनि दुर्गम गाउँमा अझै पनि धेरैको पहुँचमा यो नरहेको उल्लेख गर्दै खासगरी, छोरी चेलीहरूलाई कम उमेरमै शिक्षाबाट वञ्चित गराएको अझै पनि पाइने गरेकाले यसतर्फ सबैको ध्यान जानु जरुरी रहेको बताए।

सयदिने अभियान समापनसँगै कांग्रेसले मेलमिलाप दिवस मनाउने

काठमाडौं/ कांग्रेसले 'सयदिने विशेष अभियान'को समापन गर्दै राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाउने भएको छ। मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार पार्टीको निर्धारित कार्यक्रमअनुसार मेलमिलाप दिवसको अवसर पारेर ३४ जिल्लामा अभियान समापन गरिँदै छ। यसक्रममा सभापति शेरबहादुर देउवासहित केन्द्रीय नेताहरू सहभागी हुनेछन्। बाँकी ४३ जिल्लामा भने विभिन्न कारणले अभियान पूरा नभएको भन्दै १६ माघसम्मका लागि अभियानको समयावधि थपिएको छ। पौडेलका अनुसार केन्द्रमा विशेष कार्यक्रम राखिएको छैन। '४९औं राष्ट्रिय एकता तथा मेलमिलाप दिवसको अवसर पारेर सयदिने विशेष अभियानको समापन हुँदै छ। सभापतिसहितका नेताहरू समापन समारोहमा सहभागी हुनुहुनेछ,' उनले भने। बिपी कोइराला १६ पुस ०३३ मा राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर भारतबाट स्वदेश फर्केको दिनको सम्झनामा सो दिनलाई कांग्रेसले मेलमिलाप दिवसको रूपमा मनाउँदै आएको छ।

■ टुँडिखेलमा तमु ल्होसारको रौनक



तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

तमु ल्होसारको अवसरमा सोमबार टुँडिखेलमा सांस्कृतिक पहिचान झल्काने जातीय वेशभूषा, गरगहनामा नृत्य गर्दै गुरुङ समुदाय। तमु ल्होसार गुरुङ समुदाय मुख्य चाड हो। गुरुङ समुदायले गरुड वर्षलाई बिदा गर्दै सर्प वर्षलाई स्वागत गरेका छन्।

सुदूरपश्चिममा तीन दिनसम्म मनाइँदै भुवा पर्व



धनगढी/ सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा भुवा पर्वको रौनक सुरु भएको छ। सुदूरपश्चिमका बाजुरा, अछाम, बझाङलगायत पहाडी जिल्लामा मनाइने यो पर्व पुसे औंसीको अघिल्लो दिन सुरु हुन्छ।

द्वापरयुगमा पाण्डवले कौरवमाथि विजय हासिल गरेपछि खुसियाली मनाएको दिनलाई स्मरण गर्दै भुवा खेल्ने गरिन्छ। यो खेलमा परम्परागत पहिरन लगाएर ढाल र तरबार नचाएर युद्धकौशल प्रदर्शन गरिन्छ। सुदूरपश्चिममा यो पर्व तीन दिनसम्म उत्सवका रूपमा मनाइन्छ।

यतिवेला सुदूरपश्चिमका पहाडी जिल्लामा भुवाको रौनक छ। सुदूरपश्चिमका पहाडी जिल्लाबाट कैलाली, कञ्चनपुरमा बसाइँसराइ गरी आएकाहरूले पनि पछिल्ला वर्षहरूमा तराईमा भुवा पर्व मनाउन थालेका छन्। धनगढीको खुलामञ्चमा पनि भुवा पर्व मनाउन सुरु भएको छ। बाजुरेली सेवा समाजको आयोजनामा खुलामञ्चमा तीन दिनसम्म भुवा खेलेर भुवा पर्व मनाउन लागिएको हो। बाजुराबाट बसाइँ सरी आएकाहरूको अगुवाइमा केही वर्षयता खुलामञ्चमा भुवा पर्व मनाउँदै आएको समाजका सचिव भरत केसीले बताए। भुवा प्रदर्शनीसँगै भुवा खेल प्रतियोगितासमेत सञ्चालन हुने उनले बताए।

भुवा खेल्ने पुरुषले टाउकोमा पगरी, सेतो भोटो, जामा तथा कुमदेखि खुट्टासम्म पुग्ने गरी पिठ्युँमा एउटा सेतो चादरजस्तो पहिरन लगाउँछन्। कतिपयले भने परम्परागत पोसाकविनै पनि भुवा खेल्छन्। ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेको भुवा खेलमा दमाहाको तालमा ढाल र तरबारले युद्धकला प्रदर्शन गर्ने गरिएको भुवा पर्वका जानकारी बजिरसिंह धामी बताउँछन्। उनका अनुसार युद्ध कौशलता प्रदर्शन गरिने भुवा खेल प्राचीनकालीन युद्धको भाका पनि हो। महाभारतकालदेखि मनाइँदै आएको यो पर्व पाण्डवको जितको खुसियालीस्वरूप मनाउने गरिएको उनले बताए।

■ लाजिम्पाटमा जग्गा व्यवसायीको हत्या प्रयास प्रकरण

मनाङेको यस्तो थियो 'कनेक्सन'

घाइते विक्रम लामालाई अस्पतालमा भेट्ने क्रममा मनाङेले भनेका थिए- मेरो नाम लिएर आक्रमण गर्न सक्छन्, तर कानुनी उपचार गर्न पछि नहट्नु

नयाँ पत्रिका

काठमाडौंको लाजिम्पाटस्थित इनोभा अस्पतालको पार्किङमा भएको रड प्रहार घटनामा गण्डकी प्रदेशका सांसद दिपक मनाङे (राजीव गुरुङ) पनि जोडिएका छन्। मनाङेका पूर्वस्वकीय सचिव टीका भण्डारी पक्राउ परेपछि घटनामा उनी जोडिएका हुन्।

जिल्ला प्रहरी परिसर काठमाडौंले घटनामा पक्राउ परेका भण्डारीसहित अन्य तीनविरुद्ध अनुसन्धानका लागि काठमाडौं जिल्ला अदालतबाट आइतबार पाँच दिनको म्याद थप गरेको छ। यसअघि प्रहरीले मार्सल भनिने शैलेन्द्र तामाङ र निश्चल सुनारलाई पक्राउ गरेको थियो। उनीहरूविरुद्ध प्रहरीले ज्यान मार्ने उद्योग र संगठित अपराध कसुरअन्तर्गत मुद्दामा अनुसन्धान गर्दै आएको छ।

प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी नवराज अधिकारीले इनोभा अस्पतालपरिसरमा भएको रड प्रहार घटनामा संलग्नमध्ये भण्डारी पक्राउ परेको र उनीविरुद्ध पाँच दिनको म्याद मिलान भएको बताए। 'इनोभा अस्पताल परिसरमा भएको रड प्रहार घटनामा संलग्न भएको अभियोगमा टीका भण्डारी पक्राउ परेका छन्। यसअघि अन्य दुईजना पक्राउ परेका थिए। उनीहरूविरुद्ध ज्यान मार्ने उद्योग र संगठित अपराध कसुरअन्तर्गत अनुसन्धान जारी छ। अदालतबाट अनुसन्धानका लागि पाँच दिनको म्याद थप भएको छ,' उनले भने।



■ **एसपी नवराज अधिकारी**, प्रवक्ता, प्रहरी परिसर काठमाडौं

गत ११ कात्तिकमा घरजग्गा व्यवसायी बिक्रम लामामाथि पेशेवर गिरोहले सांघातिक हमला गरेका थिए। टाउको, शरीर, हात र खुट्टामा गम्भीर चोट लागेका उनको चार दिनपछि मात्रै होस खुलेको थियो। प्रहरीका अनुसार लामाका पूर्वभाउजू लक्ष्मी राईको योजनामा मनाङेले लामामाथि सांघातिक हमला गर्न लगाएका थिए। लक्ष्मीविरुद्ध जिल्ला अदालत काठमाडौंबाट पक्राउपुर्जी जारी भइसकेको छ। राई अहिले बेलायतमा छिन्। उनीसहित धादिङका रमेश सिलवालविरुद्ध पक्राउ पुर्जी जारी भएको छ।

प्रहरीका अनुसार घटना संगठित तवर भएको देखिन्छ। योजना बनाउने, कार्यान्वयनका लागि जिम्मा लिने र कार्यान्वयन गर्न 'फिल्ड'मा खटिने व्यक्ति फरक-फरक भूमिकामा बसेर हमला गराइएकाले प्रहरीले घटनालाई ज्यान मार्ने उद्योगसहित संगठित कसुरअन्तर्गत अनुसन्धान गरिरहेको छ। हमला गर्ने उद्देश्यले राई-मनाङे, मनाङे-भण्डारी र भण्डारी-हमलाकर्ताबिच पटक-पटक टेलिफोन वार्ता भएको अनुसन्धानबाट देखिएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंले घटनाको अनुसन्धान गरिरहेको छ।

ज्यान मार्ने उद्योगमा सदरखोर डिल्लीबजारमा कैद सजाय भुक्तान गरिरहेका मनाङेले इनोभा आक्रमणमा आफ्नो संलग्नता नकार्दै आएका छन्। आक्रमणपछि घाइते भएका विक्रमलाई भेट्न उनी अस्पताल पनि पुगेका थिए। उनले त्यसवेला विक्रमलाई भनेका थिए- 'मेरो नाम लिएर कसैले आक्रमण गर्न पनि सक्छ। तिनीहरूविरुद्ध कानुनी उपचार खोज्न नडराउनु।' घटनालगत्तै प्रहरीले शैलेन्द्रलाई पक्राउ गरे पनि मुद्दा भने अभद्र व्यवहारअन्तर्गत चलाएको थियो। उनी १६ मंसिरमै जिल्ला अदालत काठमाडौंबाट धरौटीमा छुटेका थिए। उनीविरुद्ध २८ दिन कैद सजाय तोकिएको थियो। तर, उनी सोही मुद्दामा हिरासत बसेकाले मुक्त भएका थिए। तर, उनीविरुद्धको ज्यान मार्ने उद्योग र संगठित अपराध कसुर बाँकी नै रहेकाले प्रहरीले तत्काल पक्राउ गरेको थियो।

२०३० सम्म पूर्ण सरसफाइ सम्भव छ ?

देश खुला दिसामुक्त घोषणा भएको पाँच वर्षपछि पनि शतप्रतिशत घरमा शौचालय नपुग्नु र खुलामा शौच गर्नेको संख्या शून्य नहुनु चिन्ताको विषय हो



● स्नेहा झा

अग्रलेख

हरेक वर्षझैं यस वर्ष पनि जनकपुरधाम विवाहपञ्चमीको अवसरमा भव्य रूपमा सिँगारियो । रंगीन बन्यो । उत्सवमय रह्यो । जनकपुरधामका लागि विवाहपञ्चमी वर्षकै सबैभन्दा ठुलो उत्सव पनि हो । यस अवसरमा देश-विदेशबाट लाखौँको संख्यामा पर्यटक आउँछन् यहाँ । जनकपुरधाम नेपालकै धार्मिक केन्द्रमध्येको एक पनि हो । ठुलो संख्यामा धार्मिक पर्यटक आउने सहर पनि हो । तर, हरेक वर्षझैं यस वर्ष पनि यो धार्मिक नगरी, विवाहपञ्चमीपछि दुर्गन्धित र फोहोर सहरमा परिणत भयो । पर्यटक भित्र्याउन र विवाहपञ्चमीको महोत्सव सफल बनाउन अहोरात्र खट्ने स्थानीय सरकारदेखि प्रदेश सरकारसम्म विवाहपञ्चमीमा हुने फोहोर, विशेषगरी दिसाजन्य फोहोरलाई कसरी व्यवस्थापन गर्ने भन्नेमा विगतमा झैं यस वर्ष पनि चुके ।

जनकपुरधामको केन्द्र, रंगभूमि मैदान हरेक वर्षझैं यस वर्ष पनि सबैभन्दा दुर्गन्धित बन्यो । विवाहपञ्चमी महोत्सवमा आउने अधिकांश दर्शनार्थीको बस्ने ठाउँ रंगभूमि मैदान नै हुने गरेको छ । उनीहरूका लागि अस्थायी शौचालयको निर्माण पनि त्यहीं मात्र हुन्छ । लाखौँको संख्यामा आउने दर्शनार्थीका लागि रंगभूमि मैदानमा बनाइने अस्थायी शौचालय अपुग हुने गरेको पत्रकार पुरन साह बताउनुहुन्छ । नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष साहका अनुसार पर्याप्त शौचालयको निर्माण नगरिनु नै यहाँको सरसफाइको मुख्य समस्या हो । जनकपुरधामका प्रत्येक प्रवेशद्वार र हरेक चोकमा अस्थायी शौचालय निर्माण गरिनुपर्ने र महोत्सव अवधिभर शौचालयको सरसफाइ भइरहनुपर्नेमा स्थानीय सरकारको ध्यान नै जान सकेको छैन । जनकपुरधाम मधेश प्रदेशको राजधानी भएकाले प्रदेश सरकारले पनि अग्रसरता लिनुपर्ने साहको भनाइ छ । प्रदेश सरकारको प्रशासनिक थलो मधेश भवनको सौन्दर्यीकरणमा हालसालै लाखौँ खर्चेको सरकारले राजधानीमा शौचालय निर्माणका लागि केही गर्न नसकेको उहाँको आरोप छ । विवाहपञ्चमीमा जनकपुरधाम आउने निम्तो दिन आफैं अयोध्या पुगुभएका मुख्यमन्त्री सतीशकुमार सिंहले उतावाट आउने अतिथिहरूको शौचको व्यवस्था कहाँ गर्ने भन्नेबारे भने सोच्न भ्याउनुभएन । त्यस्तै महोत्सव सुरु हुन साता दिनअघिदेखि नै जानकी मन्दिरको विशेष सरसफाइ आफ्नै रोहवरमा गराइरहनुभएका जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहले पनि शौचालय निर्माण र सरसफाइलाई चाहिँ बेवास्ता गर्नुभयो ।

जनकपुरका लागि खुलामा गरिने शौच विवाहपञ्चमीका वेलाको समस्या मात्र होइन । ०७६ सालमै धनुषालाई खुला दिसामुक्त घोषणा गरिएको भए पनि खुलामा गरिने शौच अहिलेसम्म रोकिएको छैन । कतिपय अवस्थामा शौचालय नभएका कारणले स्थानीय खुलामा शौच गर्न बाध्य छन् भने कतिपयलाई खुला शौच नै अहिलेसम्म सजिलो लाग्छ ।

जनकपुरधाम-४ निवासी विश्वेश्वर साह पोखरीहरूको व्यवस्थापन र सौन्दर्यीकरणका नाममा बालुवा र सिमेन्टले बनाइएको घाट देखेर असन्तुष्ट हुनुहुन्छ । पोखरीको घाट पक्की बनाइँदा मानिस र प्रकृति दुवैलाई केही फाइदा नहुने उहाँको भनाइ छ । उहाँका अनुसार पोखरीको पक्की मोहार हुँदा हुने विभिन्न बेफाइदामध्येको एक शौच गर्न नमिल्नु पनि हो । अहिले पनि नदी वा पोखरीको डिलमा वा अन्य कुनै खुला ठाउँमा शौच गरिन्छ र भन्ने प्रश्नमा उहाँ हाँस्नुहुन्छ मात्र ।

नेपाल खुला दिसामुक्त राष्ट्र घोषणा भएको पाँच वर्ष भइसकेको छ । वि.सं. २०७६, अर्थात् सन् २०१९ मा नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गरिएको थियो । सन् २०१७ सम्ममै नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गर्ने सरकारको लक्ष्य रहे पनि त्यो सफल हुन सकेको थिएन । तत्पश्चात् सन् २०१९ मा सरकारले यो महात्त्वाकांक्षी लक्ष्य भेट्टाएको हो । खुला दिसामुक्त घोषणा गर्ने नेपाल दक्षिण एसियाकै पहिलो राष्ट्र पनि हो । सरकारले कुन आधारमा नेपाललाई खुला दिसामुक्त घोषणा गऱ्यो भन्ने प्रश्न उतिवेला पनि व्यापक रूपमा उठेको थियो । शतप्रतिशत जनताको पहुँचमा शौचालय नरहेको र ठुलो संख्याले खुलामै शौच गर्ने गरेको अवस्थामा देशलाई खुला दिसामुक्त घोषणा गरिएको भन्दै सरकारको आलोचना भएको पनि थियो । खुला दिसामुक्त घोषणा भएको पाँच वर्षपछि पनि शौचालयको उपलब्धता शतप्रतिशत घरमा र खुलामा शौच गर्नेको संख्या



शून्यमा पुगिसकेको छैन । जेएसआर रिपोर्ट २०२४ ले नेपालमा अझै पाँच प्रतिशत जनता खुला स्थानमै दिसापिसाब गर्छन् भन्ने देखाउँछ ।

जनकपुरधामका सञ्चारकर्मी जितेन्द्र झा सोध्नुहुन्छ, 'तपाईं महोत्तरी जिल्लाको सोहरबा पुगुभएको छ ? आजभन्दा २५-३० वर्षपहिले हामी सानो छँदा त्यो गाउँको बाटो भएर हिँड्न गाह्रो हुन्थ्यो । देश खुला दिसामुक्त घोषणा भइसक्यो, तर सोहरबा गाउँको बाटोछेउको फोहोर उस्तै छ । पहिलेभन्दा अहिले केही कम मात्र भएको छ । तर, अहिले पनि बाटोछेउमा दिसापिसाब गर्ने क्रम रोकिएको छैन । राति अवेला त्यो बाटो हिँड्नुभयो भने बच्चादेखि बुढासम्म बाटाको छेउमा शौच गर्न बसेको सजिलै देख्न सक्नुहुन्छ ।'

> आवश्यक मापदण्ड पूरा नभईकनै जिल्लाहरूलाई खुला दिसामुक्त घोषणा गर्न सरकार जति जोसिएको थियो, शौचालयको निर्माण र व्यवस्थापनमा पनि त्यसरी नै जोसिन नसके सन् २०३० सम्ममा देशमा पूर्ण सरसफाइको सुनिश्चितता कसरी होला र ?

महोत्तरी जिल्लाको पिपरा गाउँपालिकामा पर्छ सोहरबा । एकातिर प्रदेश राजधानी जनकपुरधाम र अर्कोतिर जिल्ला राजधानी जलेश्वर । तैपनि गाउँपालिकाको अवस्था यस्तो छ । हुन त प्रदेश राजधानी आफैं यो समस्याबाट उम्किन सकेको छैन । सरकारले विभिन्न योजनाअन्तर्गत शौचालय बनाउन अनिवार्य गरेपछि धेरैजसो घरमा शौचालय बनेका पनि छन् । तर, ती शौचालय मात्र देखाउनका लागि बनाइएका छन् । त्यस्तै विभिन्न गैरसरकारी संस्थाले पनि गाउँघरमा र विशेषगरी दलित तथा विपन्न बस्तीमा निःशुल्क शौचालय निर्माणमा सहयोग गरेका छन् । तर, स्थानीयले शौचालय प्रयोग गरे कि गरेनन्, अन्य आवश्यक संशाधन शौचालयभित्र रह्यो कि रहेन भन्नेतर्फ भने तिनको ध्यान पुग्न सकेको छैन । सबैभन्दा महत्त्वपूर्ण कुरा त स्थानीयमा खुलामा शौच गर्नुहुन्न, चर्पीमै गर्नुपर्छ भन्ने सन्देश पुऱ्याउन नै सरोकारवाला निकाय चुकेका छन् ।

वैज्ञानिक र व्यावहारिक अध्ययन नभई विभिन्न योजनअन्तर्गत रहेर मात्र बनाइएका शौचालय कसरी प्रयोगविहीन भइदिन्छन् भन्ने उदाहरण लहान नगरपालिकामा देख्न सकिन्छ । वासखबर डटकमले लहान नगरपालिकाको केही वडामा गरेको अध्ययनले त्यहाँ बनाइएका शौचालय प्रयोगविहीन रहेको देखाउँछ । खुला दिसामुक्त घोषणा गर्न शतप्रतिशत घरमा शौचालय बनाउनैपर्ने भएपछि थोरै जग्गा हुनेहरूको घरमा यसरी शौचालय बनाइयो कि त्यो शौचालय प्रयोग गर्ने मिलेन । यो अवस्था लहान नगरपालिकामा मात्र होइन, तराई मधेशको सबैजसो जिल्लाका विपन्न बस्तीमा देख्न सकिन्छ । अहिले लहान नगरपालिकामा यस्ता बस्तीका लागि वाटर एड नेपालको सहयोगमा सामुदायिक शौचालय बनाइएको छ । सामुदायिक शौचालयले घरमा शौचालय नहुनेका लागि खुलामा शौच गर्नुपर्ने बाध्यता अन्त्य गरेको छ । यसको सरसफाइ र व्यवस्थापनको जिम्मा स्थानीयलाई नै दिइएको छ । स्थानीय सचेत हुन सके धेरै समस्याको समाधान हुन्छ । तर, सबै समस्याको समाधान स्थानीयसँग हुँदैन । विवाहपञ्चमीपछि हुने फोहोरले जनकपुरधामको गरिमामै प्रश्न उठाउन थालेपछि स्थानीय नागरिक समाज चिन्तित छ ।

विवाहपञ्चमीका वेला शौचालयको समस्या समाधान गर्न स्थानीयहरू आफैंले विभिन्न प्रयास गर्दै आएका छन् । जनकपुरधामका नागरिक समाज र व्यवसायीले दर्शनार्थीका लागि आआफ्ना घर र व्यापारिक केन्द्रका शौचालय खुला राखिदिन हरेक वर्ष आग्रह गर्ने गरेका छन् । यस वर्ष त झन् संस्थागत विद्यालयले सांगठनिकस्तरमै विवाहपञ्चमीमा आउने पर्यटकको बस्ने, खाने, शौचालय प्रयोग गर्नेजस्ता आवश्यकताका लागि आफ्नो भवन प्रयोग गर्न दिने निर्णय गरेका थिए । यस निर्णयले गर्दा पनि गएका वर्षमा भन्दा यस वर्ष कम फोहोर भएको पत्रकार साह बताउनुहुन्छ । तर, स्थानीय र नागरिक समाजको प्रयासले मात्र समस्याको समाधान नदिने उहाँको तर्क छ । नागरिक समाजमा देखिएको चिन्ता स्थानीय र प्रदेश सरकारलाई पनि भइदिए दृश्य फेरिन सक्थ्यो । समस्याको पूर्ण समाधानका लागि सरकारले नै योजना र उपाय दिनुपर्छ । आवश्यक मापदण्ड पूरा नभईकनै जिल्लाहरूलाई खुला दिसामुक्त घोषणा गर्न सरकार जति जोसिएको थियो, शौचालयको निर्माण र व्यवस्थापनमा पनि सरकार त्यसरी नै जोसिनु जरुरी छ । सन् २०१९ मा देशलाई खुला दिसामुक्त घोषणा गरिरहँदा आधारभूत सरसफाइमा पूर्ण सफलता प्राप्त भएको र अबको प्राथमिकता पूर्ण सरसफाइको सुनिश्चितता हुने बताइएको थियो । सन् २०३० सम्म पूर्ण सरसफाइ प्राप्त गरिसक्ने सरकारको लक्ष्यअनुरूप अबका काम निर्दिष्ट हुनुपर्छ । सरकारले स्वयंले घोषणा गरेअनुसार हरेक घरमा शौचालय छ वा छैन र हरेक घरमा शौचालयको प्रयोग भएको छ वा छैन भन्ने कुराको नयाँ तवरले अध्ययन र अनुगमन हुनु आवश्यक छ । त्यस्तै सहर सफा राख्नका लागि सार्वजनिक शौचालयको उपलब्धता र त्यसको उचित व्यवस्थापन हुनु पनि अति जरुरी छ ।

---

३ प्रश्न

सिनियर फर्मासिस्ट
प्रा. बाबुराम हुमागाईंलाई



जेनेरिक नाममा औषधि सिफारिस गर्ने भनेको के हो ?

औषधिको ब्रान्ड नेम कम्पनीहरूले राखेका हुन् । त्यसैले, तिनका नाम फरक फरक हुन्छन् । तर, सबैको जेनेरिक नेम भने एउटै हुन्छ । उदाहरणका लागि सिटामोल हाम्रो सरकारी औषधि कम्पनीले राखेको नाम हो भने त्यसको जेनेरिक नामचाहिँ प्यारासिटामोल हो । अन्य वस्तुमा ब्रान्डको महत्त्व हुन्छ । ब्रान्डअनुसार वस्तुको गुणस्तर र मूल्यमा अन्तर हुन्छ । तर, औषधिमा त्यस्तो हुँदैन । जुनसुकै नामको औषधि भए पनि सबैमा हुने तत्त्व, मात्रा र त्यसको गुणस्तर समान हुन्छ । ट्याब्लेटको आकार, प्याकेजिङलगायत मात्र फरक हुन सक्छ । कुनै समय भारतमा ब्रान्ड नेम नराखी जेनेरिक नाममा मात्र औषधि उत्पादन गर्ने चलनसमेत थियो ।

जेनेरिक नाममा सिफारिस गर्दा उपभोक्ताले सस्तोमा औषधि पाउँछन् हो ?

अहिले ब्रान्डअनुसार औषधि सिफारिस गर्दा उत्पादकले सिफारिसकर्तालाई प्रलोभन देखाएर या 'इन्सेन्टिभ' दिएर प्रभावित पार्छन् भने जेनेरिक नाममा औषधि सिफारिस गर्न थालियो भने उत्पादकले खुद्रा विक्रेतालाई प्रभावित गर्छन् । यसबाट खुद्रा विक्रेताको मनोपोली चल्न सक्छ । अहिले पनि सरकारी अस्पतालका फार्मेसीमा जेनेरिक नाममै टेन्डर खुलाएर औषधि खरिद गरिन्छ । जसले गर्दा त्यहाँ पाइने औषधि सस्तो मूल्यमा पाइन्छ । त्यसैले, कडाइसाथ खुद्रा विक्रेतामाथि नियमन गर्न सकियो भने मात्र औषधि सस्तोमा पाइने हो ।

जेनेरिक नाममा औषधि सिफारिस गर्ने व्यवस्था कार्यान्वयनमा किन समस्या देखिएको होला ?

जेनेरिक नाममा औषधि सिफारिस गर्नुपर्ने कानुनी व्यवस्था जनस्वास्थ्य ऐन २०७५ मा गरिएको छ । त्यसरी सिफारिस नगरिएमा कारबाहीको व्यवस्थासमेत गरिएको छ । तैपनि, यो कार्यान्वयन नहुनु भनेको नियामक निकायको कमजोरी हो ।

प्रेरक प्रसंग

सोचाइको परिणाम

एउटा गाउँनजिकै घना जंगल थियो । जंगलमा अनेक प्रकारका रुख थिए । तीमध्ये एउटा इच्छापूर्ति रुख पनि थियो । जसको फेदमा बसेर कुनै इच्छा प्रकट गर्नासाथ त्यो तुरुन्तै पूरा हुन्थ्यो । तर, यस रुखको रहस्यबारे अत्यन्त कम मानिसलाई मात्र थियो । जंगल निकै घना भएकाले त्यहाँ पस्न हम्मेसि जोकोहीले हिम्मत गर्दैनथे ।



एकपटक संयोगवश एकजना व्यापारी कतै जाने क्रममा बाटो भुलेर जंगलमा हराए । यताउता गर्दागर्दै उनी सोही इच्छापूर्ति वृक्षमुनि पुगे । उनी निकै थाकेका थिए । रुखको फेदमा यसो पल्टिनासाथ उनी कतिखेर निदाए पत्तै भएन । जब उनी बिउँझिए, उनलाई निकै भोक लागिरहेको थियो । यसो उताउता हेरेर उनले मनमनै सोचे- ओहो ! कस्तो भोक लाग्यो । यसो केही खान पाए पनि हुन्थ्यो नि ! तर, के गर्नु यो जंगलमा कहाँबाट खानेकुरा पाउनु र ? व्यापारीले यत्ति सोच्नासाथ ताजा र स्वादिष्ट खानाले भरिएका थाल हावामा उड्दै उनीसामु आइपुगे । यो सब देख्दा उनी छक्क परे । तर, निकै भोक लागेको हुनाले दायाँबायाँ केही नसोची उनले मजाले खाना खाए । खाना खाइसकेपछि उनले सोचे- खाना त खाइयो । तर, आसपास कतै खोला पनि देखिन्न । यसो पानी पनि पिउन पाए त यो जंगल पार गर्ने तागत आउँदो हो कि ? उनले यति सोच्नासाथ हावामा तैरिँदै अनेक स्वादका सर्बतले भरिएका गिलास उनीसामु आइपुगे । उनले फटाफट सर्बत पनि पिए ।

भोकतिर्खा मेटिसकेपछि उनी सोच्न थाले- होइन, यो सब म सपना त देखिरहेको छैन ? यसरी हावामा खाना, पानी प्रकट भएको त पहिले कहिल्यै देखेसुनेको थिइनँ । यस्तो त दन्त्यकथामा मात्र पढेको थिएँ । पक्कै पनि यो रुखमा भूत लुकेको हुनुपर्छ । अब मलाई टन्न खानपिन गराइसकेपछि पक्कै पनि त्यस भूतले खान्छ होला । उनले यति सोच्नासाथ साँच्चै एउटा भूत अगाडि आयो र व्यापारीलाई कप्लक्कै निलिदियो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

रात्रिबस बसपार्कमै रोक्न मिल्दैन ?

देशका विभिन्न भागबाट राजधानी आइपुग्ने रात्रिबस गोंगबुस्थित बसपार्कमा नपसी वसुन्धरा, महाराजगन्ज, चाबहिल, जोरपाटी, गौशाला, कोटेश्वरतिर हुइँकिरहेका भेटिन्छन् । हिजोआजको बिहानी अन्धकारमा यी क्षेत्रमा बेतोडले हुइँकिने रात्रिबसका कारण कतिखेर ठुलो दुर्घटना हुने हो भन्ने त्रासले जहिल्यै सताइरहेको हुन्छ । अन्य सवारीसाधनभन्दा बढी ती तीव्र गतिमा कुद्ने यी बसले आधा बाटो ढाकिरहेका हुन्छन् । के बसपार्क आइसकेपछि पनि यात्रुले जहाँ भन्छन्, त्यहाँ त्यहाँ पुऱ्याउनुपर्ने हो र रात्रिबसले ? यात्रुलाई बसपार्कबाट अन्य सवारीमा जाने व्यवस्था मिलाउन लगाउनुपर्ने होइन र ? के रात्रिबसलाई बसपार्कभित्रै रोक्न र अन्य सहरी क्षेत्रमा जानबाट रोक्न मिल्दैन र ?

● **शवनम खाती**, वसुन्धरा, काठमाडौं

जेनेरिक नाममा समस्या किन ?

सरकारले वर्षौंदेखि जेनेरिक नाममा औषधि सिफारिस गर्ने लक्ष्यसाथ तयारी सुरु गरे पनि अहिलेसम्म सरकारको सो लक्ष्य त्यत्तिकै अलपत्र परिरहेको समाचार पढियो । सामान्यतः कुनै ब्रान्डमा आधारित नाममा औषधिको सिफारिस गरेपछि सोही औषधि खोज्न हामी सर्वसाधारण बाध्य हुन्छौं । साथै, चिकित्सकले पनि जहाँबाट भए पनि सोही औषधि खरिद गर्नुपर्छ भन्ने गर्छन् । यस्तो अवस्थामा निश्चित ब्रान्डकै कारण उपभोक्ता चर्को मूल्यको सिकार हुन्छन् । त्यसैले, यसबारे समयमै सोचियोस् ।

● **गोविन्द सिग्देल**
लामाटार, ललितपुर

अधिवेशन बोलाउन आलटाल किन ?

संसद्को हिउँदे अधिवेशन बोलाउन सरकारले आलटाल गर्दै आएको देखिन्छ । के यो सरकार संसद् छलेर जाने दाउमा छ हो ? नत्र देशका कैयौं जल्दाबल्दा समस्यामा छलफल गर्नदेखि गम्भीर प्रकृतिका विभिन्न अत्यावश्यक विधेयक पारित गर्नसमेत बाँकी नै रहेको अवस्थामा पनि सरकार हिउँदे अधिवेशन बोलाउनबाट तर्किरहनुको अर्थ के हो ? केही दिनअघि सभामुखले सरकार संसद्बाट भागिरहेको अभिव्यक्ति दिएका थिए । के साँच्चै वर्तमान सरकार संसद्बाट सरकार भागिरहेकै हो ?

● **पूर्णिमा महर्जन**
कीर्तिपुर, काठमाडौं

पीडितको बचत कसरी फिर्ता गर्ने ?

सहकारीपीडितका समस्या हल गर्न सरकारले ल्याएको अध्यादेशमा सबै कुरा प्रस्ट पार्नुपऱ्यो । पीडितलाई नै पीडा दिने अध्यादेश ल्याउनु भएन । सहकारीपीडितको रकम फिर्ता गर्न सरकारले जुन निर्णय गऱ्यो त्यो ठिक छ, तर त्यो फिर्ता रकम कसरी र कोमार्फत दिने, त्योचाहिँ प्रस्ट पार्न पाएहुन्थ्यो । सहकारीको पैसा अपचलन गर्नेहरू अहिले पनि पार्टी प्यालेसका साहु बनेर बसेका छन्, कतिले घरजग्गामा लगानी गरेका छन् । तिनको जायजेथाबाट पीडितको रकम असुलउपर गर्नुपर्ने होइन ? किन यस विषयमा सम्बन्धित निकायको ध्यान गएको छैन ? कसले सहकारीको रकम हिनामिना गऱ्यो भन्ने प्रस्ट देख्दादेख्दै पनि कारबाही गर्न सम्बन्धित निकाय किन डराइरहेको छ ? पीडितहरू अहिले पनि न्यायको खोजीमा कहिले वडा कार्यालय त कहिले प्रहरीकोमा उजुरी लिएर धाइरहेका छन्, तैपनि उनीहरूले न्याय पाउन सकेका छैनन् । के अब सरकारले ल्याएको अध्यादेशले साँच्चै पीडितले न्याय पाउलान् त ? जसले सहकारीको पैसा अपचलन गरेको छ, उसैले फिर्ता दिनुपर्छ । ४० वटा सहकारीको रकम झन्डै ७१ अर्ब ३० करोड बचतसहित ८७ अर्ब ८९ करोड अपचलन भएको तथ्यांक सार्वजनिक भएको छ । सूर्य थापा नेतृत्वको संसदीय छानबिन समितिले बुझाएको प्रतिवेदनअनुसार कारबाही होस् ।

सहकारीको पैसा अपचलन गर्ने सञ्चालक समितिका सदस्य अहिले पनि छाती फुलाएर हामीलाई कसले के गर्न सक्छ भनेर हिँडिरहेका छन्, तिनलाई कारबाहीको दायरामा कहिले ल्याउने हो ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

अस्ताए आदर्शवादी राष्ट्रपति कार्टर

राष्ट्रपति जिमी कार्टरको विनम्रता, नैतिकता एवं आदर्शवादले आज पनि अमेरिकी सोच र जीवनमा प्रभाव पारिरहेको छ



देश / विदेश

● ज्यारेड मोन्डस्किन

विनम्रता र आदर्शवादका लागि चिनिने अमेरिकी पूर्वराष्ट्रपति जिम्मी कार्टरको सय वर्षको उमेरमा निधन भएको छ । सन् १९३० को दशकमा महामन्दीको समयमा जर्जियाको प्लेन्समा जन्मिएका कार्टरको साधारण बाल्यकालले उनको जीवनलाई गहिरो रूपमा प्रभाव पारेको थियो । बाल्यकालको कठोर अनुभवले सन् १९७७ देखि १९८१ सम्मको उनको ३९औँ राष्ट्रपतिकाललाई उल्लेखनीय रूपमा प्रभावित पारेको थियो ।

किसान, नौसैनिक अधिकारी, राज्यपाल र एक स्वाभिमानी इसाई कार्टर अमेरिकी इतिहासको अशान्त समयमा राष्ट्रपति बनेका थिए । तीन ठुला संकटले सामान्य किसानलाई राष्ट्रपति बनाउन मात्र सहयोग गरेनन्, यिनले अमेरिकी शक्ति र राजनीतिप्रति दशकौंसम्मको धारणालाई पनि प्रभावित गरे ।

मार्च १९७३ मा भियतनामबाट अमेरिकी फौजको अपमानजनक फिर्ती देशभरको टेलिभिजनमा प्रसारण हुँदा पहिलो संकट आएको थियो । यसले अमेरिकी शक्तिको सीमालाई उजागर गरेको थियो । दोस्रो संकट अक्टोबर सन् १९७३ मा सुरु भएको थियो, जब ओपेकले अमेरिकामाथि तेल निर्यातमा प्रतिबन्ध लगाएको थियो । प्रतिबन्धले तेलको मूल्य चार गुणाले बढायो । अर्थतन्त्रमा २.५ प्रतिशतको गिरावट आयो र बेरोजगारी तथा मुद्रास्फीतिमा पनि तीव्र वृद्धि भयो । तेस्रो र सबैभन्दा चर्चित संकट वाटरगेट प्रकरण थियो, जसले राष्ट्रपति निक्सनलाई पदको दुरुपयोग गर्दै अपराध गरेको प्रमाण भेटिएपछि पदबाट राजीनामा दिन बाध्य बनाएको थियो । निक्सनका उत्तराधिकारी जेराल्ड फोर्ड, जो सन् १९७६ को राष्ट्रपतीय चुनावमा कार्टरका रिपब्लिकन प्रतिस्पर्धी थिए, तिनले निक्सनलाई पदमा हुँदा गरेको अपराधका लागि माफ गरेका थिए ।

कार्टरको विनम्रता, आदर्शवाद र तीन ठुला अमेरिकी संकटबिच आइओवामा अप्रत्यासित विजयले चर्चामा नआएका जर्जियाका राज्यपाललाई सन् १९७६ को चुनाव जित्न सहयोग पुऱ्यायो । उनले ह्वाइट हाउस र अमेरिकी विदेशी नीतिमा नैतिकता पुनर्स्थापना गर्ने र अमेरिकी जनतासँग कहिल्यै झुट नबोल्ने प्रतिबद्धता व्यक्त गरेका थिए, जुन धेरै अमेरिकीका लागि अशान्त समयपछि आवश्यक पनि थियो ।

कार्टर पुराना संकटमाझ राष्ट्रपति बनेका थिए र उनको कार्यकालमा पनि विभिन्न संकट थपिएका थिए । केही इतिहासकारले कार्टर ती समस्याका लागि खासै जिम्मेवार नभएको दाबी गरे पनि उनलाई अमेरिकी जनताले रुचाएको देखिएन । २० जनवरी १९७७ मा आफ्नो उद्घाटन भाषणमा कार्टरले पूर्वराष्ट्रपति फोर्डलाई 'मुलुकलाई निको पार्न गरेका सबै काम'का लागि धन्यवाद दिए । तर, उनले निक्सनलाई माफी दिएकामा कडा आलोचना गरेका थिए । उनले 'हाम्रा हालका गल्ती'लाई लिएर 'यदि हामी आफ्ने सरकारको घृणा गर्छौं भने हाम्रो भविष्य उज्ज्वल छैन' भन्ने धारणा राखेका थिए । र, अमेरिकी जनतालाई 'फेरि आफ्नै सरकारमाथि गर्व गर्ने' अवस्था ल्याउने आशा जगाएका थिए । दुई वर्षपछि, तेलको अर्को संकट, उच्च मुद्रास्फीति र मन्दीबिच कार्टरले प्रसिद्ध भाषण दिएका थिए, जसमा उनले 'आत्मविश्वासको संकट' र आम जनताले 'जीवनका अर्थबारे शंका र निराशा' व्यक्त गरेको भन्दै आलोचना गरेका थिए । यो भाषणलाई कार्टर प्रशासनको एक मोडका रूपमा हेरिन्छ, जहाँबाट कार्टर प्रशासन अघि बढ्न सकेन । निक्सन र फोर्ड प्रशासनको तीव्र आलोचनाले गर्दा सुरुमा कार्टरलाई एक सक्रिय नेताका रूपमा हेरिएको थियो । तर, जब उनी दुई वर्षभन्दा बढी समयसम्म कार्यालयमा रहे, तब ती आलोचनाले आकर्षण गुमाए । र, केहीले यसलाई जिम्मेवारीबाट भाग्ने बहानाका रूपमा बुझे ।

म्यासाचुसेट्सका डेमोक्रेटिक सिनेटर टेड केनेडीले



तस्बिर : राष्ट्रिय अभिलेखालय

कार्टरको भाषणको आलोचना गर्दै अमेरिकी जनतालाई राष्ट्रिय समस्याका लागि दोषी ठहऱ्याएको भनेका थिए । चार महिनापछि अर्को संकट उत्पन्न भयो, जब इरानी नेता आयतुल्लाह खोमेनीका समर्थकले ५२ अमेरिकी कूटनीतिज्ञलाई इरानमा बन्धक बनाए । यी कूटनीतिज्ञलाई कार्टरको कार्यकालको बाँकी समयसम्म बन्धक बनाइयो र अप्रिल १९८० मा भएको असफल उद्धार कारबाहीले परिस्थितिलाई झनै जटिल बनायो ।

कार्टरले चीनसँगको सम्बन्ध सामान्यीकरण र इजरायल एवं इजिप्ट सरकारबिच ऐतिहासिक शान्ति सम्झौता क्याम्प डेविड एकर्ड गराएकाले विदेश नीतिमा सफलता हासिल गरेका थिए । तर, अलोकप्रियताका कारण टेड केनेडीले सन् १९८० को पार्टीको (डेमोक्रेटिक) राष्ट्रपति उम्मेदवारका लागि कार्टरलाई चुनौती दिने निर्णय गरे । कार्टरले उम्मेदवारी नगुमाए पनि उनको कार्यकालको असफलताको क्षतिले रोनाल्ड रिगनलाई सन् १९८० को चुनावमा विशाल विजय दिलायो ।

दोस्रो कार्यकाल गुमाएका कार्टरले कैयौं ढंगले पूर्वराष्ट्रपतिको उदाहरणीय भूमिका निर्वाह गरे । यसमा कूटनीतिक र मानवतावादी प्रयास पर्छन्, जसले उनलाई सन् २००२ को नोबेल शान्ति पुरस्कार जितायो । यति मात्र नभई उनी आफ्ना उत्तराधिकारी (राष्ट्रपति) का प्रखर आलोचक पनि बने । विदेशमा मानव अधिकार प्रवर्द्धन गर्नदेखि लिएर ह्याबिटाट फर ह्युम्यानिटीसँग मिलेर घर बनाउनेजस्ता प्रतिबद्धतालाई प्रेरित गर्ने उनको धार्मिक आदर्शवादले उनको जीवनलाई निरन्तर परिभाषित गऱ्यो । यसैगरी कार्टर पहिलो अमेरिकी राष्ट्रपति थिए, जसले मानव अधिकारलाई अमेरिकी विदेशी नीतिको केन्द्रीय अंशका रूपमा प्रस्तुत गरेका थिए । र, मानव अधिकार प्रवर्द्धन उनका उत्तराधिकारीका नीतिमा प्रमुखतासाथ देखिन पनि थाल्यो । उदाहरणका लागि रोनाल्ड रिगनले सन् १९८० को राष्ट्रपति चुनावी अभियानमा कार्टरको मानव अधिकारप्रतिको प्रतिबद्धताको आलोचना गरेका थिए । तर, पछि सोभियत संघको मानव अधिकार उल्लंघनविरुद्ध कडा अडान लिएका थिए ।

अहिलेका अधिकांश अमेरिकी कार्टरको कार्यकाल अन्त्य हुँदा जन्मिएका पनि थिएनन् । नतिजा पूर्वराष्ट्रपति सम्भवतः आफ्नो राष्ट्रपति कार्यकालपश्चात्को जीवनका लागि बढी परिचित छन् । र, कार्टरको सादगी र शासन गर्ने विनम्रता, नैतिकता एवं आदर्शवादले आज पनि अमेरिकी सोच र जीवनमा प्रभाव पारिरहेको छ ।

(मोन्डस्किन सिड्नी विश्वविद्यालयको अमेरिकी अध्ययन केन्द्रका शोध निर्देशक हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

कोरियन विमान दुर्घटना र बर्ड स्ट्राइकको जोखिम

चराको ठक्कर व्यावसायिक उडानमा धेरै विमानले भोग्ने गर्छन्, तर बिरलै मात्र यस्ता ठक्करले गम्भीर दुर्घटना निम्त्याउने विशेषज्ञहरू बताउँछन्





● एरिन हेल ● जोन पावर

एरिन हेल ताइपेईमा रहेर पूर्वीएसियाली मुलुक केन्द्रित समाचार लेख्ने स्वतन्त्र पत्रकार हुन् । जोन पावर अल जजिराको एसिया वित्त व्युरोका सम्पादक हुन् ।



आइतबार दक्षिण कोरियाको उड्डयन इतिहासको सबैभन्दा ठुलो विमान दुर्घटना भयो । जेजु एयरको फ्लाइट २२१६ विमान दक्षिण कोरियामा दुर्घटना हुँदा १७९ जना यात्रुले ज्यान गुमाए । यस दुर्घटनाले व्यावसायिक विमान उडानमा चराहरूले निम्त्याउन सक्ने जोखिममाथि प्रकाश पारेको छ । विमानका पाइलटले आपत्कालीन अवतरण गर्नुअघि विमानस्थलको 'एयर ट्राफिक कन्ट्रोल'(एटिसी) लाई दिएको अन्तिम सन्देशमा जहाजमा एक हुल चरा ठोक्किएको जानकारी दिएका थिए । त्यसपछि विमान मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटनामा परेको दक्षिण कोरियाको भूमि, पूर्वाधार तथा यातायात मन्त्रालयले जानकारी दिएको छ ।

> मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा चराको बथानलाई तर्साउने सुरक्षा उपाय पनि अवलम्बन गरिएको थिएन । एक रिपोर्टअनुसार विमानस्थलको वातावरणीय प्रभाव मूल्यांकन गरिँदा ध्वनि तोप, लेजर र चेतावनी बत्ती राख्न सिफारिस गरिएको थियो । तर, रनवे विस्तारको काम भइरहेकाले ती उपाय कार्यन्वयनमा आउन ढिलाइ गरिएको थियो ।

विमान दुर्घटनाका फुटेजहरू अहिले सामाजिक सञ्जालमा छ्यापछ्याप्ती छन् । ती फुटेजमा दुईवटा इन्जिन भएको 'बोइङ ७८७-८००' विमानको 'ल्यान्डिङ गियर' नखुलेपछि रनवेमा घिम्रिएर अघि बढेको देखिन्छ । उच्च गतिमा रहेको विमान रनवेभन्दा अगाडि रहेको पक्की पर्खालमा ठोक्किन्छ र लगत्तै विमानमा विस्फोटपछि आगलागी भएको देखिन्छ । दुर्घटनामा विमानमा सवार १८१ मध्ये १७९ जनाको मृत्यु भयो ।

उसो त ठुला चराहरूले विमानमा खतरा निम्त्याउन सक्छन् । तर, कुनै एक चराको ठक्करले मात्र विमान दुर्घटना हुने अवस्था नआउने उड्डयन विज्ञहरू बताउँछन् । परामर्श संस्था 'एभिएसन सेफ्टी एसिया'का निर्देशक डेन विलियम्स पनि 'बोइङ ७८७-८००' जस्ता आधुनिक विमानलाई चराले खसाल्न 'लगभग असम्भव' हुने बताउँछन् । 'यस्ता विमानका इन्जिनहरू बाहिरबाट कुनै वस्तु पस्यो भने तिनलाई निकाल्ने गरी डिजाइन गरिएको हुन्छ,' विलियम्सले भने । अस्ट्रेलियाबाट प्रकाशित हुने 'एयरलाइन रेटिङ्स'का प्रधान सम्पादक जेफ्री थमस पनि आइतबार दक्षिण कोरियामा चराको ठक्कर दुर्घटनाका लागि सम्भवतः आंशिक मात्र जिम्मेवार रहेको मान्छन् । हालसम्म उपलब्ध तथ्यांकले पाइलटहरूले 'मे डे (अत्यन्त ठुलो समस्या आएको जानकारी)' घोषणा गरेको केही समयपछि विमानबाट 'एडिएस-बी डेटा' भनेर चिनिने लोकेसन तथ्यांक एटिसीसम्म प्रसारण हुन बन्द भएको र त्यसपछि विमानमा विद्युतीय गडबडी आएको देखिएको थोमसले बताए ।

'पाइलटहरूले शृंखलाबद्ध रूपमा कैयौं गडबडीको सामना गर्नुपरेजस्तो देखिन्छ । त्यो किन भयो थाहा भएको छैन । तर, हालसम्मको तथ्यांकअनुसार के थाहा भइसकेको छ भने 'एबिएल-बी डेटा' प्रसारण रोकिएको छ । पाइलटहरूले अवतरणका लागि जहाजको पखेटाको पछिल्लो भागमा हुने फ्ल्यापाई (जसले गतिलाई धिमा गर्छ) प्रयोगमा ल्याएनन् । त्यस्तै उनीहरूले 'अन्डरक्यारेज' पनि प्रयोगमा ल्याएनन् । यी सबै चिज एटिसीले चराहरूको हुल विमानतर्फ आएको चेतावनी दिएपछि भएको छ,' थोमसले भने । विमान दुर्घटनाको मुख्य कारण पत्ता लगाउन अनुसन्धान सुरु भइसकेको छ । अनुसन्धानको अन्तिम परिणाम आउन महिनौं लाग्नेछ । दक्षिण कोरियाली अधिकारीले अमेरिकी नेसनल ट्रान्सपोर्टेसन सेफ्टी बोर्डको सहकार्यमा अनुसन्धान सुरु गरिरहेका छन् । दुर्घटनामा परेको विमान 'बोइङ' अमेरिकामा बनेको हुनाले अन्तर्राष्ट्रिय उड्डयन नियमावलीअनुसार अमेरिका पनि अनुसन्धानमा जोडिएको हो ।

व्यावसायिक उड्डयन क्षेत्रमा चराहरूको ठक्कर अपेक्षाकृत सामान्य खतरा हो । तर, कहिलेकाहीं यसले गम्भीर दुर्घटना पनि नगराउने भने होइन । अमेरिकी संघीय उड्डयन प्रशासन (एफएए)ले सन् २०२३ मा मात्रै अमेरिकी एयरपोर्टमा चरालगायत अन्य जीवसँग ठक्करका १९ हजार ४०० घटना रिपोर्ट भएका थिए । अमेरिकी वायुसेवाले सोही वर्ष देशबाहिर ५५ मुलुकमा थप २३६ ठक्करका घटना रिपोर्ट गरेको एफएएको तथ्यांकले देखाउँछ । चरासँगको ठक्करले पर्ने सबैभन्दा गम्भीर परिणाम भनेको विमानमा हुने सामान्य टुटफुट हो । यस्तो क्षतिको मर्मतका लागि विमान उद्योगले बर्सेनि १.५ अर्ब डलर खर्चने गर्छन् ।

थोमसका अनुसार हवाई उडानको वृद्धि र जहाजहरू पहिलेको तुलनामा शान्त उड्ने भएकाले विमानमा चराको ठक्करको संख्या उल्लेख्य बढेको छ । विश्वमा व्यावसायिक विमान उडानको संख्या बढेर अहिले प्रतिदिन एक लाख २० हजार पुगिसकेको छ । नियामक निकायको तथ्यांकअनुसार अधिकांश अवस्थामा चराहरूसँगको ठक्करले विमानमा कुनै पनि प्रभाव पर्दैन । सन् २०२२ मा बेलायती आकाशमा उडेका विमानमा लगभग १४०० चरा ठक्कर खाँदा जम्मा १०० भन्दा कम अवस्थामा विमानमा क्षति पुगेको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । विमानमा चराहरूको ठक्करले एकदम थोरै अवस्थामा मात्र समस्या निम्त्याउने भए पनि आक्कलझुक्कल तिनले गम्भीर दुर्घटना नगरेका भने होइनन् ।

सन् २०१९ मा इथियोपियन वायुसेवाको फ्लाइट ३०२ विमान दुर्घटना हुँदा १५७ को ज्यान गयो । अनुसन्धानदाताले एक वस्तुको ठक्करपछि (जुन चरा भएको आशंका बढी छ) विमानमा त्रुटिपूर्ण उडान नियन्त्रण प्रणाली सक्रिय भएको र विमान दुर्घटना भएको पाएका थिए । सन् २००९ मा युएस एयरवेज फ्लाइट १५४९ लागार्डिया एयरपोर्टबाट उडेको केही समयमै चराको हुलसँग ठोक्किएपछि न्युयोर्कको हडसन नदीमा अवतरण गर्न बाध्य भएको थियो । यस घटनामा केही सामान्य एयरबस ए ३२०-२१४ विमानमा सवार केही यात्रु घाइते भएका भए पनि कसैको ज्यान जान पाएन । त्यस्तै सन् १९९५ मा २४ क्यानेडियन र अमेरिकी वायुसेना सवार विमान हाँसँग ठोक्किएर अलास्कामा दुर्घटना हुँदा सबैको ज्यान गएको थियो ।

> हवाई उडानको वृद्धि र जहाजहरू पहिलेको तुलनामा शान्त उड्ने भएकाले विमानमा चराको ठक्करको संख्या उल्लेख्य बढेको छ

अस्ट्रेलियाको सी.क्यु. युनिभर्सिटीका उड्डयनविज्ञ डग ड्युअरी आइतबार दुर्घटना भएको बोइङ ७३७ विमान चरासँगको ठक्करपछि आपत्कालीन अवतरण गर्न योग्य हुनुपर्ने मान्छन् । 'दुर्भाग्यवश यस दुर्घटनाले उत्तरभन्दा धेरै प्रश्न उब्जिएका छन्,' ड्युअरीले भने । उनी प्रश्न गर्छन् कि पाइलटहरू अवतरणका क्रममा विमानको गति कम गर्न किन असफल भए ? विमानलाई पाइलटहरूले किन रनवेको विपरीत दिशामा अवतरण गरे ? विमान किन सामान्य 'ल्यान्डिङ क्षेत्र'भन्दा बाहिर गएर अवतरण गऱ्यो ? 'पाइलटहरूलाई विमानले रनवेमा छोटो दूरी तय गर्ने गरी गति कम गर्ने तालिम दिइएको हुन्छ । त्यस्तै विमान दुर्घटना हुने अवस्थामा रनवेमा किन ज्वाला-प्रतिरोधी सामग्री छरिएन ?' ड्युअरीले भने ।

मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा चराहरूको बथानलाई तर्साएर धपाउने सुरक्षाका उपाय पनि अवलम्बन गरिएको थिएन । यसका लागि सामान्यतया विश्वभर विमानस्थलले बन्दुकको आवाज निकाल्ने लाउडस्पिकर प्रयोगमा ल्याउने मुआनले बताए । दक्षिण कोरियाबाट प्रकाशित हुने दैनिक पत्रिका चोसुनको समाचारअनुसार विमानस्थलको वातावरणीय प्रभाव मूल्यांकन गरिँदा ध्वनि तोप, लेजर र चेतावनी बत्ती राख्न सिफारिस गरिएको थियो । तर, रनवे विस्तारको काम भइरहेकाले त्यस्ता उपाय कार्यन्वयनमा आउन ढिलाइ भइरहेको थियो । एभिएसन सेफ्टी एसियाका निर्देशक डेन विलियम्स चराहरूलाई तर्साउन यस्ता उपाय अपनाउनुका अतिरिक्त 'चराहरूको बसाइँसराइको मार्गमा पर्ने क्षेत्रमा विमानस्थल बनाउन नहुने बताउँछन् । 'विशेषत जाडो वा गर्मी समयमा चराहरूले बसाइँसराइ गर्ने मार्गमा विमानस्थल नबनाउनु उपयुक्त हुन्छ,' उनले भने ।

दक्षिण कोरियाले दुर्घटनापछि सोमबारदेखि सातदिने राष्ट्रिय शोक घोषणा गरेको छ । राष्ट्रिय झन्डा आधा झुकाइएको छ । कार्यवाहक राष्ट्रपति चोई साङ-मोक श्रद्धाञ्जली अर्पण गर्न दुर्घटनास्थल पुगेका थिए । अधिकारीहरूले हालसम्म १४१ जनाको शव पहिचान भइसकेको जानकारी दिएका छन् । अनुसन्धानकर्ताहरू दुर्घटनाको कारण पत्ता लगाउन सक्रिय हुँदा दक्षिण कोरियाले देशभित्र सञ्चालनमा रहेका सबै 'बोइङ ७३७-८००एस' को विशेष निरीक्षण गर्ने बताएका छन् । देशका राष्ट्रपति र प्रधानमन्त्री (जो कार्यवाहक राष्ट्रपतिको जिम्मेवारीमा थिए)लाई महाभियोग लागेपछि तीन दिनअघि मात्रै कार्यवाहक राष्ट्रपतिको जिम्मेवारी सम्हालेका चोईले देशको सम्पूर्ण उड्डयन क्षेत्रको व्यापक निरीक्षण गर्न अधिकारीहरूलाई निर्देशन दिइएको जानकारी दिए । 'मृतकको पहिचानको काम सकिएलगत्तै देशको यातायात मन्त्रालयलाई विमान दुर्घटनाको पुनरावृत्ति रोक्न सम्पूर्ण विमान सञ्चालन प्रणालीको आपत्कालीन सुरक्षा निरीक्षण गर्न अनुरोध गरिएको छ,' चोईले भने ।

- अल जजिराबाट

इतिहासमा आज

डिसेम्बर ३१



● **सन् १९११ :** चर्चित वैज्ञानिक म्यारी क्युरीले रसायनशास्त्र विधामा दोस्रोपटक नोबेल पुरस्कार पाइन् ।

● **सन् १८५७ :** ओटावालाई क्यानडाको राजधानी घोषणा गऱ्यो ।
● **सन् १८६१ :** भारतको असमस्थित चेरापुन्जीमा २२ हजार ९९० मिलिमिटर पानी परेर विश्व रेकर्ड कायम भयो ।
● **सन् १९६४ :** इन्डोनेसिया संयुक्त राष्ट्र संघबाट निष्कासित भएको घोषणा भयो ।
● **सन् १९७० :** चिल्लीका राष्ट्रपति सल्भाडोर एलेन्डेले देशका कोइला खानीको राष्ट्रियकरण गरे ।
● **सन् १९८३ :** नाइजेरियामा भएको सैन्य कुमा सेहु सागारीको नागरिक सरकार अपदस्थ भयो । त्यसको ठाँउमा मेजर जनरल मुहमदु बुहारीको सरकार स्थापना भयो ।
● **सन् १९८३ :** ब्रुनाईले बेलायतबाट पूर्ण स्वतन्त्रता हासिल गऱ्यो ।
● **सन् १९९९ :** रुसका तत्कालीन राष्ट्रपति बोरिस यल्तसिनले पदबाट राजीनामा दिए । प्रधानमन्त्री भ्लादिमिर पुटिन देशका कार्यवाहक राष्ट्रपति बने ।
● **सन् १९९९ :** अमेरिकाले औपचारिक रूपमा पानामा नहरको नियन्त्रण सो नहर रहेको देश पानामालाई हस्तान्तरण गऱ्यो ।
● **सन् २००४ :** ताइबानले तत्कालीन सबैभन्दा अग्लो गगनचुम्मी भवन 'ताइपेई १०१'को औपचारिक उद्घाटन गऱ्यो ।
● **सन् २०१८ :** सेख हसिना बंगलादेशको प्रधानमन्त्रीको रूपमा तेस्रोपटक निर्वाचित भइन् । यसै वर्षको अगस्टमा भएको विद्यार्थी आन्दोलन उत्कर्षमा पुगेपछि सत्ताच्युत हुन पुगेकी हसिना हाल भारतमा शरण लिइरहेकी छिन् ।
● **सन् २०२० :** विश्व स्वास्थ्य संगठनले फिफाइजर/बायोएनटेकलाई कोभिड-१९ विरुद्धको आपत्कालीन खोपको रूपमा स्वीकृति दियो ।

विश्व संक्षेप

बेल्जियममा इ-सिगरेटमाथि प्रतिबन्ध

ब्रसेल्स/ बेल्जियमले विद्युतीय-चुरोट (डिस्पोजेबल इ-सिगरेट)को सेवनलाई प्रतिबन्ध लगाएको छ । राष्ट्रिय तमाखुविरोधी योजनाको एक भागको रूपमा युवाको स्वास्थ्यलाई ध्यान राख्दै जनवरी १ देखि 'डिस्पोजेबल भेप्स (विद्युतीय-चुरोट)' मा रोक लगाएको हो । युरोपियन युनियनले सन् ०४० सम्ममा धुम्रपान गर्ने जनसंख्यालाई हाल २५ प्रतिशतबाट घटाएर पाँच प्रतिशतभन्दा कममा झार्ने लक्ष्य राखेको छ । इयूका केही देशले त्यो समयसीमालाई अगाडि ल्याउने योजना बनाएका छन् । पारम्परिक सुर्तीजन्य पदार्थभन्दा 'भ्याप्स'लाई कम हानिकारक भनी प्रचार गरिँदै आएको छ । निर्माताहरूले युवा प्रयोगकर्तालाई रंगीन पाकेट, मुख रसाउने स्वाद, प्रदूषित धुवाँ र गन्धबाट बच्न विद्युतीय चुरोटको प्रयोग गर्न प्रेरित गर्ने गरेको पाइन्छ । विद्युतीय चुरोटलाई सुरक्षित भनी निर्माताहरूले गर्ने प्रचारका बाबजुद यिनीहरूमा निकोटिन हुन्छ र यसले मानिसलाई धुम्रपानका लागि अत्यधिक लत लाग्छ । आलोचकहरूले प्रतिबन्धलाई यो अधिक पारम्परिक तमाखु उत्पादनका लागि सम्भावित कदम भएको दाबी गरेका छन् । बेल्जियमको धुम्रपानविहीन समाज गठबन्धन प्रवक्ता नोरा मेलार्डले भने, 'समस्या के हो भने युवाहरूले निकोटिनको मात्रा थाहा नपाई भ्याप्स प्रयोग गर्न थाल्छन् र यसको लतमा फस्छन् ।'

युक्रेनमा शान्ति सेना तैनाथ, रुसको विरोध

मस्को/ रुसी विदेशमन्त्री सर्गेई लाभरोभले रुस करिब तीन वर्षको द्वन्द्व अन्त्य गर्न कुनै सम्झौताको हिस्साका रूपमा युक्रेनमा पश्चिमी शान्ति सैनिकको तैनाथीविरुद्ध रहेको बताएका छन् । कुनै पनि शान्ति सम्झौता लागू गर्न युक्रेनमा विदेशी सेना राख्ने सम्भावनाको चर्चा पश्चिमी राजधानीमा चलिरहेको छ । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँ र पोल्यान्डका प्रधानमन्त्री डोनाल्ड टस्कले यस महिना बार्सामा भएको बैठकमा यस विषयमा छलफल गरेका थिए । रुसी विदेश मन्त्रालयले सोमबार प्रकाशित अन्तर्वार्तामा लाभरोभले राज्य सञ्चालित तास समाचार एजेन्सीलाई मस्कोले त्यो विचार र अमेरिकी राष्ट्रपति-निर्वाचित डोनाल्ड ट्रम्पले प्रस्ताव गरेका अन्य कुराको विरोध गरेको बताए । 'निःसन्देह युक्रेनको नाटो सदस्यता २० वर्षका लागि स्थगित गर्ने र युक्रेनमा 'बेलायती र युरोपेली सेना'को शान्ति सेना पठाउने राष्ट्रपति-निर्वाचितका प्रतिनिधिले उठाएका प्रस्तावबाट हामी सन्तुष्ट छैनौं,' उनले भने ।

प्राकृतिक प्रकोपअघिको पूर्वतयारीले गराउँछ न्यून क्षति

जब जमिन हल्लिन थाल्छ वा खोलाको बाढी घरभित्र पस्छ, यो प्रकृतिको क्रोध होइन, यो त केबल कमजोर सामाजिक, भौतिक र पारिस्थितिक प्रणालीको उपज हो

सन् २०१० मा हाइटीमा ३० सेकेन्डभन्दा कम समयमा आएको भूकम्पमा दुई लाखभन्दा बढीको ज्यान गयो, १५ लाख मानिस घरबारविहीन भए । त्यो आधा मिनेटको डरलाग्दो अवस्थापछि आवश्यक पुनर्निर्माणका वर्षमा मजस्ता वातावरणविद् सहयोगमा सामेल भयौं । एकपटक हलचल भएको भग्नावशेषमा मैले मानिसलाई फेरि नयाँ जीवन सुरु गरेको देखें । एउटी महिला मेरो सम्झनामा रहिरहन्छिन्- उनले एउटा कुच्चिएको कफीको क्यान भेट्टाइन्, माटोले भरिन् र बिउ रोपिन् ।

सबैभन्दा अन्धकारमय, आशाहीन देखिने क्षणमा पनि मानिसहरू प्रकृतिको नवीकरण र पुनर्स्थापना गर्ने क्षमतातर्फ आकर्षित हुन्छन् । तर, प्रकृति एकभन्दा धेरै तरिकामा हाम्रो सहयोगी हो । प्रकृतिलाई हाम्रो विपत् 'रिकभरी' रणनीतिको मुख्य भाग बनाएर हामी समुदायलाई पहिलेभन्दा अझ बलियो र लचिलो बनाउन सक्छौं ।

एक सुरक्षित, अधिक लचिलो पाठ्यक्रम प्रक्षेपण गर्नु भनेको 'प्राकृतिक प्रकोप'जस्तो कुनै चिज छैन भनेर पहिले स्वीकार गर्नु हो । 'प्राकृतिक' शब्दले यी घटना पूर्णतया हाम्रो नियन्त्रणबाहिर छन् भन्ने संकेत गर्छ, जसको अर्थ सतही रूपमा प्राकृतिक प्रकोपबाट जोखिम कम गर्ने र तयारीमा रहने भन्ने बुझिन सकिन्छ । तर, जब जमिन हल्लिन थाल्छ वा खोलाको बाढी घरभित्र पस्छ यो प्रकृतिको क्रोध होइन, यो त कमजोर सामाजिक, भौतिक र पारिस्थितिक प्रणालीको उपज हो ।

प्रकोपहरूले हाम्रो कमजोरी प्रकट गर्छन्, तिनीहरूले हामीले समाजको रूपमा गर्ने छनोट प्रतिबिम्बित गर्छन् । जब हामी धेरै प्राकृतिक संसारलाई नष्ट गर्छौं, हामी समुदायलाई प्रकोपका लागि तयार रहन अझ कमजोर बनाउँछौं । उदाहरणका लागि हाम्रा घट्दै गएका वन लिनुहोस् । रूखहरू काट्नाले माटो र वनस्पतिलाई संरक्षण गर्ने जरा मासिन्छन् । जराले पानी सोस्नुका साथै माटोलाई क्षय हुनबाट जोगाउँछ । यी प्राकृतिक प्रणालीको विनाशले बाढी र पहिरोको जोखिम बढ्छ । हामी नदीको किनारामा नहर बनाउँछौं र जमिन वा मैदानको बिचबाट खोला लैजान्छौं भने हामीले हाम्रै तरिकाले वातावरणमा पानीको बाटोलाई परिवर्तन गर्दै छौं । जब हामी तटीय क्षेत्रका वृक्ष र बालुका थुम्का हटाउँछौं, हामी समुद्री किनारलाई आँधीबेहरीमा पर्दाफास गरेका हुन्छौं ।

पृथ्वीमा जीवनलाई समर्थन गर्न, परिवर्तनशील मौसममा अनुकूलन गर्न र प्रकोप जोखिम कम गर्न प्रकृति आधारभूत छ । हामीले प्रकृतिसँग यसको विरुद्धमा नभई काम गर्दा के सम्भव छ भनेर विश्वभरका समुदायले देखाउने केही तरिका विचार गर्नुपर्छ । प्रकोप प्रतिक्रियाको मुख्य सिद्धान्तमध्ये एक 'पहिले, कुनै हानि नगर्नुहोस्' हो र यो प्रकोप पछिको गहन मूल्यांकनबाट सुरु हुन्छ ।

रुपान्तरणको अर्को प्रक्रियामा अन्य कुराका साथै २१औं शताब्दीको स्वच्छ-ऊर्जा प्रणाली अवलम्बन गर्न सकिन्छ । सन् २००७ मा शक्तिशाली इएफ-५ टोर्नाडोले सहरको ९५ प्रतिशत नष्ट गरेपछि ग्रिन्सबर्गले दिगो पुनर्निर्माण लक्ष्य र आफ्नो पुनर्निर्माण योजनामा वायु, सौर्य र भू-तापीय ऊर्जालाई एकीकृत गऱ्यो । मानव निर्मित प्रकोपहरूले पनि यहाँ पाठ सिकाएका छन्, युक्रेनमा (जहाँ चलिरहेको युद्धले ऊर्जा क्षेत्रलाई गम्भीर क्षति पुऱ्याएको छ) सरकार उच्च उत्सर्जनयुक्त थर्मल पावरबाट अन्य विकल्पमा सरेको छ ।



> हामीसँग विकल्प छ । हामी परम्परागत प्रविधि, इन्जिनियरिङ र सामग्रीमा भर परेर उही कमजोरीहरूलाई उजागर गर्ने कि नवीनतालाई अँगाल्ने ? यो हामीमा नै भर पर्छ ।

जीवाश्म इन्धनमा निरन्तर निर्भरताले आगोमा घिउ थप्छ, हानिकारक कार्बन उत्सर्जन घटाएर ग्रिन्सबर्गजस्ता समुदाय र युक्रेनजस्ता राष्ट्रले खराब जलवायु प्रभावलाई कम गर्न मद्दत गरिरहेका छन् । यसबाहेक सफा ऊर्जाको अंगीकारले अत्यावश्यक रोजगार कटौतीलाई थप्छ ।

सन् २००५ मा हुरिकेन स्टेनको पूर्वसन्ध्यामा ग्वाटेमाला र मेक्सिकोले लचिलोपन सुधार गर्न र भविष्यको प्रकोप जोखिम कम गर्न आफ्नो खेती प्रणाली विविधीकरण गरे । त्यस्तैगरी, हुरिकेन माइकलले सन् २०१८ मा फ्लोरिडाको टिन्डल एयर फोर्स आधारलाई व्यावहारिक रूपमा नष्ट गरिसकेपछि सेनाले बालुको किनारालाई सुदृढीकरण, दलदल पुनर्स्थापना, समुद्री घाँस लगाएर आँधीबेहरीविरुद्ध हवाई आधारको प्राकृतिक सुरक्षालाई बलियो बनायो ।

निर्माण सामग्रीको चयनले पनि ठुलो फरक पार्छ । सन् २०२१ को मार्सल फायरपछि (कोलोराडोको इतिहासमा सबैभन्दा महँगो डढेलो) केही पुनर्निर्माण परियोजनाले कम्प्रेस्ड अर्थ ब्लकहरू जस्ता दिगो सामग्री प्रयोग गरे । यसो गर्दा तिनीहरूले उत्पादन र निर्माण लागत घटाउन सक्छन्, आगो र बाढीबाट सुरक्षा प्रदान गर्न सक्छन् र थप प्राकृतिक स्रोतहरूको निकासीलाई कम गर्न सक्छ ।

हामीसँग विकल्प छ । परम्परागत प्रविधि, इन्जिनियरिङ र सामग्रीमा भर परेर उही कमजोरीलाई उजागर गर्ने कि नवीनतालाई अँगाल्ने ? यो हामीमा नै भर पर्छ । भविष्यका झट्का र तनावहरूको सामना गर्न थप बलियो हुन समुदायलाई पुनर्निर्माण गर्न सक्छौं ।

समाजमा सँगै काम गरेर नीति-निर्माता, इन्जिनियर, सामुदायिक आयोजक, वातावरणविद्, सहरी योजनाकार, वकिल, व्यवसाय मालिक, गैरनाफामुखी समूह र दैनिक नागरिकहरूले आफ्ना समुदायलाई संकटको सामना गर्न पुनर्निर्माणका लागि मद्दत गर्न सक्छन् ।

ग्रिन्सबर्गको आँधीबेहरीपछि सामूहिक प्रयास र दृष्टिकोणले यी समाधान पक्षपातपूर्ण राजनीतिभन्दा बाहिर गएको प्रमाणित गऱ्यो । आगलागी, बाढी र अन्य प्राकृतिक प्रकोपले मानिस, व्यवसाय र प्रकृतिलाई निम्त्याउने खतरालाई पहिचान गर्न तपाईंले जलवायु परिवर्तनमा विश्वास गर्नु आवश्यक छैन । विपत् जोखिम कम गर्नमा हामी सबैको पहल र चासो आवश्यक छ । वातावरणीय व्यवस्थापनले कुनै पनि समुदायको सुरक्षित भविष्य सुनिश्चित गर्नु महत्त्वपूर्ण विषय हो । प्रकोपको प्रभावबाट सिकेकाहरूलाई थाहा छ कि लचिलो समाजलाई लचिलो पारिस्थितिक प्रणाली चाहिन्छ, विशेषगरी परिवर्तनशील जलवायु भएको संसारमा । कफीको क्यानमा बिउ रोप्ने सानो कार्यबाट सम्पूर्ण जंगल र सिमसारको पुनर्स्थापना गर्न प्रकृतिसँग साझेदारी हाम्रो अस्तित्वका लागि आवश्यक छ ।

(सिएनएनका लागि अनिता भान ब्रेडाको रिपोर्ट)

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार १६ पुस ०८१

संक्षेप

सडकलाई आर्थिक समृद्धिसँग जोड्नुपर्छ : मन्त्री दाहाल



काठमाडौं/ भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले सडक तथा संरचनाहरूलाई आर्थिक समृद्धिसँग जोड्नुपर्ने बताएका छन् । सडक बोर्ड नेपालको २२औं स्थापना दिवसको अवसरमा सोमबार आयोजित कार्यक्रममा उनले यस्तो बताएका हुन् । अब बन्ने संरचनाहरूले देशको समृद्धि यात्रामा कति महत्त्व राख्छन् भन्ने विषयलाई ध्यान दिन जरुरी रहेको उनले बताए । नेपाल अझै पनि निर्माणकै चरणमा रहेको उल्लेख गर्दै मन्त्री दाहालले अब बन्ने संरचनाहरूलाई दिगो, सुरक्षित र उपयोगी बनाउनेतर्फ ध्यान दिनुपर्ने बताए ।

जनजीविका, राजस्व संकलन, आर्थिक क्रियाकलाप तथा बृहत् जनसंख्या र भूगोललाई प्रत्यक्ष फाइदा पुऱ्याउने योजनाहरूमा मन्त्रालयले प्राथमिकता दिएको भन्दै मन्त्री दाहालले अब कुनै पनि संरचना निर्माण गर्दा प्राथमिकता निर्धारण गर्नुपर्नेसमेत बताए । कार्यक्रममा मन्त्री दाहालले सडक बोर्डअन्तर्गत रहेका रुग्ण ठेक्काहरूको शीघ्र व्यवस्थापन गर्न निर्देशन दिँदै सडक मर्मतसँगै अनुगमनलाई समेत प्रभावकारी बनाउन आग्रह गरे ।

बोर्डका अध्यक्षसमेत रहेका मन्त्रालयका सचिव केशवकुमार शर्माको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले आर्थिक वृद्धिको प्रमुख आधार सडकसमेत भएकाले आर्थिक विकास र वृद्धिलाई सहयोग पुग्ने गरी सडक सञ्जाल विस्तार गर्नुपर्ने बताए । बोर्डका कार्यकारी निर्देशक गणेश केसीले बोर्डलाई स्वायत्त बनाउनेतर्फ सरकारको ध्यान जानुपर्ने बताए । कार्यक्रममा बोर्डका पूर्वसदस्यहरूलाई सम्मान गरिएको थियो । कार्यक्रममा बोर्डको गत आर्थिक वर्षको प्रतिवेदनसमेत सार्वजनिक गरिएको थियो ।

'संघीय सरकारका कारण विकासमा ढिलाइ'

अछाम/ सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिमका मुख्य विकास योजना ढिलाइ हुनुमा संघीय सरकार दोषी रहेको आरोप लगाएका छन् ।

सोमबार अछामको जिल्ला सभामा स्थानीय जनप्रतिनिधिहरूले प्रदेश सरकारले आफूनिकट व्यक्तिहरूमार्फत योजना बाँड्ने गरेको र आफूहरूले प्रस्ताव गरेका योजनामा बेवास्ता गरेको आरोप लगाएपछि मुख्यमन्त्री शाहले त्यस्तो भन्ने व्यक्तिको रेकर्ड तत्काल उपलब्ध गराउन आग्रह गरे । उनले बेतन कर्णाली जलविद्युत् आयोजना संघ सरकारकै कारण अन्योलमा परेको बताए । 'सञ्चयकोषले हात झिक्ने सुन्दै छु,' उनले भने, 'अब अर्कैको जिम्मा लगाइँदै छ । हामी यसमा सचेत हुनुपर्छ ।' मुख्यमन्त्री शाहले बेतन कर्णाली प्रदेश सरकारलाई कार्यान्वयन गर्न दिए आफूहरूले लगानी जुटाउने बताए । सेती लोकमार्ग, बुढीगंगा जलविद्युत् आयोजना र यस क्षेत्रको पर्यटन विकासबारे पनि प्रदेश सरकारले पहल गरिरहेको उनले बताए ।

पोखरामा खुदो मेला



पोखरा/ उखु उत्पादनको आकर्षणलाई दृष्टिगत गर्दै पोखरा महानगरपालिकाले विगत तीन वर्षयता वडा नं ३२ को मालेपाटन ढोडबँसी क्षेत्रलाई उखु पकेट क्षेत्र घोषणा गरी उत्पादनलाई प्रोत्साहन गरिरहेको छ । महानगरपालिकाले उखु पकेट क्षेत्रका रूपमा यस क्षेत्रमा विभिन्न किसिमका प्रोत्साहन सहयोग गरिरहेको आर्थिक महानगरको विकास महाशाखा प्रमुख मनोहर कँडरियाले बताए । यस क्षेत्रमा उखुखेतीको आकर्षण एवं सम्भावनालाई दृष्टिगत गरी तीन वर्षयता उखु पकेट क्षेत्र घोषणा गरिएको उनले बताए ।

मालेपाटन ढोडबँसीको खुदो उत्पादनको इतिहासलाई जगेर्ना गर्दै कृषकलाई थप उत्प्रेरित गर्न महानगरका कृषि विकास शाखा एवं व्यवसाय प्रवर्द्धन केन्द्रले खुदो मेला आयोजना गरिएको उनले बताए ।

वायुसेवा निगमका दुईवटै ट्विनअटर ग्राउन्डेड, डेढ सय कर्मचारी कामविहीन

आन्तरिक उडान ठप्प भएसँगै मासिक सातदेखि १० लाखसम्म तलब खाने पाइलट फुर्सदिला

नवीन अर्याल/नयाँ पत्रिका

नेपाल वायुसेवा निगम (नेवानि)का दुईवटै ट्विनअटर विमान बिग्रिएर उडान ठप्प भएपछि आन्तरिकतर्फ कार्यरत पाइलट र इन्जिनियरसहित करिब डेढ सय कर्मचारी कामविहीन बनेका छन् । निगमका ट्विनअटर ९एन-एबिटी २३ जेठदेखि र ९एन-एबियू ७ पुसदेखि उडान आवर सकिएर ग्राउन्डेड गरिएका छन् ।

निगमले दुईवटा ट्विनअटर विमानबाट सातामा देशका १८ गन्तव्यमा उडान गर्दै आइरहेको थियो । उडान ठप्प भएपछि इन्जिनियर, पाइलट, प्राविधिकदेखि सेल्स र सपोर्ट स्टाफसम्म कामविहीन बनेका हुन् । निगममा आन्तरिकतर्फ १९ इन्जिनियर, करिब ५० प्राविधिक (टेक्निसियन र सपोर्ट स्टाफ), स्थायी र अस्थायी गरी १५-१६ जना पाइलट तथा एयरहोस्टेस र उपत्यकाबाहिर करिब ४० कर्मचारी कार्यरत रहेको स्रोतको भनाइ छ । ट्विनअटर उडाउनका लागि अस्थायी पाइलट पनि छन्, मासिक सातदेखि १० लाखसम्म तलब खाने पाइलट जहाज ग्राउन्डेड भएसँगै फुर्सदिला भएका छन् । निगममा पाइलटदेखि कर्मचारीसम्म कन्ट्र्याक्टमा काम गर्ने धेरै छन्, जसलाई मासिक करोडौं तलब-भत्तामा खर्चिनुपर्छ ।

निगमले दुईवटा ट्विनअटर विमानबाट विराटनगर, नेपालगन्ज, डोल्पा, सिमिकोट, दाङ, सुर्खेत, मुगुको ताल्चा, जुम्ला, बाजुरा, रुकुम, थामखर्क, खानीडाँडा, भोजपुर, फाप्लु, ताप्लेजुङ, रेसुङ्गा, इलाम, रुम्जाटारलगायत विमानस्थलमा उडान गर्दै आइरहेको थियो । निगमले नेपालगन्जलाई बेस बनाएर पश्चिम क्षेत्रका सातवटा गन्तव्यमा उडान गर्न मात्रै ११ कर्मचारी कार्यरत छन् । स्रोतका अनुसार विराटनगरमा आठ वर्षदेखि उडान नभए पनि पाँचजना कर्मचारी कार्यरत छन् । विराटनगरबाट भोजपुरमा उडानतालिका राखिए पनि नियमित उडान भने नभएको स्रोत बताउँछ । सुकेटार, भोजपुर, रुकुम, ताल्चा, फाप्लु, खानीडाँडामा तीन-तीन, बाजुरा, सिमिकोट, जुम्लामा दुई-दुई र गुल्मीको रेसुंगामा एकजना कर्मचारी कार्यरत रहेको स्रोत बताउँछ ।

■ नेतृत्वको अक्षमताले आन्तरिक उडान ठप्प

निगममा ट्विनअटर विमानका लागि जगेडा इन्जिन नभएका होइनन् । तर, सबै इन्जिन बिग्रिएका र समयमै मर्मतमा चासो नदिइएको हुँदा फेरबदल गर्ने इन्जिन नभएर दुईवटै ट्विनअटर ग्राउन्डेड गर्नुपरेको हो । यदि निगम नेतृत्व



नियमित उडानमा प्रतिबद्ध हुन्थ्यो भने बिग्रिएका इन्जिन पहिल्यै मर्मत वा सट्टापट्टा गरेर जगेडा राखिनुपर्ने निगमका एक कर्मचारीले बताए ।

निगम व्यवस्थापनले पहिलो जहाज ९एन-एबिटी



ग्राउन्डेड भएको साढे ६ महिनापछि बल्ल इन्जिन सट्टापट्टा र मर्मतका लागि मेन्टेनेन्स, ओभरहल अर्गनाइजेसन (एमआरओ) नियुक्त गरेको छ । इजरायलको एमआरओ कम्पनी बेट सेमेस इन्जिन लिमिटेडसँग ४५ दिनभित्र ओभरअल इन्जिन दिने र निगमका इन्जिन मर्मतका लागि लैजाने सहमति भएको बताइन्छ । तर, निगम नेतृत्वको कार्यशैलीका कारण अझै डेढ-दुई महिना ग्राउन्डेड जहाज नियमित उडानमा फर्किने सम्भावना नरहेको स्रोतको दाबी छ । निगमसँग भएका ६ थान इन्जिन वर्षौंदेखि मर्मत गरेर नराखेकै कारण जगेडा इन्जिन अभावले आन्तरिक उडान ठप्प भएको हो ।

निगमले पहिलोपटक बोलपत्र आह्वान गर्दा अन्तिम दिन २ सेप्टेम्बर २०२४ सम्म बेट सेमेस र मेटर ट्रेडिङ कम्पनीले प्रस्ताव पेस गरेका थिए । बेट सेमेस नेपाल नागरिक उड्डयन प्राधिकरण, इसा, अमेरिकन उड्डयनबाट मान्यताप्राप्त विमान र इन्जिन मर्मत गर्ने संस्था हो । इजरायली कम्पनी बेट सेमेससँग निगमले विगतमा पनि विभिन्न समयमा इन्जिन सट्टापट्टा गरिसकेको छ । मेटर कम्पनी ८ साउन ०७५ मा आयात-निर्यातको उद्देश्यले स्थापना भएको नेपाली कम्पनी हो, जोसँग इन्जिन मर्मतको अनुभव छैन । यसले सेटिङ मिलाएर निगमसँग मात्र कारोबार गर्दै आएको छ । पहिलोपटकको टेन्डरमा सेमेस बाहिरिएपछि निगम व्यवस्थापनले टेन्डर नै रद्द गरेको बताइन्छ । दोस्रोपटकको टेन्डरमा पुरानै बेट सेमेसले मात्र प्रस्तावसहित ठेक्कामा सामेल भयो । मेटर ट्रेडिङलाई ठेक्का दिने प्रपञ्च असफल भएपछि दुई-तीन दिनमा सक्नुपर्ने प्रस्ताव मूल्यांकनको कामलाई दुई महिना लगाइएको स्रोत बताउँछ । निगम व्यवस्थापन सेटिङमा लागेपछि समयमै एमआरओ छनोट हुन नसकेको र जहाज अनिश्चितकालीन ग्राउन्डेड भएका छन् ।

■ ग्राउन्डेड विमानको कथा

९एन-एबिटी २३ जेठमा काठमाडौंबाट गुल्मीको रेसुंगा विमानस्थल उडानका क्रममा इन्जिनमा समस्या आएर ग्राउन्डेड गरिएको थियो । ९एन-एबिटीको अन्तिम उडान नेपालगन्जबाट काठमाडौं गरेको थियो । मौसमका कारण जहाज पोखरा डाइभर्ट गरी काठमाडौं ल्याइएको थियो । जहाजको इन्जिनको आन्तरिक मर्मत गर्दा इन्जिन सिज भएको देखियो । निगमसँग मौज्दात इन्जिन नहुँदा जहाज अहिलेसम्म ग्राउन्डेड अवस्थामै छ । स्रोतका अनुसार सो जहाजका इन्जिन तथा पार्टपुर्जाहरू झिकेर अर्को जहाज ९एन-एबियूमा राखिएको छ ।

निगमले एउटा जहाज ग्राउन्डेड भएपछि अर्को जहाज जेठदेखि नै उडान आवर सेभिङ रणनीतिमा उडान गरिरहेको थियो । त्यो पनि उडान आवर सकिएर ७ पुसदेखि ग्राउन्डेड अवस्थामा छ । यो जहाजको दायाँतर्फको इन्जिनको फ्लाइट आवर समाप्त भएर ग्राउन्डेड गरिएको हो । २१ डिसेम्बरमा ९एन-एबियूमा जेठमा ग्राउन्डेड भएको जहाजको इन्जिन राखेर उडान गर्ने कोसिस भएको थियो । निगम नेतृत्वको दबाबका कारण प्राविधिक टोलीले फिट टु फ्लाइट दिएको थियो । तर, जहाज रनअप गरेर हेर्दा फेरफार गरेको इन्जिनमा मेटालिक चिप्स देखिएपछि ९एन-एबियूले उडान गर्न सकेन । बिग्रेको इन्जिन जडान गरेर जहाजलाई फिट टु फ्लाइट दिनु हवाई सुरक्षाका हिसाबले गम्भीर लापरबाही हो ।

निगममा हवाई सुरक्षामा खेलाँची भएको यो पहिलोपटक भने होइन । यसअघि ट्विनअटरकै अधिकतम ३६ सय घण्टासम्म उडाउन सकिने पिटी६-२७ नामक इन्जिनलाई निगमले चार सय घण्टा थपेर चार हजार घण्टासम्म उडाएको स्रोतको भनाइ छ । निगमको उडानतालिकाअनुसार चार सय घण्टा समय थप गर्दा करिब अढाई महिनाभन्दा बढी उडान गर्न सकिन्छ । युरोपियन युनियन (इयू)ले हवाई सुरक्षामा कैफियत देखाउँदै वर्षौंदेखि कालोसूचीमा राखिरहेका वेलामा यस्ता गतिविधिले थप असर पर्ने देखिन्छ । निगम व्यवस्थापनले सेटिङमा मेटर ट्रेडिङलाई इन्जिन मर्मत तथा सट्टापट्टाको जिम्मेवारी दिने मनसायकै कारण एमआरओ छनोटमा ढिलाइ भएको स्रोतको दाबी छ । यो कम्पनीले अरू कम्पनीसँग डिल गरेर जहाजको इन्जिनको सप्लाई गर्ने उद्देश्य राखेको थियो । स्रोतका अनुसार हालै मात्र निगम व्यवस्थापनले एक ब्याच सिनियर कर्मचारी हुँदा-हुँदै जुनियर सन्तोष पाण्डेलाई कस्टोमर सर्भिस डाइरेक्टर बनाएको छ ।

पाँच महिनामा ६ अर्ब मूल्यका ४५ हजार बिमा पोलिसी सरेन्डर

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ को पाँच महिनामा ६ अर्ब १० करोड रुपैयाँबराबरका ४५ हजार ६० वटा जीवन बिमा पोलिसी सरेन्डर भएका छन् । यो कुल पाँच महिनामा संकलन भएको जीवन बिमा प्रिमियमको करिब ९.२३ प्रतिशत हो । समीक्षा अवधिमा ६६ अर्ब १४ करोड ५३ लाख रुपैयाँबराबरको जीवन बिमा व्यवसाय (बिमाशुल्क संकलन) भएको नेपाल बिमा प्राधिकरणको तथ्यांकले देखाएको छ । गत आवको पाँच महिनामा ६१ अर्ब ७५ करोड ८० लाख रुपैयाँको जीवन बिमा व्यवसाय भएको थियो । सो अवधिमा पाँच अर्ब ५३ करोड दुई लाख रुपैयाँबराबरको पोलिसी सरेन्डर भएको थियो । संख्याका आधारमा ४४ हजार नौ सय ५५ वटा पोलिसी सरेन्डर भएका थिए । यो सो अवधिमा संकलन भएको प्रिमियमको तुलनामा ८.९४ प्रतिशत हो ।

गत आवभरमा भने ९.२६ प्रतिशतको अनुपातमा जीवन बिमा सरेन्डर भएको थियो । गत आवमा एक खर्ब ५६ अर्ब ५० करोड रुपैयाँबराबर जीवन बिमा व्यवसाय भएको थियो । त्यसमा १४ अर्ब ५० करोड १२ लाख रुपैयाँबराबरको बिमा सरेन्डर भएको थियो । गत आवमा एक लाख १३ हजार नौ सय ७६ जनाले बिमा सरेन्डर गरेका थिए ।

दक्षिण एसियाका अन्य मुलुकको तुलनामा यो अनुपातमा पोलिसी सरेन्डर हुनुलाई सामान्य मानिन्छ । तर, नेपालको अर्थतन्त्र सानो भएका कारण चिन्ता गर्नुपर्ने स्थिति रहेको नेपाल बिमा प्राधिकरणका निर्देशक तथा प्रवक्ता सुशीलदेव सुवेदी बताउँछन् । 'दक्षिण एसियामा यो अनुपातको बिमा सरेन्डरलाई सामान्य नै लिइन्छ । तर, नेपालको परिवेशमा सामान्य मान्न सकिएको छैन,' उनले भने, 'नेपालको अर्थतन्त्र सानो भएको कारण डराउनुपर्ने स्थिति पनि छ ।'

विशेष गरी पछिल्लो समय कायम आर्थिक शिथिलताका कारण पनि बिमा सरेन्डर उच्च रहेको उनको भनाइ छ । 'पछिल्लो समय कायम आर्थिक शिथिलताले कतिपय बिमितको क्रयशक्ति कमजोर बनेको छ । त्यसले गर्दा उनीहरूले बिमा पोलिसीलाई निरन्तरता दिन सकेका छैनन्,' उनले भने, 'त्यसपछि उनीहरूले पोलिसी सरेन्डर गरेर बिमा रकम फिर्ता लगेका छन् ।'

कतिपय अभिकर्ता तथा बिमितले रणनीतिक रूपमा पोलिसी सरेन्डर गर्ने गरेको पनि कम्पनीहरू बताउँछन् । अहिले पोलिसी सरेन्डर बढ्नुको मुख्य कारण यो पनि रहेको उनीहरूको भनाइ छ ।

कतिपय अभिकर्ताले कम्पनी परिवर्तन गर्दा आफ्नो नजिकका बिमितलाई पनि सँगै लिएर जाने गरेका छन् । यसैगरी कमिसनका लागि पनि पोलिसी बन्द गराएर पुनः बिमा गराउने प्रवृत्ति रहेको एक कम्पनीका सिइओले बताए । '२०-२५ वर्षको अवधि राखेर बिमा गरिन्छ । तर, अभिकर्तालाई १० वर्ष मात्र कमिसन दिने नीति छ । त्यसमा सुरुका वर्ष धेरै कमिसन पाइन्छ,' उनले भने, 'त्यो अवस्थामा अभिकर्ताले कमिसनका पोलिसी बन्द गर्न लगाएर पुनः बिमा गराएका पनि हुन सक्छन् ।'

पहिला बिमा गरेको दुई वर्षसम्म पोलिसी बन्द गर्न पाइने थिएन । अभिकर्ताले कमिसनका लागि नियोजित रूपमै पोलिसी बन्द गराउँदै बिमा गराउने गरेको पाइएपछि नेपाल बिमा प्राधिकरणले चैत ०७७ मा निर्देशन जारी गर्दै बिमा पोलिसी किनेको दुई वर्षसम्म पोलिसी सरेन्डर गर्न नपाउने सीमालाई तीन वर्ष पुऱ्याएको थियो । तैपनि, पोलिसी सरेन्डर बढ्ने क्रम जारी नै छ ।

भारतबाट थप ३५० मेगावाट विद्युत् आयात गर्न सहमति

बिहार र उत्तर प्रदेशबाट विद्युत् आयात गर्न पाइने, अब भारतबाट एक हजार चार मेगावाटसम्म विद्युत् आयात गर्ने

मिलन विश्वकर्मा/नयाँ पत्रिका



भारतले आफ्नो खुला बजार अर्थात् इनर्जी एक्सचेन्ज मार्केटबाट थप तीन सय ५० मेगावाट विद्युत् खरिद गर्न नेपाललाई सहमति दिएको छ । भारतको केन्द्रीय विद्युत् प्राधिकरणले बिहार र उत्तर प्रदेशको ग्रिडमार्फत सोबाराबरको विद्युत् खरिद गर्न नेपाल विद्युत् प्राधिकरणलाई सोमबार सहमति पठाएको हो ।

प्राधिकरणले बिहार र उत्तर प्रदेशसँग जोडिएका एक सय ३२ केभी क्षमताका नौ अन्तरदेशीय प्रसारणलाइनबाट विद्युत् आयात गर्न सक्नेछ । अहिले कटैयाँमा तीन, रक्सौलमा दुई, रामनगरमा एक, सम्पटियामा दुई र टनकपुरमा एक गरेर नौवटा साना अन्तरदेशीय प्रसारणलाइन छन् ।

यद्यपि, यसअन्तर्गत खरिद गरिने विद्युत्को बिडिङ पनि भारतको इनर्जी एक्सचेन्ज मार्केटमै गर्नुपर्नेछ । यसको म्याद भने आगामी जुन मसान्तसम्म रहेको प्राधिकरणले जानकारी दिएको छ । तर, यसअन्तर्गत पनि साँझको पिक आवरको ६ देखि नौ बजेसम्म विद्युत् आयात गर्न पाइनेछैन । प्राधिकरणले डे-अहेड (भोलिका लागि आज बिडिङ गर्ने) र रियल टाइम (एक घण्टापछिका लागि अहिले बिड गर्ने) मोडेलमा विद्युत् खरिद गर्न स्वीकृत दिएको हो । भारतले यसअघि केन्द्रीय ग्रिडमार्फत ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारणलाइनबाट ६ सय मेगावाट र टनकपुर अन्तरदेशीय प्रसारणलाइनबाट ५४ मेगावाट गरेर ६ सय ५४ मेगावाट विद्युत् खरिद गर्न प्राधिकरणलाई सहमति दिएको थियो । त्यसको म्याद १५ मार्च (२ चैत)सम्म रहेको छ । त्यसमा पनि साँझ ६ देखि नौ बजेसम्म विद्युत् खरिद गर्न पाइन्न ।

अहिले पनि भारतले सोही मोडेलमा थप तीन सय ५० मेगावाट विद्युत् खरिद गर्न सहमति दिएको हो । यसको म्याद भने आगामी जुन मसान्त (१५ असार)सम्म रहेको छ । योसँगै अब भारतबाट एक हजार चार मेगावाटसम्म विद्युत् आयात गर्न अनुमति प्राप्त भएको छ । अहिले दिउँसोको समयमा चार सय मेगावाटसम्म विद्युत् आयात भइरहेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अब विद्युत् माग क्षेत्र (लोड सेन्टर)का आधारमा विद्युत् आयात गर्न सकिने बताए । 'यसअघि ढल्केबर अन्तरदेशीय प्रसारणलाइनबाट मात्रै विद्युत् आयात गर्न पाइन्थ्यो । टनकपुरबाट आयात हुने ५४ मेगावाट विद्युत् पश्चिम क्षेत्रमै आपूर्ति हुन्थ्यो । तर, आन्तरिक प्रसारणलाइनको क्षमताले नपुग्दा भारतबाट ढल्केबरसम्म ल्याइएको विद्युत् पश्चिमतर्फ प्रसारण गर्न सकिएको थिएन । त्यसले गर्दा वीरगन्जलगायतका क्षेत्रमा विद्युत् आपूर्ति गर्न चुनौती भइरहेको छ,' उनले भने, 'अहिले भारतले बिहार र उत्तर प्रदेशको ग्रिडबाट तीन सय ५० मेगावाट विद्युत् खरिद गर्न स्वीकृत दिएको छ । योसँगै अब हामीले भारतका उक्त दुई प्रदेशसँग जोडिएका एक सय ३२ केभीका नौवटा अन्तरदेशीय प्रसारणलाइनबाट पनि विद्युत् आयात गर्न पाउँछौं । त्यो अवस्थामा जुन क्षेत्रमा विद्युत् चाहिन्छ, त्यही क्षेत्रनजिकको अन्तरदेशीय प्रसारणलाइनबाट विद्युत् आयात गरेर आपूर्ति गर्नेछौं ।'

अब दिउँसो पर्याप्त मात्रामा विद्युत् आयात गरेर पिक आवरमा नेपालका अर्धजलाशय आयोजना सञ्चालन गरिने उनले बताए । 'विद्युत् अभाव हुँदा पिकिङ रन अफ रिभर प्रकृतिका आयोजना पनि दिउँसो चलाउनुपर्ने दबाब आउन सक्थ्यो । त्यो अवस्थामा साँझ पिक आवरमा झन् समस्या आउँथ्यो,' उनले भने, 'तर, अब दिउँसो भारतबाट पर्याप्त मात्रामा विद्युत् आयात गर्न पाइन्छ । त्यो अवस्थामा नेपालमा भएको पिकिङ रन अफ रिभर आयोजनालाई दिउँसो बन्द गरेर साँझ चलाउनेछौं ।'

अहिले भारतबाट विद्युत् आयात गर्न नपाएपछि र चार सय ५६ मेगावाटका परियोजना बाढीले प्रभावित भएपछि साँझ पिक आवरमा विद्युत् माग धान्न पुगेको छैन । फलस्वरूप साँझ पिक आवरमा उद्योगमा विद्युत् कटौतीसमेत गरिएको छ । पिक आवरमा तीन सय ५० मेगावाट हाराहारीमा विद्युत् अपुग हुने गरेको छ ।

कार्यकारी निर्देशक घिसिङले चार सय ५६ मेगावाटको माथिल्लो तामाकोशी र एक सय ४४ मेगावाटको कालीगण्डकी अर्धजलाशययुक्त परियोजना सञ्चालनमा आएपछि साँझ पिक आवरमा पनि विद्युत् आपूर्ति सहज हुने बताए । 'माथिल्लो तामाकोशी अहिले नदी प्रवाहमा आधारित भएर सञ्चालनमा आइसकेको छ । तर, पानी जम्मा गरेर पिक समयमा चलाउन भने अझै दुई हप्ता समय लाग्नेछ । यसैगरी एक सय ४४ मेगावाटको कालीगण्डकीको पनि मर्मत सकिएर केही समयमा सञ्चालनमा आउनेछ । पिक आवरमा सञ्चालन गर्न सकिने आयोजना आठ सय मेगावाट हाराहारीमा छन् । माथिल्लो तामाकोशीलगायतका परियोजना पिक आवरमा सञ्चालन गर्दा १७ सय मेगावाट हाराहारीमा उत्पादन हुनेछ,' उनले भने, 'त्यो अवस्थामा साँझ उद्योगमा पनि विद्युत् आपूर्ति पनि केही सहज हुनेछ ।'

अहिले नेपालको विद्युत्जडित क्षमता ३,४०३ मेगावाट छ । हिउँदमा प्रसारणलाइनले धान्न सक्ने विद्युत्को माग १,८५० मेगावाट हाराहारी छ । तर, पिक आवरमा विद्युत्को उत्पादन भने १४-१५ सय मेगावाट हाराहारीमा भइरहेको छ । त्यसअनुसार पिक आवरमा तीन सय ५० मेगावाट विद्युत् अपुग हुने गरेको छ । त्यसैले प्राधिकरणले पिक आवरमा उद्योगमा विद्युत् आपूर्ति स्थगित गरेको छ । माथिल्लो तामाकोशीलाई पिक आवरमा सञ्चालनमा ल्याएपछि साँझको समयमा पनि केही सहज हुने प्राधिकरणको विश्वास छ । स्वदेशी उत्पादन र आयात गरेर अहिले दिउँसोको समयमा विद्युत् आपूर्ति गरिएको छ । तर, पिक आवरमा आवश्यकताका आधारमा मात्रै विद्युत् आपूर्ति गरिरहेको प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोषले बताए । पिक आवरमा विद्युत् कटौती भए पनि यसवेला उद्योगले सहजीकरण गर्नुपर्ने पनि उनको भनाइ छ ।

भारतको एनटिपिसी विद्युत् व्यापार निगमसँग फेब्रुअरीदेखि मे (माघ १९ देखि जेठ १८ गते)सम्म थप दुई सय ३० मेगावाट विद्युत् खरिद गर्ने गरी छुट्टै सम्झौता पनि यसअघि नै गरिएको छ । 'राउन्ड दी क्लक' मोडेलको उक्त सम्झौताअन्तर्गत २४ घण्टा नै विद्युत् खरिद गर्न पाइनेछ, त्यसअन्तर्गत विद्युत् खरिद गर्न पनि भारत सरकारले यसअघि नै स्वीकृत दिइसकेको छ । साथै, महाकाली सन्धिअनुसार पनि थप विद्युत् आयात गर्न पुग्छ । त्यो अवस्थामा माघदेखि विद्युत् आपूर्ति थप सहज हुने विश्वास गरिएको छ । गर्मीले हिउँ पग्लिएर खोलामा पानीको बहाव बढ्न गई चैत-वैशाखबाट नेपालकै उत्पादन बढ्छ । त्यसले गर्दा विद्युत्को माग व्यवस्थापन थप सहज हुनेछ । जेठ मध्यतिरबाट विद्युत् निर्यात गर्ने अवस्थामै पुगिनेछ । मनसुन सुरु भएपछि असारपछि विद्युत् उत्पादन झन् बढ्नेछ ।

■ बबई सिँचाइ आयोजना

गुलरिया नगरपालिकामा पनि नहर निर्माण सुरु

बर्दियामा **यज्ञप्रसाद सापकोटा**

बबई सिँचाइ आयोजनाले गुलरिया नगरपालिकामा पनि सिँचाइको काम अगाडि बढाएको छ । आयोजनाको कार्यक्षेत्र रहेका बर्दियाका ६ पालिकामध्ये अन्तिममा गुलरिया नगरपालिकामा समेत नहर विस्तारको काम अगाडि बढाएको हो । बबई सिँचाइ आयोजनाले बर्दियाका ठाकुरबाबा, मधुवन, बारबर्दिया, गुलरिया, बाँसगढी नगरपालिका र बढैयाताल गाउँपालिकाको ३६ हजार हेक्टर जमिनमा सिँचाइ पुऱ्याउने लक्ष्य राखेको छ । जसमध्ये पश्चिम नहरको २१ हजार हेक्टरमध्ये गुलरिया नगरपालिकाको सात हजार हेक्टरमा काम सुरु भएको बबई सिँचाइ आयोजनाका प्रमुख सुशील देवकोटाले बताए । शाखा र प्रशाखा नहरसहित करिब १५ किलोमिटर नहर निर्माणका काम सुरु भएको र अब तीन वर्षभित्र नै निर्माण कार्य सम्पन्न हुने उनले बताए । नहर निर्माणका लागि जग्गा अधिग्रहण, ठेक्कालगायतका सम्पूर्ण कार्य सम्पन्न भइसकेका छन् । मूल नहर करिब चार किलोमिटर र शाखा नहर १० दशमलव



सात किलोमिटर लामो छ । स्वच्छन्द निर्माण सेवा काठमाडौंले लिएको ठेक्का ८३ करोडको लागतमा आफूले जिम्मा लिएको ब्ल्याक बक निर्माण कम्पनीका सञ्चालक विमल केसीले बताए । विगतको वर्षहरूमा बजेट अभावमा आयोजनाको काम अगाडि बढ्न नसके पनि यस वर्ष आयोजनामा र सिँचाइ विभागमा बजेटको अभाव नरहेको आयोजना प्रमुख देवकोटाले बताए । गत आर्थिक वर्षसम्म अघिल्लो आर्थिक वर्षको बक्यौता तिर्ने रकमसमेत नपुग्ने गरेको थियो । यस वर्षदेखि सरकारले नै बबई सिँचाइ आयोजनाको काम सम्पन्न गर्न योजनाका साथ अगाडि बढेको उनले बताए । नहर निर्माण कार्य शिलान्यास गर्दै गुलरिया नगरपालिकाका नगरप्रमुख मुक्तिनाथ यादवले नहर आइसकेपछि कृषकलाई धेरै फाइदा हुने बताए । उनले महँगो खर्चमा भूमिगत पानीको प्रयोग गरेर खेती गर्नुपर्ने बाध्यता हट्ने बताए ।

गुलरिया नगरपालिका क्षेत्रमा नहरको पानीले सिँचाइ होला भन्ने सोच्दै नसोचेको गुलरिया नगरपालिका वडा नं १ का विजय यादवको भनाइ छ । उनले भने, 'तर, अब गुलरियामा पनि खेतीपाती गर्न सजिलो हुने भयो ।' भूमिगत स्रोतको पानीले मात्र खेती हुने यस क्षेत्रमा नहर आउने भएपछि कृषक हर्षित भएका छन् । गुलरिया नगरपालिकामा निर्माण नहर निर्माण भएसँगै बर्दिया जिल्लाका सम्पूर्ण नगरपालिका सिँचाइयुक्त हुनेछन् । भेरीको पानी बबईमा झारिसकेपछि सिँचाइका लागि पर्याप्त पानी पुग्ने आकलन गरिएको छ ।

सातै प्रदेशमा ग्लोबल आइएमईको प्रभातफेरी

काठमाडौं/ ग्लोबल आइएमई बैंकले आफ्नो १८औँ वार्षिकोत्सवको अवसरमा सोमबार देशव्यापी प्रभातफेरी कार्यक्रमको आयोजना गरेको छ। बैंकले आमजनमानसमा वित्तीय साक्षरता तथा बैंकिङ सचेतना बढाउन संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सातवटै प्रदेशका मुख्य सहरमा प्रभातफेरी कार्यक्रम आयोजना गरेको हो। बैंक १८ पुसदेखि १९औँ वर्षमा प्रवेश गर्दै छ।



काठमाडौंमा आयोजित प्रभातफेरीमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल, बैंक सञ्चालक समिति सदस्यहरू, बैंक उच्च व्यवस्थापनसहित १५ सयभन्दा बढी कर्मचारीको उपस्थिति रहेको थियो। वित्तीय साक्षरता तथा बैंकिङ शिक्षामूलक प्लेकार्ड तथा ब्यानरसहित प्रभातफेरीमा उपस्थित कर्मचारीले काठमाडौंको कान्तिपथस्थित शाखा कार्यालयबाट हिँड्दै सहरको मुख्य-मुख्य भागको परिक्रमा गरेका थिए भने काठमाडौं उपत्यकाबाहिर पनि मुख्य-मुख्य सहर परिक्रमा गरेका थिए।

बैंकले देशभरका तीन सय ५४ शाखा, तीन सय ८४ एटिएम, दुई सय ३७ शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर तथा तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयबाट ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको छ।

दुई लाख पर्यटक भित्र्याउन बन्दीपुर भ्रमण वर्ष

काठमाडौं/ पर्यटक संख्या वार्षिक दुई लाख पुऱ्याउने लक्ष्यसहित 'बन्दीपुर भ्रमण वर्ष २०२५' आयोजना हुने भएको छ। बन्दीपुर गाउँपालिकाले बन्दीपुरको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सन् २०२५ लाई भ्रमण वर्षका रूपमा मनाउने निर्णय गरेको काठमाडौंमा पत्रकार सम्मेलन गरी जानकारी गराइयो।

बन्दीपुरमा नयाँ पर्यटकीय गन्तव्य पहिचान, रोजगारी सिर्जना तथा आर्थिक गतिविधि थप चलायमान गराउनु भ्रमण वर्षको उद्देश्य हो। गाउँपालिकाले पर्यटन व्यवसायी बैस गुरुङको संयोजकत्वमा २१ जनाको भ्रमण वर्ष सचिवालयसमेत गठन गरेको गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले बताए। सचिवालयमा होटेल संघ, रेस्टुरेन्ट तथा बार एसोसिएसन (रेबान), पर्यटन विकास समिति, उद्योग वाणिज्य संघ, होमस्टे महासंघलगायतको प्रतिनिधित्व रहेको छ।



पर्यटक आगमन वार्षिक दुई लाख पुऱ्याउने र उनीहरूको बसाइ अवधि लम्बाएर कम्तीमा तीन दिन पुऱ्याउने उद्देश्यसहित बन्दीपुर भ्रमण वर्ष आयोजना गरिएको अध्यक्ष थापाले बताए। 'भ्रमण वर्षमा वार्षिक एक लाख आन्तरिक र एक लाख विदेशी पर्यटक वास बस्ने गरी ल्याउने योजना बनाएका छौं,' सचिवालय संयोजक गुरुङले भने, 'भ्रमण वर्षलाई आधार वर्ष मानेर आगामी तीन वर्षमा वार्षिक आठ लाख पर्यटकलाई बन्दीपुर पुऱ्याउने हाम्रो लक्ष्य छ।'

बन्दीपुर क्षेत्रमा पर्यटकको औसत बसाइ तीन दिन पुऱ्याउने र विदेशी पर्यटकको दैनिक औसत खर्च ७५ अमेरिकी डलर र नेपालीको तीन हजार रुपैयाँ पुऱ्याउनु भ्रमण वर्ष मनाउनुको उद्देश्य हो। भ्रमण वर्ष सफल पार्न कुल चार करोड ४३ लाख ५० हजार रुपैयाँ खर्च हुने गाउँपालिकाको अनुमान छ।

'च्याउ उत्पादन विविधीकरण गरिने'

काठमाडौं/ कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले च्याउको उत्पादन विविधीकरणतर्फ जान जरुरी रहेको बताएका छन्। च्याउ उत्पादक किसान संघले काठमाडौंको भृकुटीमण्डपमा आयोजना गरेको च्याउ मेला तथा परिकार महोत्सवलाई सोमबार सम्बोधन गर्दै मन्त्री अधिकारीले यस्तो बताएका हुन्। साथै, उनले च्याउको गुणस्तरीय बिउको समस्याका कारण उत्पादक र उत्पादकत्व कम भएको उल्लेख गर्दै अबको ध्यान स्वदेशमै च्याउको गुणस्तरीय बिउ उत्पादनतर्फ हुनुपर्ने बताएका हुन्।

च्याउ उत्पादक किसान संघले काठमाडौंको भृकुटीमण्डपमा आज आयोजना गरेको च्याउ मेला तथा परिकार महोत्सवलाई सोमबार सम्बोधन गर्दै यस्तो बताएका हुन्। मन्त्री अधिकारीले नेपालीमा च्याउ खाने बानी बढेसँगै च्याउको बजार पनि बढ्दै गएकाले हाल देखिएका चुनौतीको समाधान गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिए।

मन्त्री अधिकारीले भने, 'नेपाल च्याउमा आत्मनिर्भरतातर्फ उन्मुख रहेकाले बिस्तारै निर्याततर्फ लाग्ने गरी काम गर्नुपर्नेमा जोड दिर्नु र यसका लागि सरकार, निजी क्षेत्र र किसानको संयुक्त प्रयास आवश्यक देखिन्छ।' १५ पुसलाई राष्ट्रिय च्याउ दिवसका रूपमा मनाउन मन्त्रालयले आवश्यक गृहकार्य गर्ने पनि मन्त्री अधिकारले बताए।

नेपाल बैंक ट्रेड युनियनको चौथो महाधिवेशन

काठमाडौं/ नेपाल बैंक क्रियाशील ट्रेड युनियन नेपाल राष्ट्रिय कर्मचारी संगठनको चौथो महाधिवेशन सम्पन्न भएको छ। महाधिवेशनमा प्रमुख अतिथि नेकपा माओवादी केन्द्रका उपमहासचिव तथा कर्मचारी फ्रन्टाक्सन इन्चार्ज हरिबोल गजुरेल, विशिष्ट अतिथि नेपाल राष्ट्रिय कर्मचारी महासंघका केन्द्रीय अध्यक्ष मणिरत्न श्रेष्ठ, विशिष्ट अतिथि नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेय, विशिष्ट अतिथि नेपाल राष्ट्रिय कर्मचारी महासंघका केन्द्रीय महासचिव प्रेम खनाललगायतको उपस्थिति थियो।

उद्घाटन कायक्रममा प्रमुख अतिथि गजुरेलले जेठो बैंक नेपाल बैंक लिमिटेडले आफ्नो साख र गरिमालाई पुनर्जागृत गर्दै पहिलो नम्बरमा ल्याउन संगठन र बैंक व्यवस्थापन एकजुट भएर लाग्न अनुरोध गरे। शुभकामना मन्तव्यकै क्रममा नेपाल राष्ट्रिय कर्मचारी महासंघका केन्द्रीय अध्यक्ष मणिरत्न श्रेष्ठले कर्मचारी हकहितमा केन्द्रित ट्रेड युनियनको अन्दोलनलाई राजनीतिक पार्टीहरूले दबाउन खोजे त्यसको सशक्त प्रतिकार गरिने बताउँदै चौथो महाधिवेशनबाट चयन हुने केन्द्रीय समितिलाई कर्मचारी हकहितमा लाग्न आग्रह गरे।

दुई दिनसम्म चलेको सो अधिवेशनबाट अध्यक्ष गोविन्दप्रसाद सुवेदीको नेतृत्वमा महासचिव मोहनकुमार श्रेष्ठसहित ५१ सदस्यीय केन्द्रीय समिति तथा एक सय २५ सदस्यीय केन्द्रीय परिषद् समिति निर्वाचित भए।

नमस्ते पेबाट हवाई टिकट खरिद गर्दा क्यासब्याक

काठमाडौं/ नमस्ते पेबाट हवाई टिकट खरिद गर्दा ग्राहकले क्यासब्याक पाउने भएका छन्। अंग्रेजी नयाँ वर्ष २०२५ को अवसरमा नमस्ते पेले उक्त योजना ल्याएको हो। योजननाअनुसार ग्राहकले प्रत्येक उडानको टिकट खरिदमा डेढ सय रुपैयाँ क्यासब्याक पाउने भएका हुन्। क्यासब्याक प्राप्त गर्न ग्राहकले कुनै प्रोमोकोड प्रयोग गर्नुपर्नेछैन। यो हरेक टिकटमा लागू हुने बताइएको छ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction (DUDBC)
Urban Resilience and Livability Improvement Project (URLIP)
Babarmahal, Kathmandu
Package No: URLIP/PCO/CS/04
E: rudp.pdsecretariat@gmail.com; T: +977-01-5362729

Notice for Opening of Financial Proposal

Date of Publication: 2081/09/16 (31 December 2024)

Following the Request for Proposal (RFP) published in the Kathmandu Post on 2081-04-21 (05 August 2024) for the selection of Supervision and Design Consultant (SDC) for Infrastructure and Public Space in Five Municipalities in the Western Urbanizing Corridor under the Urban Resilience and Livability Improvement Project (URLIP), the Project Coordination Office (PCO) hereby declares the following consulting firms as technically qualified. All technically qualified consulting firms are invited to attend the Financial Proposal Opening as per RFP ITC Clause 23.1 and Rule 78 of the Public Procurement Rule 2064 (along with 13th amendment) as per the details below:

SN	Name and Address of Qualified Consulting Firm in Technical Proposal	Date, Time and Venue
1.	Joint Venture between BEAM Consultant Pvt. Ltd (Nepal), GOEC Nepal (P) Ltd, and IMPULSE Consultants Pvt. Ltd. (Nepal)	Date: 2081-09-25 (7 January 2024) Time: 11:30 AM Venue: URLIP, Project Coordination Office, DUDBC, Babarmahal, Kathmandu
2.	Joint Venture between BOTEK Bosporus Technical Consulting Corp. (Türkiye), MSV International INC. (USA)	
3.	Joint Venture between Building Design Authority (P) Ltd (Nepal), BN Consultancy (P) Ltd. (Nepal) and Udaya Consultancy (P.) Ltd. (Nepal)	
4.	Joint Venture between EPTISA SERVICIOS DE INGENIERIS S.L (Spain) and Technocrat Consultancy Pvt. Ltd. (Nepal) in association with SLATE Consultants P. Ltd (Nepal)	
5.	Joint Venture between Plush Engineering and Architects (Nepal) with ERMC (P) Ltd. (Nepal)	
6.	Joint Venture between TAEC Consult Pvt. Ltd. (Nepal), Devtec Nepal Private Limited (Nepal), and Tech Studio of Engineering (Nepal) in association with SIDEF Consultants Pvt. Ltd. (Nepal)	

सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल
खजुरा-७, बाँके

बोलपत्र स्विकृत गर्ने आशय सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/०५/१६

यस अस्पतालबाट मिति २०८१/०८/११ गतेको राष्ट्रिय दैनिक तथा इजिपी पोर्टलमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरू मध्ये न्युनतम् मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो आशय सूचना प्रकाशित गरिएको छ।

तपसिल

ठेक्का नं.	कामको नाम	बोलपत्रदाताको नाम	कबोल अंक (मु.अ.क.सहित)
SKPCH/ GOODS/ 10/081/082	Procurement of Immobilization (SRS, SBRT) Accessories	R.B. Merchant Pvt. Ltd, Kathmandu	57,60,000/-

बीमालेखको बोनस दर सम्बन्धी सूचना

यस कम्पनीको आ.व. २०८०/२०८१ को आर्थिक स्थितीको लेखा जोखा र दायित्वको मूल्याङ्कन सम्बन्धी बीमाङ्कीय प्रतिवेदन श्री नेपाल बीमा प्राधिकरणको मिति २०८१/०९/१२ को पत्र 'जो.व्य.शा. ४७ (२०८१/८२) च.नं. ३०१७' बाट स्वीकृत भई आएको व्यहोरा जानकारी गराउँदछौं। यस कम्पनीले संचालनमा ल्याएको मुनाफामा सरिक हुने (बोनस आर्जन गर्ने) गरी जारी गरिएको सबै किसिमका जीवन बीमालेखहरु अन्तर्गत आ.व.२०८०/२०८१ का लागि प्रति वर्ष प्रति हजार बीमाङ्कमा उल्लेखित बोनस दर निर्धारण गरिएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं।

बीमालेखको किसिम	बीमा अवधि (वर्ष)	बोनस (प्रति हजार)	बीमालेख संख्या
सावधिक जीवन बीमालेख (सुरक्षित जीवन, जीवन ज्योति, ग्रामिण सावधिक, सावधिक लघु, केटाकेटी, सुनिश्चित भविष्य तथा शिक्षा जीवन बीमा, जीवन लक्ष्मी, जीवन उदय एकल)	०-१०	६०	२९,७७०
	११-१५	६०	२२७,९६३
	१६-२०	६०	१२३,७६८
	२१-२५	७०	१७,०५९
	२६-३०	८२	२,०४४
	३० भन्दा माथि	८२	१०४
सावधिक जीवन बीमालेख (नौलो सुरक्षित, नौलो केटाकेटी जीवन बीमा)	०-१०	६५	३,००१
	११-१५	६५	४२,१६४
	१६-२०	६५	३५,६१७
	२१-२५	७२	७,४७०
	२६-३०	८२	४६४
	३० भन्दा माथि	८२	१८
सावधिक जीवन बीमालेख (जीवन समुन्नत)	०-१०	५६	६५
	११-१५	५६	७०२
	१६-२०	५६	३२०
	२१-२५	६०	१७९
	२६-३०	७०	२५
	३० भन्दा माथि	७०	०
सावधिक जीवन बीमालेख सुनौलो भविष्य जीवन बीमा योजना (विकल्प १ / विकल्प २)	०-१०	६०	३,७०४
	११-१५	६०	३०,१७१
	१६- १९	६०	९,०९१
	२०-२५	६२	२,०६८
	२६-३०	६५	१८०
	३० भन्दा माथि	६५	२७
सावधिक जीवन बीमालेख सुनौलो भविष्य जीवन बीमा योजना (विकल्प १) एकल बीमाशुल्क	०-१०	५५	४,३०५
	११-१५	५५	४,८५१
	१६- १९	५५	२,५५३
	२०-२५	५७	११६
	२६-३०	६०	८२
	३० भन्दा माथि	६०	३७
सावधिक जीवन बीमालेख केटाकेटी सुनौलो भविष्य जीवन बीमा योजना	०-१०	६०	४२२
	११-१५	६०	४,८८८
	१६- १९	६०	४,३४१
	२०-२५	६२	५,३६
सावधिक तथा आजीवन बीमालेख (जीवन साहारा, अनमोल जीवन)	०-१०	६०	७,१५५
	११-१५	६०	१२४,३३३
	१६-२०	६०	४८,०१५
	२१-२५	७०	१९ ,८०७
	२६-३०	८२	२,०७३
	३० भन्दा माथि	८२	६७
अग्रिम भुक्तानी सावधिक बीमालेख (जीवन सम्वृद्धि)	१५	५६	२६,६२०
	२०	५६	३,११५
अग्रिम भुक्तानी सावधिक बीमालेख (धन वर्षा-१५ वर्ष, धन वर्षा-२० वर्ष, नौलो धन वर्षा, जीवन उन्नती, छोराछोरी र सदाबहार जीवन)	०-१०	५६	३३४
	११-१५	५६	४,४६५
	१६-२०	५६	५,१८८
	२१-२५	५६	६१
	२६-३०	५६	०
	३० भन्दा माथि	५६	०
अग्रिम भुक्तानी सावधिक बीमालेख (नौलो जीवन सम्वृद्धि)	०-१०	५६	१,२६५
	११-१५	५६	२४,८३०
	१६-२०	५६	६,२०३
	२१-२५	५६	३०२
	२६-३०	५६	०
	३० भन्दा माथि	५६	०
अन्य (जीवन सारथी)	०-१०	६२	०
	११-१५	६२	११,८५६
	१६-२०	६२	४,२८२
	२१-२५	७२	२,९७०
	२६-३०	८५	३४४
	३० भन्दा माथि	८५	०

कम्पनीको आगामी बीमाङ्कीय मूल्याङ्कन नभएसम्मका लागि अन्तरिम बोनस दर उपरोक्त बमोजिम कायम गरिएको जानकारी गराउँदछौं। कम्पनीको यस सफलताका लागि हामी हाम्रा आदरणिय बीमित, प्रतिवद्ध अभिकर्ता, शेयरधनी महानुभाव, कर्तव्यनिष्ठ कर्मचारी, श्री नेपाल बीमा प्राधिकरण, सरोकारवाला निकाय एवं शुभेच्छुकहरुमा हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछौं।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
हिमालि जीवन अमूल्य छ...

रजिष्टर्ड कार्यालय: वीरगञ्ज, पर्सा
केन्द्रिय कार्यालय: क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं
फोन नम्बर: ४७७-१-५४७०५७१
इमेल: info@nepallife.com.np
वेवसाइट: www.nepallife.com.np

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६०६२५/५३५८८६०, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-५३६०६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी कम्पनी: जनकल्याण मल्टिपरपोज ट्रेडर्स प्रा.लि.**, अध्यक्ष तथा जमानीकर्ता: बिकास लामा दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौंमा दर्ता नं २६५२३१/०७८/०७९, दर्ता मिति : २०७८/०४/०७, ठेगाना: जिल्ला काठमाडौं, गोकर्णेश्वर न.पा. वडा नं. ८ **२) ऋणी: पूर्णिमा लामा** स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, ठूलोपाखर गा.वि.स. वडा नं. १, हालको ठेगाना: काठमाण्डौं, जिल्ला, का.म.न.पा. वडा नं. ३१, नयाँ बानेश्वर, बाबु: यस कुमार लामा, बाजे: दावा लामा **धितोको विवरण** १) दावा लामाको नाती, यस कुमार लामाको छोरा, सिन्धुपाल्चोक जिल्ला, ठूलोपाखर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाण्डौं, जिल्ला, का.म.न.पा. वडा नं. ३१, नयाँ बानेश्वर बस्ने बिकास लामाको नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, सिपाडोल गा.वि.स./न.पा. वडा नं. २ग स्थित कित्ता नं. ८७६ र ८७८ को क्षेत्रफल क्रमश: ०-१-२-० र ०-४-२-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) जनकल्याण मल्टिपरपोज ट्रेडर्स प्रा.ली. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२)	**ऋणी: सन्त बहादुर तामाङ** स्थायी ठेगाना: काभ्रेपलाञ्चोक जिल्ला, गोठपानी गा.वि.स. वडा नं. ४, हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५, बाबु: हरी बहादुर तामाङ, बाजे: च्याङवा तामाङ **धितोको विवरण** च्याङवा तामाङको नाती, हरी बहादुर तामाङको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, गोठपानी गा.वि.स.वडा नं. ४ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ५ बस्ने सन्त बहादुर तामाङको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता कायम रहेको चितवन जिल्ला, कल्याणपुर गा.वि.स. वडा नं. ८ ग (हाल भरतपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. १०२८ को क्षेत्रफल १६९.३१ (व.मी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।
३)	**१) ऋणी फर्म: अलिसा तयारी पोशाक उद्योग**, प्रोप्राईटर तथा जमानीकर्ता: सहिना खातुन दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, त्रिपुरेश्वर, काठमाण्डौंमा, प्रा.फ.द.नं. :३८३५९/१८०६, दर्ता मिति २०६९/०१/२५, ठेगाना: जिल्ला काठमाडौं, नार्जुन न.पा. वडा.नं. १० **२) ऋणी: सहिना खातुन** स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा.नं. १७, हालको ठेगाना: काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कलंकी बाबु: जमदार मिया अंसारी, ससुरा: इयासिन मिया अंसारी, पति: अजहर अंसारी **धितोको विवरण** १) जमदार मिया अंसारीकी छोरी, इयासिन मिया अंसारीकी बुहारी, अजहर अंसारीकी पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा.नं. १७ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १४, कलंकी बस्ने सहिना खातुनको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. १३, १४ र १५ को क्षेत्रफल क्रमश: १००.८०, ३१९.०० र १४२.८० (व.मी.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) अलिसा तयारी पोशाक उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण। **३) ऋणी: महमद अजिज अंसारी** ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा. नं. १६, बाबु : अजहर अंसारी, बाजे: इयासिन मिया अंसारी

नोट: ऋणी तथा प्रोप्राईटर/अध्यक्ष बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा प्रोप्राईटर/अध्यक्षको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कति कते उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

■ नेपाल-मलेसियाबिच एसिया कप छनोट खेल

प्रतियोगिता दशरथ रंगशालामा गराउन प्रधानमन्त्री ओलीसँग कप्तान किरणको अनुरोध

प्रधानमन्त्री केपी ओलीलाई भेट्दै २५ मार्चमा दशरथ रंगशालामा मलेसियाविरुद्धको 'होम म्याच'को वातावरण बनाउन कप्तान किरणकुमार लिम्बूको आग्रह



प्रधानमन्त्रीनिवास बालुवाटारमा सोमबार प्रधानमन्त्री ओली र कप्तान किरणबिच भेट

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल राष्ट्रिय फुटबल टोलीका कप्तान किरणकुमार लिम्बूले प्रधानमन्त्री केपी ओलीलाई दशरथ रंगशालामा नेपाल र मलेसियाबिचको 'होम गेम' गराउने वातावरण मिलाउन आग्रह गरेका छन् । एएफसी एसिया कपअन्तर्गत छनोट खेल आगामी २५ मार्चमा नेपालले मलेसियाविरुद्धको दशरथ रंगशालामा खेल्ने तालिका छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले घरेलु मैदानमा हुने खेल मलेसियामा सार्ने तयारी गरेपछि कप्तान किरणले छनोट चरणको पहिलो खेल रंगशालामै हुनुपर्ने आफ्नो धारणा प्रधानमन्त्री ओलीसमक्ष राखेका हुन् । प्रधानमन्त्रीनिवास बालुवाटारमा सोमबार प्रधानमन्त्री ओली र कप्तान किरणबिच भेट भएको हो ।

'मैले प्रधानमन्त्रीसँग भेटेको हुँ, अहिलो प्रतिस्पर्धाको विषयमा वैकल्पिक रंगशालाको कुरा उठिरहेको छ, मैले उहाँसमक्ष होम गेम नेपालमै हुने वातावरण बनाइदिन अनुरोध गरेको छु,' किरणले नयाँ पत्रिकासँग भने, 'हामीले घरेलु मैदानमा खेल नखेलेको धेरै भइसकेको छ । त्यसैले पनि अनुरोध गर्न पुगेको हुँ ।'

नेपालको खेल तालिका

१० जुन	लाओससँग अवे
९ अक्टोबर	भियतनामसँग अवे
१४ अक्टोबर	भियतनामसँग होम
१८ अक्टोबर	मलेसियासँग अवे

प्रधानमन्त्री ओलीले प्रतियोगिता आयोजना गराउन सम्बन्धित निकायसँग छलफल गर्ने प्रतिबद्धता दिएको किरणले बताए । 'दशरथ रंगशालामा हुनुपर्ने खेल आयोजना गराउन म सम्बन्धित निकायसँग छलफल गर्छु,' ओलीको भनाइ उद्धृत गर्दै कप्तान किरणले भने, 'अहिलेसम्म कति काम भइरहेको छ, यो पनि बुझ्नेछु ।'

एएफसी एसिया कप २०२७ अन्तर्गत छनोटको समूह 'एफ' मा नेपालले मलेसिया, भियतनाम र लाओसविरुद्ध होम एन्ड अवे खेलमा प्रतिस्पर्धा गर्नेछ । नेपालभन्दा मलेसिया र भियतनाम बलिया राष्ट्र हुन् । एसियन फुटबल परिषद्ले आयोजक एन्फासँग 'होम म्याच' सञ्चालकन गर्न तयार पारेको खाका मागेको छ । तर, एन्फाले एएफसीलाई केही जवाफ पठाएका छैन । नेपालले सन् २०२६ मार्चमा लाओससँग होम म्याच खेल्ने तालिका छ ।

मलेसिया एएफसीसँग वार्ता गर्दै एन्फा

एन्फाले एएफसीसँग सम्पर्क नगरी सीधै मलेसियन फुटबल संघसँग 'होम म्याच' आयोजना गर्न छलफल गरेको एन्फाको स्रोतले जानकारी दिएका छन् । 'अहिले दशरथ रंगशाला मैदानको अवस्था राम्रो छ, के-कति कारण हो एन्फा यहाँ मलेसियाविरुद्धको होम खेल गराउने पक्षमा छैन,' स्रोतले भने, 'नेपालमा खेल नगराउने योजनामा संस्थापन पक्ष छ, अब एएफसीले यसको अन्तिम निर्णय लिनेछ ।' यसअघि पनि एएफसीले दशरथ रंगशालाको दुबो, माटो सतह, फ्लडलाइट र सुरक्षाको कारण देखाउँदै फिफा विश्वकपअन्तर्गत एसियन छनोट खेल आयोजना गर्न दिएको थिएन । राष्ट्रिय खेलकुद परिषद्ले मैदानको व्यवस्थापन आफैंले लिएपछि यसमा सुधार गरियो । चार महिनाको मिहिनेतपछि रंगशालामा नेपालको चर्च ब्वाइज र भुटानको एएफसी पारोबिच खेल भयो ।

'होम म्याच' बाहिरै

एन्फाको वर्तमान नेतृत्व पक्षले दशरथ रंगशालामा हुनुपर्ने अन्तर्राष्ट्रिय फुटबल खेल तटस्थ भूमिमा सारेका थिए । मैदानको कमजोर कारण देखाउँदै ती पदाधिकारीले लेनदेनमा लाभ लिने उद्देश्यका साथ सम्बन्धित देशलाई नै फुटबल गराउन अनुरोध गरेका थिए । विगतमा भएका त्यस्ता घटनामाथि छानबिन गर्न एन्फा पदाधिकारीविरुद्ध राखेपमा उजुरी परेको छ । राखेपका सदस्यसचिव टंकलाल घिसिङलाई नै पत्राचार गरे पनि एन्फाका पदाधिकारीको बारेमा निर्णय भएको छैन । बहराइनको खेल बहराइन र युएईको खेल साउदी अरेबिया लगिएको थियो ।

लाँकुरीभन्ज्याङमा मैदान खोज्दै एन्फा महासचिव

दशरथ रंगशालामा नेपाल र मलेसियाबिचको होम खेल व्यवस्थापन ध्यान केन्द्रित नगरी एन्फा महासचिव किरण राई सोमबारै लाँकुरीभन्ज्याङ-१० मा स्थानीय तहले बनाएको रंगशाला निरीक्षणमा पुगेका छन् । 'नेपाली फुटबलको विकासमा देखिएको देशैभरिको यो सक्रियता र माया गर्नेप्रति नमन,' उनले सोसल मिडियामा लेखेका छन् ।



सम्बन्धित निकायसँग छलफल गर्नेछु

केपी ओली, प्रधानमन्त्री

दशरथ रंगशालामा हुनुपर्ने खेल आयोजना गराउन म सम्बन्धित निकायसँग छलफल गर्छु । अहिलेसम्म कति काम भइरहेको छ, यो पनि बुझ्नेछु ।

खेल्ने वातावरण बनाइदिन आग्रह गरेको छु



किरणकुमार लिम्बू, कप्तान, नेपाल

प्रधानमन्त्री ओलीसँगको भेटमा दशरथ रंगशालालाई स्तरोन्नति गर्न र दुरुपयोग नहुने वातावरण बनाइदिन आग्रह गरेको छु । अहिले वैकल्पिक रंगशालाका हल्ला आएको छ । त्यसतर्फ ध्यान दिनुहोला भनेको छु । नेपालमा आयोजना हुने सबै अवे खेलमा हामीले प्रतिस्पर्धा गर्न पाउन भनी प्रधानमन्त्रीज्यूलाई वातावरण बनाउन भनेको छु ।

■ खेलाडी नपुगेपछि खुमलटार मैदानमा गएन

खेलाडी संख्या नै नपुगेपछि खुमलटार एफसी सोमबार सातदोबाटोस्थित एन्फा मुख्यालयको मैदान नै उत्रिएन । ललित स्मृति एन्फा यू-१८ लिगको अन्तिम खेलमा खुमलटारले त्रिभुवन आर्मी फुटबल क्लबविरुद्ध खेल्ने तालिका थियो । खुमलटारसँग खेल्ने ११ खेलाडी नहुँदा मैदान प्रवेश गरेन । आयोजक एन्फाले विपक्षी आर्मीलाई ३-० को जित सुनायो । खुमलटारका अध्यक्ष मणिराज विष्ट एन्फाका केन्द्रीय सदस्य हुन् । प्रतियोगिताको नियमावलीअनुसार कुनै पनि टोली मैदान नगएको अवस्थामा विपक्षीलाई सीधै ३-० को जितसहित तीन अंक दिने प्रावधान छ । दिउँसो १२ बजे आर्मीका खेलाडी समयमै मैदान पुगेका थिए । तर, खुमलटारका खेलाडी उपस्थित नभएपछि खेल सुरु हुन पाएन । नेपाल पुलिसले लिगको उपाधि एक खेलअघि जितेको थियो ।

खुमलटारका प्रशिक्षक सन्दीप खड्काले मकवानुपरमा भएको बागमती प्रदेशस्तरीय लिग खेल्न आफ्ना खेलाडी जाँदा टिममा खेलाडी अभाव भएको बताए । '२७ मध्ये १९ खेलाडी सिन्धुपाल्चोकका थिए । दोस्रो चरणमा १० खेलाडी सुरुमै आएनन् । दोस्रो चरणमा यु-१८ लिग खेलिरहेका ७ खेलाडी हेटौंडा हिँडेपछि टिम नै अपुग भयो ।'

फाल्गुनन्द गोल्डकपको उपाधि चर्च ब्वाइजलाई



ताप्लेजुङमा केशवप्रसाद भट्टराई

चर्च ब्वाइज युनाइटेडले फाल्गुनन्द गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । प्रतियोगिताको सोमबार भएको फाइनलमा चर्च ब्वाइजले मच्छिन्द्र क्लबलाई टाइब्रेकरमा ५-४ ले हराउँदै उपाधि हात पारेको हो । एक साताको अन्तरमा चर्च ब्वाइजले मोसफलमा दोस्रो उपाधि जितेको हो । गत साता झापामा भएको पहिलो झापा कपको फाइनलमा चर्च ब्वाइजले एनआरटीलाई हराएको थियो ।

मच्छिन्द्र क्लबलाई टाइब्रेकरमा ५-४ ले हराउँदै 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइजले एक साताभित्र दोस्रो उपाधिका रूपमा फाल्गुनन्द गोल्डकप जित्यो

फिदिम मावि‌को खेल मैदानमा उपाधि भिडन्तको ९० मिनेटको खेल २-२ को बराबरी भएको थियो । त्यसपछि सीधै टाइब्रेकरबाट उपाधिको छिनोफानो भयो । चर्च ब्वाइजका एकराज बुढाथोकी, रोहण कार्की, अबियामी, छिरिङ लामा र सुजन डंगोलले गोल गरेका थिए । मच्छिन्द्रका देवेन्द्र तामाङ, सनिश श्रेष्ठ, सौरभ सुब्बा र समीरराज थोकरले टाइब्रेकरमा गोल गरे । तर, दयानन्दको प्रहार चर्च ब्वाइजका गोलरक्षक क्रिशल मोक्तानले रोकेपछि मच्छिन्द्रले हारको सामना गऱ्यो ।

व्यक्तिगत विधामा च्याम्पियन खेलाडी हाबी

फिदिम स्पोर्टिङ क्लबको आयोजनामा भएको गोल्डकपको व्यक्तिगत विधा उपाधिमा च्याम्पियन टोली चर्च ब्वाइजका खेलाडी हाबी भएका छन् । उत्कृष्ट गोलरक्षकमा चर्च ब्वाइजका क्रिशल मोक्ताङ, उत्कृष्ट मिडफिल्डरमा दीपेश गुरुङ र उत्कृष्ट प्रशिक्षकमा सुमन श्रेष्ठ बने । मच्छिन्द्रका देवेन्द्र तामाङ उत्कृष्ट डिफेन्डर र उत्कृष्ट स्ट्राइकरमा मच्छिन्द्रका बिजु भुजेल भए । उत्कृष्टहरूले जनही १० हजार रुपैयाँ पाएका छन् ।

सर्वोत्कृष्ट खेलाडी चर्च ब्वाइजका समीर तामाङ घोषित हुँदै एक थान इभी स्कुटर प्राप्त गरे । उदीयमान खेलाडीका रूपमा आयोजक फिदिम स्पोर्टिङ क्लबका मनीष क्षेत्री घोषित हुँदै १० हजार रुपैयाँ पाए । प्रतियोगितामा पाँच गोल गरेका चर्च ब्वाइजका समीर तामाङ सर्वाधिक गोलकर्ता बन्दै १५ हजार रुपैयाँ जितेका छन् ।

इन्जुरी समयमा बराबरी

चर्च ब्वाइजका अर्मान्डले ४५औँ मिनेटमा आत्मघाती गोल गरेपछि मच्छिन्द्र १-० ले अगाडि बढ्यो । मच्छिन्द्रले अग्रता रक्षा गर्न सकेन । खेलको ७८औँ मिनेटमा चर्च ब्वाइजका छिरिङ लामाले उत्कृष्ट हेडिङ गोल गर्दै १-१ को बराबरीमा पुऱ्याए । खेलको ८८औँ मिनेटमा मच्छिन्द्रका सनिष श्रेष्ठले २-१ गोलका लागि गोल गरे । खेलको अन्तिम इन्जुरी समयमा चर्च ब्वाइजले बराबरी गोल फर्कायो । चर्च ब्वाइजका समीर तामाङले उत्कृष्ट फिनिसिङ गरेका हुन् । च्याम्पियन चर्च ब्वाइजले १० लाख र उपविजेता मच्छिन्द्रले पाँच लाख रुपैयाँ पाए । फाइनलका म्यान दी म्याच मच्छिन्द्रका सनिष श्रेष्ठले १० हजार रुपैयाँ पाए । ६ पुसदेखि सुरु भएको गोल्डकपमा एक विदेशीसहित दश टोलीले भाग लिएका थिए ।

खेल संक्षेप

गोलरक्षक अञ्जनालाई ड्रिम अनको साथ

काठमाडौं/ नेपाल राष्ट्रिय महिला फुटबल टोलीकी गोलरक्षक अञ्जना रानामगरलाई ड्रिम अन एजुकेसन कन्सल्टेन्सी प्रालिले ब्रान्ड एम्बेस्डर नियुक्त गरेको छ । अञ्जना र ड्रिम अनका प्रबन्धक भीमबहादुर थापाले सोमबार सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । सम्झौता एक वर्षको हुने अध्यक्ष थापाले बताए । उनले सम्झौता रकम खुलाएनन् ।

गोलरक्षक अञ्जनाले सम्झौतासँगै आगामी खेल खेल्न हौसला मिलेको बताइन् । 'यस किसिमको सम्झौताले नेपालमै खेल्न र बस्न सहज वातावरण हुने विश्वास गरेकी छु,' अञ्जनाले भनिन्, 'मलाई आगामी दिनमा अगाडि बढ्न धेरै हौसला मिलेको छ ।' उनले महिला लिगमा उत्कृष्ट प्रदर्शन गर्न उत्साहित भएको बताइन् । उनी विभागीय टोली त्रिभुवन आर्मी क्लबमा आबद्ध छिन् । महिला लिगको दोस्रो चरण आगामी बिहीबारबाट सुरु हुँदै छ ।

अमेरिकामा भूपेन्द्र सम्मानित

काठमाडौं/ नेपालका भूपेन्द्र गुरुङलाई अमेरिकामा दुई छुट्टै संस्थाले चार हजार अमेरिकी डलरसहित सम्मान गरेको छ । भूपेन्द्रले अमेरिकामा भएका दुई फरक अन्तर्राष्ट्रिय प्रतियोगितामा एक स्वर्ण र तीन रजत गरी चार पदक जितेका थिए । अमेरिकामा पदक जित्दै नेपालको प्रतिष्ठा अभिवृद्धि गरेको जनाउँदै भूपेन्द्रलाई तमु परिवार न्युयोर्कले सम्मान गरेको हो । तमु परिवारले तीन हजार युएस डलर र ह्याप्पी किचन रेस्टुरेन्ट न्युयोर्कले एक हजार अमेरिकी डलर भूपेन्द्रलाई प्रदान गरेका थिए । न्युयोर्क एसेम्ब्ली मेम्बर जिल्ला ३० का स्टेभेन राघ र तमु परिवार न्युयोर्क इन्ककी अध्यक्ष मनीतादेवी गुरुङले पदक विजेता खेलाडीलाई सम्मानित गरे । भूपेन्द्रले ८ डिसेम्बरमा पेन्सिल्भानियामा भएको छैटौं एनुअल बक्स काउन्टी विन्टर मार्सल आर्ट्स च्याम्पियनसिपमा समान एक स्वर्ण र रजत हात पारेका थिए ।

नवौं मानसानमा नेपाललाई चार स्वर्ण

काठमाडौं/ नेपाली टोलीले एसियाली आमन्त्रण तथा नवौं मानसान तेक्वान्दो खुला च्याम्पियनसिपमा चार स्वर्ण जितेका छन् । चीनको नान्जिङमा भएको प्रतियोगितामा नेपाली खेलाडी थप रजत र कांस्य हात पारेको काठमाडौं जिल्ला तेक्वान्दो संघका अध्यक्ष विक्रम खड्गीले जनाएका छन् । पुरुष पुम्से ३० वर्षमाथि चन्द्र रानामगर, ह्यान्ड ब्रेकिङमा नन्दराज बाँस्कोटा, सिनियर पुरुष ८० केजीमुनि भीमबहादुर खड्का र १४ वर्षमुनि महिला पुम्सेमा निरोशा राणाले स्वर्ण जिते । निरोशाले जुनियर ५२ केजीमुनि कांस्य पनि जितिन् ।

बाँकेमा महिला फुटबल समिति गठन

नेपालगन्ज/ नितु शाह चन्दको अध्यक्षतामा बाँके जिल्ला महिला फुटबल समिति गठन गरिएको छ । समितिको वरिष्ठ उपाध्यक्षमा पूर्वफुटबल खेलाडी नागिनदेवी श्रेष्ठ र महासचिवमा सुमित्रा लामिछानेलाई मनोनीत गरिएको बाँके जिल्ला फुटबल संघका अध्यक्ष भोजराज शाहीले जानकारी दिएका छन् । जिल्लामा महिला फुटबल विकास गर्ने उद्देश्यले समिति गठन गरेको शाहीले बताए ।

■ खेलाडीको सम्मान कार्यक्रममा तोडफोड



लहान/ सप्तरीको राजविराज नगरपालिकाले नेपाल प्रिमियर लिगको च्याम्पियन जनकपुर बोल्ट्सका खेलाडीलाई सम्मान गरेको कार्यक्रममा सोमबार तोडफोड भएको छ । राज रंगशालामा साँझ जनकपुरका खेलाडीलाई सम्मान गर्ने कार्यक्रम राखिएको थियो । खेलाडीलाई सम्मान गर्ने व्यक्तिहरूले राजनीति भाषण धेरै गरेको भन्दै उपस्थित दर्शकले कुर्सी तोडफोड गरेका हुन् । तोडफोडपछि प्रहरी र दर्शकबिच सामान्य विवाद र ठेलमठेल पनि भएको थियो । पछि प्रहरीले स्थिति नियन्त्रणमा लिएपछि कार्यक्रम अगाडि बढ्यो ।

यसअघि, जनकपुरका खेलाडी ट्रफीसहित सिराहा आइपुगेका हुन् । पूर्व-पश्चिम लोकमार्ग हुँदै सिराहा प्रवेश गरेको टोलीलाई जिल्ला प्रवेश विन्दु कर्जन्हा नगरपालिका- ३ बन्दीपुरमा नगरपालिकाले स्वागत तथा सम्मान गरेको हो । सुरक्षाकर्मीको स्कर्टिङमा विजय च्याली आयोजना गरिएको थियो ।

जिल्ला प्रहरी कार्यालयअगाडिको पार्कमा नगर प्रमुखसहित समर्थकहरूले च्याम्पियन खेलाडीलाई अभिनन्दन गरेका छन् । गत ६ पुसमा त्रिवि क्रिकेट मैदानमा सुदूरपश्चिम रोयल्सलाई पाँच विकेटले हराउँदै जनकपुर च्याम्पियन बनेको थियो । मधेश प्रदेशको राजधानी जनकपुरसहित विभिन्न जिल्लामा सर्वसाधारणहरूले टोलीलाई स्वागत गरिरहेको छ ।

दीपेन्द्र बने ओमोडा एन्ड जेइकोको ब्रान्ड एम्बेस्डर

नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरी शारदा ग्रुपको ओमोडा एन्ड जेइकोको ब्रान्ड एम्बेस्डर बनेका छन् । शारदा ग्रुपका अध्यक्ष शिवरतन शारदा र दीपेन्द्रले सोमबार सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । दुई पक्षबिचको सम्झौता तीन वर्षका लागि रहेको अध्यक्ष शारदाले बताए । दीपेन्द्र सिंहसँगको सम्झौता रकम खुलाइएको छैन ।



गत साता त्रिवि क्रिकेट मैदानमा भएको नेपाल प्रिमियर लिगमा दीपेन्द्रसिंह घरेलु खेलाडीमध्ये उत्कृष्ट हुँदै ६२ लाख मूल्यबराबरको कार प्राप्त गरेका थिए । उनी मार्की र कप्तान रहेको सुदूरपश्चिम रोयल्स फाइनलमा जनकपुर बोल्ट्ससँग पाँच विकेटले पराजित भएको थियो ।

दीपेन्द्र सिंहले शारदा ग्रुपसँग जोडिन पाउँदा खुसी लागेको बताएका छन् । सम्झौता कार्यक्रममै शारदा ग्रुपले उनलाई कार प्रदान गरेको थियो ।

यस किसिमको हौसलाबाट अन्य खेलाडी पनि प्रेरित हुने उनको भनाइ छ । 'सुरुमा क्यान र शारदा ग्रुपलाई धन्यवाद छ, यस्तो हौसलाले अन्य खेलाडीलाई पनि क्रिकेट खेल्न प्रेरित गर्ने विश्वास छ,' उनले भने । उनी कार पाउने पहिलो क्रिकेटर हुन् । दीपेन्द्रसिंह यसअघि अर्ना, ग्रेस, इसेवा र एक्स-एजसँग पनि ब्रान्ड एम्बेस्डरका रूपमा आबद्ध छन् ।

चौथो टेस्ट खेल हेर्ने दर्शकको कीर्तिमान

एजेन्सी

अस्ट्रेलिया र भारतबिचको चौथो टेस्टमा दर्शकको उपस्थितिमा नयाँ रेकर्ड बनेको छ । मेलबर्न क्रिकेट मैदानमा घरेलु टोली अस्ट्रेलियाले भारतलाई १८४ रनले हराउँदा पाँचौं दिनसम्म तीन लाख ७३ हजार ६ सय ९१ जनाले मैदान प्रवेश गरेपछि नयाँ कीर्तिमान बनेको हो । यो अस्ट्रेलियामा टेस्ट हेर्ने दर्शकको नयाँ रेकर्ड हो । अस्ट्रेलियामा सन् १९३७ मा भएको टेस्टमा तीन लाख ५० हजार पाँच सय ३४ जनाले टेस्ट हेरेका थिए ।

क्रिकेट अस्ट्रेलियाले भारतविरुद्धको चौथो टेस्टको पाँचौं दिन पहिलो सत्रमा ५१ हजार तीन सय ७१ जना दर्शक रंगशालामा पुगेका थिए । अस्ट्रेलियाले टेस्ट जित्ने पक्का भएपछि लन्चसम्म ७४ हजार तीन सय ६२ संख्या पुगेको थियो । सन् १९३७ मा इंल्यान्डविरुद्धको टेस्टमा तीन लाख ५० हजार दर्शक उपस्थित भएका थिए । यो टेस्ट ६ दिनसम्म चलेको थियो ।

चौथो टेस्टको पहिलो दिन ८७,२४२ दोस्रो दिन ८५,१४७ तेस्रो दिन ८३,०७३ र चौथो दिन ४३,८६७ दर्शक भारत र अस्ट्रेलियाबिचको टेस्ट हेर्न पुगेका थिए । मेलबर्न क्रिकेट मैदानको व्यवस्थापन हेर्ने मेलबर्न क्रिकेट क्लबले पाँचौं दिनको दर्शक संख्या एक्कासी बढ्दा आश्चर्य गराएको



छ । सन् २०२२ को आइसिसी टी-२० विश्वकपमा भारत र पाकिस्तानबिचको खेलमा ९० हजार २९३ दर्शक उपस्थित भएका थिए । भारतले जिम्बाबेसँग खेल्दा पनि ८२ हजार ५०७ दर्शकले खेल हेरेका थिए ।

१३ वर्षपछि अस्ट्रेलियासँग भारतको हार

बोर्डर-गावस्कर ट्रफीअन्तर्गत टेस्ट सिरिजमा भारत १३ वर्षपछि अस्ट्रेलियासँग पराजित भएको छ । मेलबर्न क्रिकेट मैदानमा चौथो टेस्टको पाँचौं दिन भारत १५५ रनमै समेटिएपछि अस्ट्रेलियाले १८४ रनको बाजी मारेको हो । भारतले अन्तिम सेसनमा २०.३ ओभरमा सात विकेट गुमाएको थियो । अस्ट्रेलियाले बोर्डर-गावस्कर सिरिजमा भारतलाई अन्तिमपटक सन् २०११ मा हराएको थियो । सन् २०१८ र ०२० मा भारतले सिरिज जितेको थियो । सन् २०१४ मा दुई राष्ट्रबिचको खेल ड्र भयो ।

अस्ट्रेलियाले पहिलो इनिङ्समा चार सय ७४ रन र दोस्रो इनिङ्समा २३४ रन बनाएको थियो । भारतले पहिलो इनिङ्समा ३ सय ६९ रन जोड्यो ।

खेल जित्न भारतले ३ सय ४० रनको लक्ष्य पाएको थियो । चौथो टेस्टमा प्याट कुमिन्स म्यान अफ दी म्याच भए । उनले समग्रमा दुवै इनिङ्समा गरी ८० रन र ६ विकेट लिएका थिए । अस्ट्रेलियाको पहिलो इनिङ्समा स्टिभ स्मिथले १९७ बलमा १४० रनको योगदान दिएका थिए । भारतका लागि नितिश कुमारले पहिलो टेस्ट शतकका रूपमा ११४ रन जोडेका थिए । वासिङटनले ५० रनको योगदान दिए । भारतका बुमराहले दुवै इनिङमा गरी नौ विकेट लिए ।

दोस्रो ड्र्यागन बोट रेसमा चीनको क्लिन स्विप

कास्कीमा रोहितराज पराजुली

चिनियाँ टोलीले दोस्रो ड्र्यागन बोट रेस प्रतियोगितामा सबै उपाधि जितेको छ । प्रतिस्पर्धामा नेपालको एक टोलीले सेमिफाइनलमा स्थान बनाएको थियो । अन्य सात नेपाली सेमिफाइनलमै पुग्न सकेन । दुई सय र पाँच सय मिटर गरी दुई विधामा भएको प्रतिस्पर्धामा चिनियाँ टोलीले पहिलोदेखि तेस्रो स्थानसम्म रहँदै उपाधिमाथि क्लिन स्विप गरेको हो ।

दुवै विधामा डोङ्गवान लाओ क्लब शीर्ष स्थानमा रह्यो । डोङ्गवानले दुई सय मिटर दूरी ४७ सेकेन्डमा पूरा गऱ्यो । पाँच सय मिटरमा दुई मिनेट चार सेकेन्डका साथ डोङ्गवानले पहिलो भयो । दुई सय मिटरमा ४८ सेकेन्ड २२० मिलिसेकेन्डका साथ युन्नान मिन्जु युनिभर्सिटी दोस्रो र चीनको लाइओ छङ युनिभर्सिटीले तेस्रो स्थान हात पारे ।

पाँच सय मिटरमा दुई मिनेट सात सेकेन्डका साथ लाइओ छङ युनिभर्सिटी दोस्रो र युहान स्पोर्टर्स् युनिभर्सिटी तेस्रो स्थानमा रहे । प्रतियोगिताको दुवै विधाका विजेताले पाँच हजार अमेरिकी डलर पाएका छन् । उपविजेताले दुई हजार अमेरिकी डलर र तेस्रो भएको टोलीले १२ सय अमेरिकी डलर जितेका छन् ।

प्रतियोगितामा सहभागी अन्य टोलीले पाँच सय अमेरिकी डलर पाएको ड्र्यागन बोट एसोसिएसन गण्डकी प्रदेशका सचिव विवेक भुजेलले जानकारी दिएका छन् । प्रतियोगितामा नेपालका ११, चीनका आठ र सिंगापुरको एक गरी २० टोलीले प्रतिस्पर्धा गरेका थिए ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com